

# शैक्षिक उन्नयनको दिशातर्फ सानीभेरी गाउँपालिका

भूपाल सिं विष्ट, शाखा अधिकृत(सातौं तह)
शिक्षा, युवा तथा खेलकुद शाखा,सानीभेरी गाउँपालिका
रुकुम(पश्चिम)

कर्णाली प्रदेश अन्तर्गत रुकुम(पश्चिम) जिल्लाको सानीभेरी गाउँपालिका १३३.८० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। यस गाउँपालिकाको केन्द्र सानीभेरी नदीको किनार सिम्लीमा अवस्थित रहेको छ।यस गाउँपालिकामा *साबिकका* सिम्ली,गरायला,अर्मा,दुली(वडा नं.१-३ र ७-९) र पुर्तिमकाँडा(वडा न.१-३ र ६-८) गाविसहरु रहेका छन।वि.स. २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २२,१९४ रहेको छ। सानीभेरी गाउँपालिकामा जम्मा ११ वटा वडाहरु रहेका छन।यस गाउँपालिकाको सिमाना पूर्वमा मुसीकोट नगरपालिका र बाँफिकोट गाउँपालिका, पश्चिममा जाजरकोट जिल्ला, उत्तरमा आठबिसकोट नगरपालिका र दक्षिणमा चौरजहारी नगरपालिका रहेको छ।नेपाल सरकारको २०७३ फागुन २७ गतेको निर्णयानुसार सानीभेरी गाउँपालिका विधिवत रुपमा २०७३ चैत्र ९ गते स्थापना भएको हो।

मध्यपहाडी लोक मार्ग सँगै जोडिएको यस गाउँपालिकाको शैक्षिक विकास तिब्र गतिमा अगाडी बढिरहेको छ।शिक्षा देश विकासको मेरुदण्ड हो र शिक्षाको विकास विना मानव समाजको विकास पनि सम्भव छैन।शिक्षाको अपरिहार्य महत्वलाई बुझेर नै सानीभेरी गाउँपालिकाले पहिलो प्राथमिकता शिक्षा क्षेत्रलाई दिएको छ।गाउँपालिकाको कूल बजेटको सबैभन्दा बढी बजेट शिक्षा क्षेत्रमा नै विनियोजन गरिएको छ।यसरी समग्र गाउँपालिका शिक्षाको द्रुततर विकासमा अगाडी बढेको छ।

२०७३ चैत्र ९ गते स्थानीय सरकार गठन भए पश्चात सरकारले पहिलो प्राथमिकता शिक्षा क्षेत्रलाई नै दिई आफ्नो कार्य अगाडी बढाएको छ।२०७४ असोज २९ गते जारी भएको स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को परिच्छेद ३, दफा ११, उपदफा २ को खण्ड ज ले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी २३ वटा अधिकार स्थानीय सरकारलाई दिएपछि गाउँपालिकामा जिम्मेवारी झन थपियो।त्यसै अनुरुप सानीभेरी गाउँपालिकाले शैक्षिक उन्नयनका लागि आफ्नो गतिविधिलाई अगाडि बढाएको छ।

शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि विद्यालयमा भौतिक पक्षका साथसाथै शिक्षक व्यवस्थापन पनि हुनु नितान्त जरुरी छ।४५ वटा विद्यालय र ४९ वटा प्रारम्भिक बाल विकास केन्द्रहरु रहेको यस गाउँपालिकामा जम्मा शिक्षक दरबन्दी प्रारम्भिक बाल विकास केन्द्रमा-३२, आधारभूत तह (१-५) मा -७५ आधारभूत तह (६-८) मा-२८,माध्यमिक तह (९-१०) मा-१० र माध्यमिक तह (११-१२)मा -६ वटा संघीय सरकारको दरबन्दी रहेको छ।जम्मा १०,२३७ जना विद्यार्थी रहेको यस गाउँपालिकामा उक्त शिक्षक संख्याले पठनपाठन गर्न निकै कठिनाइ परेको अवस्थालाई मध्यनजर गरी गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रमा-१७, आधारभूत तह (१-५) मा-२५, आधारभूत तह (६-८) मा-४४, माध्यमिक तह(९-१०) मा-१६, माध्यमिक तह  (११-१२) मा १ र ११ वटा विद्यालय सहायकको लागि अनुदान रकमको व्यवस्था गरेर शिक्षक अभावलाई पूर्ति गरेको छ।यसका साथै विद्यालयको भौतिक लगायतका अन्य आवश्यकतालाई पनि सम्बोधन गर्ने प्रयास गरिएको छ।शैक्षिक सत्र २०७६ मा सानीभेरी गाउँपालिकामा प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा १२ सम्म जम्मा १०,२३७ विद्यार्थी ; दरवन्दी,

राहत तथा गाउँपालिका अनुदान समेत गरी ३०१ जना शिक्षक, २३ जना विद्यालय सहायक र ४५ जना विद्यालय सहयोगी कार्यरत छन।

आर्थिक वर्ष २०७५/०७६ देखि सानीभेरी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा "शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र गुणस्तर सुधार कार्यक्रम" को शुरुवात गरिएको छ। यस अन्तर्गत सबै विद्यालयहरुमा ICT को लागि आवश्यक पूर्वाधार तथा सामग्रीहरुको सुरुवात गरिएको छ साथै सबै आधारभूत तह(६-८) र माध्यमिक विद्यालयहरुमा प्रोजेक्टरको पनि व्यवस्था गरिएको छ। विद्युतको पहुँच नभएका सबै विद्यालयहरुमा पनि वैकल्पिक उर्जाको जडानको लागि शुरुवात गरिसकिएको छ। सबै विद्यालयका शिक्षकरुलाई तालिम, प्रशिक्षणका साथै अभिभावक शिक्षालाई पनि विशेष जोडका साथ अगाडी बढाइएको छ।

घर बलियो बनाउन जग बलियो बनाउनुपर्छ भन्ने मान्यतालाई हृदयङ्गम गरी गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि प्रारम्भिक बाल विकास केन्द्र बाट नै गुणस्तर सुधारको थालनी गरिएको छ। त्यसैले एक विद्यालय- एक प्रारम्भिक बाल विकास केन्द्र का साथै आवश्यकताका आधारमा समुदायमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइएको छ। प्रारम्भिक बाल विकास केन्द्रको कक्षाकोठा व्वस्थापन, तालिम लगायत आवश्यक शैक्षिक सामग्रीको पनि व्यवस्था गरिएको छ। सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा Montessori-based शैक्षिक सामग्रीहरुको व्यवस्था गरिएको छ भने आगामी दिनहरुमा पनि त्यसलाई निरन्तरता दिने योजना रहेको छ।

सानीभेरी गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरुको शैक्षिक कार्यक्रमहरुमा एकरुपता ल्याउनुका साथै शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। आधारभूत शिक्षा उत्तिर्ण परीक्षा गाउँपालिका स्तरमा सञ्चालन गर्ने कार्यको थालनी गरिएको छ। प्रत्येक वडामा नमूना विद्यालयहरुको घोषणा गरि कार्यक्रम सञ्चलान गरिएको छ। नमूना घोषणा गरिएका विद्यालयहरुमा शैक्षिक सफ्टवेयरको माध्यमबाट विद्यालयका गतिविधिहरुलाई व्यवस्थित गर्ने कार्यको परीक्षण गरी त्यसलाई क्रमशः गाउँपालिका भरिका विद्यालयहरुमा कार्यान्यन गर्ने योजना बनेको छ। विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानको कार्यलाई पनि सम्पन्न गरिसकिएको छ। एक विद्यालय-एक पुस्तकालयको अवधारणाको शुरुवात गरिएको छ।

सानीभेरी गाउँपालिकाको शैक्षिक सुधारको लागि स्थानीय सरकार दत्तचित्त भएर अगाडी बढेको छ। शैक्षिक समस्याहरुको निदान, सरोकारवालाहरु सँग छलफल साथै नियमित प्रधानाध्यापक बैठकमा शैक्षिक सुधारको कार्यलाई तदारुपताका साथ अगाडी बढाइने गरेको छ। शिक्षक, विद्यार्थी, समुदाय, वडा शिक्षा समिति, गाउँ शिक्षा समिति, स्थानीय सरकार सबैको सहभागितामा शिक्षा सम्बन्धी कार्यहरुलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइएको छ। नियमित अनुगमन, निरीक्षण तथा मूल्याकङ्कनको कार्यलाई समेत शैक्षणिक सहयोगमुखी हुने गरि सञ्चालन गरिएको छ। विद्यालय नक्साङ्कन गरी वास्तविक आवश्यकता र औचित्यका आधारमा विद्यालय स्थापना तथा सञ्चालन गर्ने प्रक्रियाको थालनी गरिएको छ। यसरी सानीभेरी गाउँपालिका शैक्षिक विकासको प्रक्रियामा अगाडी बढेको छ।

# संघीय पुर्नसंरचनामा दिगो विकास, सुशासन प्रवर्द्धनका लागि युवाहरुको सशक्त र अर्थपुर्ण सहभागीता

☞ **कर्णबहादुर नेपाली**



**१. पृष्ठभुमी :**

**"विकास" लाई प्रष्ट्याउनु पर्दा मानिसको आफ्नै प्रयासबाट व्यक्ति वा समाजमा प्राकृतिक, आर्थिक, भौतिक, सामाजिक र मानवीय शक्तिमा हुने सकारात्मक परिवर्तनलाई नै "सन्तुलित विकास" भन्न सकिन्छ । विकास भनेको निरन्तर चलिरहने समष्टिगत, सकारात्मक र सन्तुलित परिवर्तनको प्रक्रिया हो ।** यसले व्यक्तिवा समुदायलाई क्रमशः स्वावलम्बन तर्फ उन्मुख गराउँदै लैजानु पर्छ । यो निरन्तर चलिरहने सामूहिक प्रक्रिया पनि हो । त्यसकारण विकास भनेको रुपान्तरण हो र व्यक्तिको जीवन वा जीवनयापन पद्धतिमा आउने फरकपन हो । हिजो ढुंगे युगबाट आजको २१ औं शताब्दी सम्म आईपुग्दा मानिसले गरेका नयाँ, अनौठा तथा चमत्कारिक गतिविधिहरुलाई विकास भन्न सकिन्छ । २१ औं शताब्दीको विकास भनेको सूचना तथा प्रविधि अधिकम प्रयोग हो जसले विश्व एक घरको **(global village or global shopping mall)** रुपमा रुपान्तरित गरिदिएको छ । त्यसकारण विकासका लागि ३ कुराहरुको आवश्यक पर्ने देखिन्छ: वर्तमान अवस्थाबाट असन्तुष्टि **(Dissatisfaction)**, योजना प्रति लगाव **(Dedication)** तथा गन्तव्य **(Destination)** वा संक्षिप्त रुपमा **3D** जस्ता पक्षहरुको सही र उपयुक्त संयोजनबाट आज अमेरिका, चीन, जापान लगायतका देशहरु विकासको उच्चतम विन्दुमा पुगेका छन् ।

विकास प्रक्रियालाई दीगो बनाउनका लागि समाजका सबै समुदायको अर्थपुर्ण सहभागीता आवश्यकता छ, त्यसकारण हरेक विकासका प्रयासहरु दीगो विकासको सिद्धान्तमा आधारित हुनुपर्छ भन्ने मान्यतालाई विश्वस्तरमै सबैले स्वीकारेको अवस्था छ **"Development that meets the needs of the present without compromising the ability of future generations to meet their own needs."Our Common Future (Oxford: Oxford University Press, 1987).** पृथ्वीलाई मानवका लागि बस्न र बाँच्न योग्य बनाई राख्न पनि दीगो विकासको मर्म र सिद्धान्त बमोजिम कार्य गर्न जरुरी छ । विद्यमान अवस्थामा भईरहेका विभिन्न प्राकृतिक प्रकोपले के देखाईरहेको छ भने यदि हामीले बेलैमा सोच नपुरयाउँदा, हामीले हाम्रा लागि गरेको विकास नै अभिसाप सिद्ध हुन सक्छ । हामी जो सबै विकास भनेर रात दिन लागि रहेका छौ, केही गरौं भनेर सोचिरहेका छौं, तर हाामीले यस पृथ्वीलाई सदा सदा सुरक्षित मानवको घर बनाउने चेष्टा गर्नु आवश्यक छ । हाम्रा जस्ता अविकसित देशहरुले त झन् बढी जिम्मेवार र गम्भीर भएर छलफल तथा बहस गर्न आवश्यक छ र प्रत्येक व्यक्तिले दीगो विकास के हो ? र कसरी गर्ने ? के कुरा दीगो विकास सँग जोडिएका छन् भन्ने कुराहरुलाई मिहिन तरिकाले बुझेनौ भने त्यसको प्रत्यक्ष मार पनि हामीले खेप्ने कुरामा दुईमत हुन सक्दैन ।

संयुक्त राष्ट्रसंघको आयोजनामा विश्वका सदस्य राष्ट्रहरुको सहभागीतामा दिगो विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सन् २०१५ को सेप्टेम्बर २५ देखि २७ सम्म भई सन् २०३० सम्म विश्वको रुपान्तरण गर्ने **(Transforming our world: the 2030 Agenda for Sustainable Development)** भन्ने लक्ष्य तय गरिएको छ र यसका १७ वटा दिगो विकासका लक्ष्यहरु रहेका छन् ।

**२. सुशासन एक परिचय**

नेपालको प्रशासनिक संयन्त्रमा केही समय अघि मात्र प्रयोगमा ल्याईएको सुशासन शब्दको ईतिहास त्यति लामो छैन । सुशासन **(Good governance)** ,असल सरकार **(Good Government)** को परिमार्जित रुपमा देखा परेको नवीनतम् अवधारणा हो । सुशासनको धारणाको तीव्र गतिमा विकास हुनुका पछाडि यसको केही पृष्ठभुमि रहेको छ । सन् ७० को दशकमा संयुक्त राष्ट्रसंघको महासभाले विकासको मुख्य केन्द्र विन्दुका रुपमा मानवलाई मानी सहभागीतामुलक शासन पद्धतिमा जोड दिन थाले पछि सुशासनको जग बस्न पुगेको थियो । त्यसपछि सन् १९८० को दशकमा विश्व बैंकको लगानीमा अफ्रिकी

देशहरुमा संचालित आयोजनाहरुले आशातित प्रगति हासिल गर्न नसकेको तर्फ मुल्यांकन गर्दै सरकारी संयन्त्रको असफलतालाई औल्याइएको थियो । यही दशकमा विकास गर्न पाउने अधिकारलाई मानव अधिकार का रुपमा स्वीकार गरियो । सन् १९९०को सुरुवात सँगै सुशासनलाई वैदेशिक सहायताको पूर्वसर्तका रुपमा राख्न थालियो । त्यसैले **poor governance** बाट उत्पन्न नकारात्मक असरलाई न्यूनिकरण गर्नका लागि नै **Good governance** शब्दलाई प्रचलनमा ल्याइएको हो । वास्तवमा कुशासन विरुद्ध शासकीय सुधार गर्ने मुल लक्ष्य लिएर देखा परेको आफैमा राम्रो शब्द सुशासनले विश्वव्यापी मान्यता प्राप्त गरिरहेको छ ।

### २. सुशासन के हो त ?

नेपाली वृहत शब्दकोषले सुशासनशब्दलाई उत्तम किसिमको शासन र असल राज्यव्यवस्था भनी अर्थ लगाएको छ । प्रशासनविद्हरुका दृष्टिमा प्रशासनिकअधिकारको समुचितप्रयोग भनी परिभाषित गरिएको पाईन्छ । त्यसो त न्यायविद्हरुले न्यायिक अधिकारको समुचित प्रयोग गरी मानवअधिकारको सुरक्षालाई सुशासनको अर्थमालिने गरेका छन् भने अर्थविद्हरुले भने पारदर्शी ठेक्का पट्टा एवं लेखा श्रेष्तालाई सुशासनको अन्तरवस्तुको रुपमा हेर्ने गरेका छन् । त्यसैगरी राजनितिक क्षेत्रमा जनउत्तरदायि शासन व्यवस्था एवं स्वच्छ र जनमुखी सरकार स्थापना गर्नु सुशासन हुनसक्छ भने व्यवस्थापन विद्हरुले छिटो, छरितो, चुस्त, दुरुस्त र पारदर्शी प्रशासनिक संयन्त्रको व्यवस्थापनगर्नुलाई सुशासनको संज्ञा दिएका छन् । त्यस्तै समाजशास्त्रीहरुले नैतिक मुल्य मान्यतालाई प्रवर्द्धन गरी भ्रष्टाचारविहिन पारदर्शी र स्वच्छ प्रशासनलाई सुशासन भन्ने गरिन्छ ।

त्यसैले राज्यका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका अन्तर्गत स्थापित विभिन्न संघसंस्थाहरुद्धारा पारदर्शी ढंगबाट अधिकारको समुचित प्रयोग गरी जनहित, जनकल्याण, सामाजिकन्याय र मानवअधिकारको प्रवर्द्धन हुनेगरी स्वच्छ, उत्तरदायी, जनमुखी र जवाफदेही राज्य व्यवस्थाको स्थापना गर्न चालिने समग्र क्रियाकलापहरुको समष्टिगत रुप नै व्यापक अर्थमा सुशासन भन्न सकिन्छ । वास्तवमा जनमुखी, जनमैत्री तथा पारदर्शी शासन व्यवस्थाले मात्र दीगो विकासलाई सम्वोधन गर्न सक्छ भन्ने कुरालाई ह्दयगंम गर्दै यस खाले नयाँ विधिलाई सधै सजीव बनाई राख्न वा जनतालाई अनुभुति गराउन सार्वजनिक निकायको भुमिकालाई सबैभन्दा बढी ध्यान दिन जरुरी छ ।

### ३. पुर्नसंरचित अवस्था, दिगो विकास र सुशासन प्रवर्द्धनका लागि युवाको भुमिका

नेपाल राज्य यतिवेला संघीय पुर्नसंरचनाको अभ्यासमा रहेको छ । संरचनागत हिसावले ७६१ वटा सरकारले नागरिकहरुको सेवारत शासन गरिरहेका छन् । नेपालको संविधान २०७२ अनुसार आर्थिक समृद्धि, विकास र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी, सहभागिमूलक न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढिकरण गर्न, स्थानीय श्रोत साधनको समुचित परिचालन मार्फत सहकारिता, सह अस्तित्व, पारस्परिक जवाफदेहिता र समन्वयलाई प्रवर्द्धन गर्दै भ्रष्ट्राचार विरुद्ध शुन्य सहनशीलता कायम गर्नुका साथै जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाहका र परिणाममुखी कार्य गर्ने स्पष्ट व्यवस्था रहेको छ ।

नेपालको संविधान देखि संघीय तथा स्थानीय सरकारका ऐन तथा कानुनहरु र दीगो विकासका अवधारणाले समेत युवाहरुको अर्थपुर्ण सहभागीलाई विशेष रुपमा लिएको छ । युवा भनेको त्यस्तो शक्ति हो जो सँग बदल्ने वा रुपान्तरण गर्न सक्ने क्षमता, जोश र जाँगर हुन्छ । जनगणना वि.सं. २०६८ को तथ्यांक अनुसार पनि नेपालमा हाल सक्रिय तथा उत्पादनमुलक जनसंख्या ५७ प्रतिशत भएको र यस्तो खालको अवस्था एक युगमा एक चोटि आउने जनसंख्या बनावटलाई सदुपयोग नगर्ने हो भने त हाम्रो विकास फेरि सम्भव छैन र यस्तो सक्रिय जनसंख्या भनेको युवाशक्ति नै हो । गाउँगाउँमा सिंहदरवार भन्ने नारा वा भनाई रहेको समयमा नेपालले प्राप्त गर्न खोजेको दिगो विकास र सुशासन प्रवर्द्धनमा युवाहरुको प्रत्यक्ष भुमिका जरुरी छ ।

सुखी नेपाली र समृद्ध नेपालको त्यतिवेला मात्र परिकल्पना गर्न सकिन्छ जतिवेला युवाहरुको सशक्त सहभागीता, गरिब, विपन्न, समाजको पछाडि पारिएको वर्ग, समुदाय र क्षेत्रको समतामुलक र अर्थपुर्ण सहभागीता, पहुँच र नियन्त्रण संरचनागत रुपमा ग्यारेन्टी हुन्छ । दिगो विकास, सुशासन प्रवर्द्धनका लागि समाजमा पछाडी पारिएका वर्ग, क्षेत्र, लिंग, जातजाति, अल्पसंख्यक सबै व्यक्तिहरुको साझा बुझाई, समानुपातिक तथा समावेशी र अर्थपुर्ण सहभागीताको जरुरी छ, त्यसमा पनि युवा भनेको यस्तो शक्तिहो जसले चाहेमा विकासलाई छिटो, प्रभावकारी तथा उचित किसिमले लिन सक्छन्

यस सन्दर्भमा दीगो विकासको प्रक्रियामा हाम्रो देश नेपाल र यसको स्थानीय स्तरमा यूवाहरुको अर्थपुर्ण सहभागीतालाई नजरअन्दाज गरेको देखिन्छ । यूवाहरुलाई निश्चितकामका लागि उपयोग गर्ने अनि भविष्यको लागि मार्गदर्शन नगर्ने अहिलेको अवस्था देखिएको छ । राज्यले यूवाहरुलाई परिचालनका लागि यूवा तथा खेलकुद मन्त्रालय पनि बनाएको छ तर त्यसमा पनि कुन क्षेत्रका र कसका यूवाहरुले अवसर पाएका छन् भन्ने सायद कसैबाट छिपेको छैन । तर पनि राष्ट्रिय यूवानीति २०६६ समेत बनाई यूवाहरुलाई सम्बोधन गर्न आवश्यकता महसुश गरेको देखिन्छ । **"राष्ट्रिय युवा नीति २०६६ अनुसार युवाहरूमा राष्ट्र, राष्ट्रियता र जनताप्रतिको बफादारी; युवाहरूका आधारभूत आवश्यकताहरूको परिपूर्ति; समानता एवं समतामूलक वितरणको सिद्धान्त; संवैधानिक सर्वोच्चता, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्यमान्यता; जाति, भाषा र वातावरणीय सम्पदाको संरक्षण र सम्वर्द्धन तथा सह-अस्तित्व जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रवर्द्धन हेतु "** भनी उल्लेख गर्ने तर हाम्रो देशका स्वस्थ, बलिया, सीपालु, योग्य एवं दक्ष युवायुवतीहरु प्रतिदिन १२०० देखि १५०० अरुको देशमा रोजगारीका लागि गईरहेका छन् । यसो हेर्दा त देखिन्छ कि नेपालमा धेरै वृद्धवद्धा, बालबालिकाहरु रहने र अरु परनिर्भरता यति धेरै वद्धि हुने अत्यन्त गम्भीर खतरा छ । त्यसकारण कहिँकतै हाम्रो देशलाई **youth-less and toothless** मात्र भएको भन्ने भनाइले पनि सार्थक नहोला भन्न सकिन्न ।

स्थानीय सरकार देखि संघीय राज्य संचालनको प्रक्रियामा विशेष गरी विकासको सवाल पहिचान, योजना तर्जुमा, कार्यान्वयन , अनुगमन र मुल्यांकनका हरेक पक्षमा युवाहरुको सहभागीतालाई सुनिश्चित गरिनु टड्कारो आवश्यकता छ । देशले विभिन्न आवधिक योजना बनाई गन्तब्यहरु तोकेको छ, ती लक्ष्यलाई परिणामुखी तवरले प्राप्त गर्न सबै क्षेत्रमा युवाहरुको उत्तिकै भुमिका देखिन्छ । हाम्रो संस्कारमा युवाहरुलाई हेर्ने दृष्टिकोण अलि परम्परागत छ वा उनीहरुलाई प्रयोग मात्र गर्ने राजनितिक संस्कार पनि देखिन्छ तर त्यसो नभई राज्य निर्माणमा बलिदान गर्ने पनि युवाहरु नै हुन र यसको पालन पोषण तथा प्रवर्द्धनमा समेत उनीहरुको अर्थपुर्ण सहभागीताको ग्यारेन्टी हुनुपर्छ र विकासलाई तार्किक परिणमा पुरयाउन पनि युवाहरु कै खाँचो छ । युवाहरुको सही र उपयुक्त परिचालनबाट मात्र राज्यलाई दिगो विकास लगायतका लक्ष्य वा तोकिएका परिकल्पना पुरा गर्न सकिन्छ ।

अर्कोतिर राज्य आफै अवको बाटो भनेको सुशासन र आर्थिक समृद्धिका लागि भनिरहेको सन्दर्भमा र सुशासन प्रवर्द्धनका लागि विभिन्न नीति, ऐनहरु ल्याई कार्यान्वयन भईरहेको अवस्थामा समेत युवाले नै यसको पहल लिनु अति आवश्यक देखिएको छ । एकातिर हाम्रा सार्वजनिक निकाय, यसको संस्कार, सार्वजनिक निकायमा रहेको कर्मचारीतन्त्रका साथै लामो समय पश्चात जननिर्वाचित प्रतिनिधिहरु सबैको कुराहरुलाई मध्यनजर गरी राज्य संचालनमा युवाहरुले सेतुको **(Bridge)** भुमिका गर्न सक्ने सम्भावना देखिएको छ । हाम्रो नातावादी, कृपावादी, तै चुप मै चुप जस्ता नराम्रा अभ्यासहरुको जरै देखि उखेल्न युवाहरुको ठुलो भुमिका रहन्छ किनभने नागरिकहरु यतिवेला धेरै आशावादी पनि छन् र थोरै अब कसरी राज्य व्यवस्था चल्छ भनी पर्ख र हेर को अवस्था पनि छन् । सार्वजनिक निकायलाई बढी भन्दा बढी जिम्मेवार, जवाफदेहि, उत्तरदायि बन्नका लागि सामाजिक जवाफदेहिताका विभिन्न औजारहरुको व्यवहारिक प्रयोग गर्न घच्घच्याउने कार्य लगायत राम्रो का मगर्ने लाई वाह र नराम्रो काम गर्ने लाई निरुत्साहित पनि गर्न सक्ने क्षमता युवाहरुसँग हुन्छ । वास्तवमा अवसरको श्रृजना नै सुशासन हो भने जस्तै सुशासनलाई वास्तविक रुपमा प्रवर्द्धन गर्ने र नागरिकको घरदैलो सम्म सुशासनको प्रत्याभुत गराउने जिम्मेवारी हामी सबैको हो । कसैले नकारात्मक रुपमा नभई सकारात्मक र श्रृजनात्मक ढंगबाट तपाईले पनि सुशासनलाई प्रवर्द्धन गर्ने व्यक्ति, संस्था, कार्यालय, संगठन, वर्गको पहिचान बनाउन जरुरी छ र सुशासन प्रवर्द्धनको उद्देश्यप्रति प्रतिवद्ध, योजना तर्जुमा र कार्यान्वयन, क्षमता अभिवृद्धि, सम्बन्ध, सम्पर्क र विकास, अवसरको खोजी, प्राप्त अवसरको समान वितरण, संरक्षण र सम्वर्द्धन,

जोखिम बहन क्षमता जस्ता विषयहरुलाई मनन गरी सार्वजनिक निकायले पनि प्रभावकारी सेवाप्रदान गर्ने र नागरिकले पनि रचनात्मक सहयोग पनि गर्ने र सार्वजनिक निकायलाई बारम्बार खबरदारी गरिरहने कार्य हामी सबैको हो अनि मात्र सबल तथा समृद्ध नयाँ नेपालको निर्माण हुन्छ । यतिवेला युवाहरुलाई उत्साह, अभिप्रेरणा र उज्ज्वल भविष्यको व्यवहारिक बाटो सहितको संचार राज्यबाट हुन जरुरी छ । युवाहरुले अध्ययन गर्छन् के काम छ र , कुनै सीप सिक्छन् के काम छ र ? वा मेरो को छ र ? आफ्ना भएकाहरुको मात्र चल्छ यहाँ भन्ने संस्कारलाई समुल नष्ट गर्नका लागि संस्थागत र संरचनागत प्रयास हुनुपर्छ । राज्यले युवाहरुलाई परिचालन गर्ने विभिन्न कार्यक्रमहरु तत्काल संचालन गरिनुपर्छ । हामीले गरेको कार्य राज्य र देशको पहिचान तथा मुल्य मान्यतासँग तथा ईज्जतसँग जोडिने एक उच्च राष्ट्रभक्तिपन तथा राष्ट्रियतालाई युवाहरुको माझमा जगाउनु अति आवश्यक छ । युवाहरुले राज्य निर्माणमा हामीले योगदान गरिरहेका छौ भन्ने आभास सहितका कार्यक्रमहरु वा सम्वोधन गर्ने गतिविधिहरु राज्यले संचालन गर्नै पर्छ । परनिर्भरमुखी होईन कि अन्तरनिर्भर, मितव्ययि, लगनशिल, ईमान्दार, धेरै कमाउने होइन कि कमाएको बाट धेरै बचाउने जस्ता नैतिक कुराहरुको सचेतना गराई देशभित्र काम गर्ने वातावरण राज्यले तु गर्नुपर्छ । पछिल्लो समयमा हामीले नेपालीहरुमा भएको देशभक्तिको भावनालाई राम्रो सँग नियालेको अवस्थामा राज्यले यस्तो खालको राष्ट्रप्रति जिम्मेवारीता लिने सँस्कृतिलाई बढावा दिनु पर्छ । युवाहरुलाई चाहे जति र चाहेको क्षेत्रमा अध्ययनका साथै उत्पादनमुलक, रोजगारमुलक कार्यहरुको ग्यारेन्टी गरी देश निर्माण प्रक्रियामा सँग हातमा हात र साथमा साथ लिने तरिकाले लाग्नुपर्छ ।

त्यसकारण विद्यामान पुर्नसंरचित अवस्थामा संरचनागत तवरले गर्न सकिने थुप्रै सम्भावनाहरु रहेका छन् । युवाहरुलाई जीवनोपयोगी सीपका साथै विभिन्न आयमुलक तथा रोजगारमुलक कार्यमा सरिक बनाउने अवसरहरु समेत रहेका छन् र दलित, जनजाति, महिला, समाजमा पछाडि पारिएका वर्गा, समुदाय र विपन्नका साथै युवाहरुको परिचालनमा विशेष तवरले लाग्न जरुरी छ । सुशासन,यूवाशक्ति र दीगो विकासलाई तालमेल मिलाउन सकिएनभने भविष्यमा पछुताउनु वाहेक अरु केहीहुने छैन किनभने त्यतिबेला धेरै ढिला भईसकेको हुनेछ । विकास प्रक्रियमादीगो विकास अनिवार्य शर्त हो किनभने अवआफ्ना लागिविकास मात्र गरेर हुँदैन कि भावी पुस्ताका लागि हुने आवश्यकतालाई ध्यान पुरयाएर विकासगर्नु जरुरी छ र हाल हाम्रो विकास पद्धति त्यति दिगो विकास मैत्री पनि बन्न सकिरहेको छैन र जहाँ युवाको समुचित परिचालन हुन्छ, त्यहाँ सुशासन हुन्छ अनि दिगो विकास हुन्छ नत्र त विकास अवैज्ञानिक, सबै आफै एक्लैले गर्न चाहने र त्यही फेरि हाम्रै लागिविनाश हुने कुरा पनिअहिले नै सोचौं र यदि विकास प्रक्रियालाई दीगो बनाउने हो भने समावेशी, समानुपातिक र समविकासको सिद्धान्त अनुरूप यूवाहरुको सशक्त, प्रभावकारी र अर्थपुर्ण सहभागीताको जरुरी छ, अहिल्यै सोचौं, हामीले नै गरौं, यही गरौं र भविष्यमा नपछुताऔं त्यतिबेला धेरै ढिला भईसकेको हुनेछ ।

**(लेखकः सुशासन, सामाजिक समावेशीकरण, क्षमता विकास, पैरवी एवं योजना विज्ञ परामर्शदाताको रुपमा सक्रिय हुनुहुन्छ । )**

*(लेखमा अभिव्यक्त कुराहरु लेखकका निजी विचारहरु हुन, यिनले संस्थागत प्रतिनिधित्व गर्दैनन।- प्रकाशक)*



# विद्यार्थीको सर्वाङ्गीण विकासमा एस क्यू सी

☞ प्रेम बहादुर विष्ट

प्राविधिक सहायक,शिक्षा, युवा तथा खेलकुद शाखा

**पृष्ठभूमीः**

समयको परिवर्तन  सूचना, सञ्चार र प्रविधिको द्रुततर विकासले विश्व दिन प्रति दिन साँघुरिनाले हरेक दिन नयाँ अवसरहरसँगै ठुला-ठूला चुनौतिहरु समेत खडा गरिदिएको छ ।यस्तो परिस्थितिमा सामान्य नागरिकको हैसियतले जीउन समेत अनेकन कला र सिपहरुले सु- सज्जीत हुनुपर्ने वाध्यता हरेकलाई छ । विश्व प्रतिस्पर्धामा आँफु अव्वल वन्ने धुनमा आजका मानिसहरु विभिन्न नैतिक — अनैतिक वाटाहरु अङ्गालेर  यो दुनियालाई नै ध्वस्त वनाइरहेका छन । हाम्रै देशभित्र मौलाएको शक्ति संघर्ष,प्रशासनिक कर्मचारीको हावी , राजनैतिक खिचातानीको साथसाथै  समाजमा देखिने झगडा, लुटपाट आदि जस्ता अपराधिक घटनाहरु वढ्नु पनी मानवलाई दिइएको गलत शिक्षाको  निचोड हो भन्दा फरक नपर्ला ।

पृथ्वीको उत्पति मानव विकासक्रम, राजनैतिक, सामाजिकर शैक्षिक परिवर्तनलाई केलाउदै जाने हो भने हामी यो निचोडमा पुग्न सक्छौ कि आजको भूगोललाई दुई भागमा  विभाजित गरेर हेर्दा पुर्विय देशमा जन्मेका हाम्रा पुर्खाहरुले असल र नैतिकवान शिक्षालाई मात्र जोड दिए । फलस्वरुप श्रोत साधन  र सभ्यताले सम्पन्न भईकन पनि निकै पछि मात्र सह-अस्तित्वमा पश्चिमा राष्ट्रहरुको गतिमाविकसित हुन सकेन । अर्कोतर्फ पश्चिमा राष्ट्रहरुले गरेको शिघ्र उन्नति देखेर तिनिहरुले लिइएको नीति र वाटोहरुको हु-वहु नक्कल गर्न खोजेका पुर्विय देशहरुमा धेरैहदसम्म मानविय मूल्य र मान्यताको खडेरी पर्न थालेको यथार्थ कसैले नकार्न सक्दैन ,भन्न खोजेको कुरा के हो की असल मात्र वन्न  प्रेरित गर्ने शिक्षाले वैज्ञानिक खोज अनुसन्धान रविकासको गतिलाई शुस्त वनाउँछ  भने सफलमात्र वन्न प्रेरित गर्ने शिक्षाले मानिसलाई व्यक्तिवादीर वर्तमान सवैथोक हो भन्ने वनाउछ । यदि हामिले नैतिक मुल्य मान्यता सहितको अत्याधुनिक प्रविधियुक्त  विकसित परिकल्पना गरेका छौ भने  यो भूगोलमा वसोवास गर्ने मानिसहरुको सोच  शैलि रचरित्रमा परिवर्तन गरि उनीहरुको व्यक्तिगत ज्ञान सिप क्षमतामा अभिवृद्धी गर्ने शिक्षण शैलि अपनाउनुको विकल्प छैन । पुरानै वाटो हिडेर नयाँ गन्तव्य पुग्न खोज्नु महामुर्ख हो त्यसैले पुरानो शिक्षा प्रर्णाली र शिक्षण विधिले मानिसमा नयाँ सोचको विकास गराउन असम्भव छ ।

आधुनिक शैक्षिक जगतमा नविनतम शैक्षिक प्रणालीहरुको वारेमा खोज अनुसन्धान गर्दै जाने क्रममा सन् १९९९ देखी  विश्व शैक्षिक क्षेत्रमा प्रवेश गरेको {**विद्यार्थीहरुको गुणिय चक्र  एस क्यू सी }** अङ्ग्रेजिमा {स्टुडेन्ट क्वालिटी  सर्कल} ले शिक्षामा विद्यमान खाडललाई पुर्न सफल भएको छ ।एस क्यू सी ले विद्यार्थीको सर्वाङ्गीण विकासका रुपमा अत्येन्त प्रभावकारी प्रणालीको रुपमा नेपालमा दिन प्रतिदिन फैलिरहेको छ ।

**सर्वाङगीण  विकास भनेको केहो ?**

सर्वाङ्गीण विकास भनेको यस्तो अवस्था हो जसले विद्यार्थीको सर्वपक्षिय जस्तैः मानसिक, सामाजिक ,भावनात्मक, शारिरीक आध्यात्मिक पक्षलाई समान रुपले विकास गर्दछ । यस प्रकारको मानिसमा सपल असफल दुवै भन्न क्षमता हुन्छ ।यस प्रकारको व्यक्ति सर्वगुण सम्पन्न वन्न सक्छ भने त्यसै व्यक्तिले नै आजको विश्वलाई असल नेतृत्व दिन सक्छ ।

**विद्यार्थीको गुणिय चक्र Students Quality Circle भनेको केहो ?**

एस क्यू सी भन्नाले जस्तै उमेर, सोच र शैलिका विद्यार्थीहरुको त्यस्तो समुह हो जसले विद्यार्थीहरुको सहभागितामुलक एवम् रचनात्मक योग्य व्यक्ति निर्माण गर्न वैज्ञानिक प्रक्रिया र विश्लेषनात्मक गुणस्तर विधि

औजार र तरिकाहरु अपनाई आफूमा निहित समस्याहरु पत्ता लगाउने त्यसको जडसम्म पुगि विश्लेक्षण गर्ने र निरन्तर प्रगति उन्मुख भई  समस्याको समाधानार्थ सामुहिक उदेश्य लिई काम गर्दछ ।
यसले विद्यार्थिको सर्वाङ्गीण  विकासमा महत्वपुर्ण भूमिका खेल्छ । एस क्यू सी भनेको त्यस्तै उमेर सोच शैलीका विद्यार्थीहरुको सानो समुह हो जो स्वतस्फुर्त रुपमा आफ्नो समुह र आफू वरिपरी विद्यमान समस्याहरु रतिनले पार्ने प्रभावका वारेमा आफैले मिलेर समस्याको समाधान  गर्ने दोस्रो कुरा  समस्याको कारण तथा जड पत्ता लगाई उपचार गर्ने रतेस्रो कुरा विद्यार्थीहरुले समस्या समाधान गर्न विविध उपायहरुको खोजी गर्ने विभिन्न रणनितिहरु वनाई लागु गरि समस्या स्थायी रुपमा समाधान गर्ने यसवाट विद्यार्थीहरुको व्यक्तित्व विकास आत्मविश्वासमा वृद्धि हुनुका साथैउनीहरुको मानसिक सामाजिक शारिरीक सम्वेगात्मक तथा आध्यात्मिक पक्षमा विकास हुन्छ । त्यस्तै विद्यार्थी भविश्यमा सर्वगुण सम्पन्न व्यक्तिको रुपमा समाज राष्ट्र रसम्पुर्ण विश्वको उन्नति प्रमुख हिस्सा वन्न सक्छ ।

**नेपालमा एस क्यू सी को अवस्थाः**

नेपालमा एस क्यू सी को शुरुवात सर्वप्रथम प्रोफेसर  दिनेश चापागाईले सन् १९९९ मा भित्र्याएका हुन ।शुरुमा अतिरिक्त क्रियाकलापको रुपमा काठमाण्डौको हिमालय विद्यामन्दिरमा लागु गरिएको यो पद्धति सन् २००३मा पुग्दा काठमाण्डौ विश्व विद्यालयले  सहायक क्रियाकलापको लागु गर्यो । विद्यार्थीको सर्वोपरी विकासका लागि यो प्रणालिलाई देशको सवै भागमा पुर्याउने उदेश्यले सन् २००५मा एस क्यू सी को प्रथम राष्ट्रिय सम्मेलन काठमाण्डौको मोनोसिटी हाइस्कुलमा सम्पन्न भयो ।हाल सम्म नेपालमा तेह्रौ सम्मेलन सम्पन्न भई सकेको छ । यस सम्मेलनमा विभिन्न विद्यार्थीहरु, प्र.अ, शिक्षक ,व्यावसायीहरु , कर्मचारी तथा सरकारी निकायले ठुलो जमातमा आफूले समाधान गरेका  मनोसामाजिक समस्याहरु तथा अन्य समस्याहरुका वारेमा आफुले गरेका घटना अध्ययनका अनुभवहरु प्रस्तुत गर्ने, विद्यार्थीहरुको खुला वहस, कोलाज, हाजिरीजवाफ  ,सामाजिक उत्तरदायित्व वहन गर्न आ-आफ्नो क्षेत्रमा सरसफाई कार्यक्रम, स्वास्थ्य र शिक्षा सम्वन्धि जनचेतना जगाउने कार्यक्रम लगायत विद्यार्थीको आफ्नो प्रतिभा देखाउने क्रियाकलाप गर्दछन ।हाल सम्म नेपालमा १५ जिल्लाका २५० भन्दा वढी विद्यालयमा यसको अभ्यास भएको छ । सन् २०१३ देखि पाठ्यक्रम वनाई विश्वमै पहिलो पटक भक्तपुर वालकोटको माउन्ट भ्यू स्कुलवाट शुरु भएको एस क्यू सी आजसम्म भक्तपुर, काठमाण्डौ, रुपन्देही रपाल्पाका १२ वटा विद्यालयमा औपचारिक पढाई भईरहेको छ ।
अन्त्यमा भन्नुपर्दा एस क्यू सी  एक यस्तो व्यवस्थित प्रणाली हो जसले विद्यार्थीहरुलाई आफू र आफ्ना परिवेशमा रहेका समस्याहरु पत्ता लगाउने तिनको कारण र जड समेत पत्ता लगाई तिन समस्याको समाधानार्थ गर्न सक्ने वनाउँछ । यस क्रममा विद्यार्थीहरको आत्मविश्वासमा वृद्धि, आत्मअनुशासन, अन्तर सम्वन्धको विकास, समवेदनाको भावना जागृत हुने ,सामाजिक उत्तरदायित्वको भावना जागृत हुने समय व्यवस्थापनको सक्षमता वृद्धि, वैज्ञानिक र विश्लेषणात्मक क्षमता वृद्धि, सञ्चार तथा प्रस्तुतिकरण क्षमतामा वृद्धि, रचनात्मक तथा समालोचनात्मक क्षमता वढ्ने ,समूहमा मिलेर काम गर्न सक्ने र फराकिलो सोचयुक्त व्यक्ति निर्माण गर्दछ ।यसले विद्यार्थीहरुमा प्रतिस्पर्धा, क्षमता विकास कार्यमा प्रोत्साहन गर्नुका साथै अर्न्तनिहित प्रतिभा विकास गरि सर्वगुण सम्पन्न व्यक्तित्व निर्माण महत्वपुर्ण भूमिका खेल्दछ ।

*(लेखमा अभिव्यक्त कुराहरु लेखकका निजी विचारहरु हुन, यिनले संस्थागत प्रतिनिधित्व गर्दैनन्। - प्रकाशक)*

# नेपाली भाषा शिक्षणमा भाषिक सीप र यसको चुनौति



**कर्णसिंह डाँगी**
**शिक्षक, श्री जनप्रिय मा. वि. हाँसिबाङ्ग**

भाषा शिक्षण भाषिक सीपको विकासका आधारमा हुन्छ । भाषाका चार सीपहरु हुन्छन । सुनाई, वोलाइ पढाइ, लेखाइ जस्ता आधारभूत सीपहरुमा विद्यार्थीको पूर्ण उपलव्धि हासिल नहुन्जेल भाषा शिक्षण पुर्ण हुँदैन ।भाषा विषयमा भाषिक सिप परिक्षण गर्ने उदेश्यले गरिने मुल्याङ्कनलाई भाषिक मुल्याङ्कन भनिन्छ ।भाषिक सिप भनेको सुनाइ, वोलाइ ,पढाइ ,लेखाइ जस्ता आधारभूत पक्षसँग सम्वद्ध ज्ञान, सीप र अभिवृत्तिमूलक पक्षहरु हुन ।यि पक्षहरुको मूल्याङ्कन त्यति सजिलो छैन। सिकाइहरुमा विभिन्न प्रकारका वौद्धिक क्षमता हुन्छन । तिनै वौद्धिक क्षमता अनुकुल उनीहरुले विभिन्न रुपमा भाषिक क्षमता विकास गरेका हुन्छन ।हरेक विषयको मूल्याङ्कन गर्ने तरिका भिन्न भिन्नै हुन्छन । भाषा शिक्षणमा भाषिक मूल्याङकन गर्दा भाषाको प्रयोग, अभ्यास र भाषाको सिपलाई आधार वनाइन्छ ।भाषा शिक्षणको लक्ष्य भनेको भाषा सिकाउनु हो ।भाषिक मूल्याङकनको उदेश्य विद्यार्थी परिक्षा उत्तिर्ण गराउनु मात्र नभएर उनीहरुले के सिके, के जाने र भाषाको प्रयोगको सन्दर्भमा के-के गर्न सक्ने सिप विकास भएको भन्ने कुरा पत्ता लगाउनु पनि हो ।भाषामा लेखाइ सुदृढिकरण पक्ष महत्वपूर्ण हुन्छ ।भाषिक सिप निर्धारण गर्न सुधारात्मक निर्मानात्मक र निर्णयात्मक रुपमा गरिन्छ ।शिक्षकले भाषिक सिप सुधारका लागि नियमित निर्माणात्मक मुल्याङकन गरिनुपर्छ भन्ने शिक्षण सिकाईलाई प्रभावकारी वनाउन विशिष्टिकरण तालिका अनुकुल प्रश्न निर्माण गर्ने उत्तरकुञ्जिका निर्माण गरि उत्तरपुस्तिका परिक्षण गर्ने र विद्यार्थीहरुलाई निरन्तर रुपमा पृष्ठपोषण गर्ने काम गर्नुपर्छ ।

हाल आएर नेपाल सरकारवाट संशोधित पाठ्यक्रम अनुसार आधारभूत तह कक्षा ६-८ तह तथा माध्यमिक तह सम्मको विद्यार्थी मुल्याङकन प्रक्रिया अक्षराङ्कन पद्धति अनुसार हुने भएको छ ।निर्णयात्मक मुल्याङ्कन का आधारमा २५ प्रतिशत प्रयोगात्मक र ७५प्रतिशत सैद्धान्तिक पक्षमा जोड दिएको छ ।निर्माणात्मक मुल्याङ्कन पक्षमा वर्ष भरीमा गरिने प्रयोगात्मक कार्य, परियोजना कार्य सम्पर्क कक्षामा सहभागिता सिकाई सम्वद्ध सिर्जनात्मक कार्य, कक्षा कार्य ,गृहकार्य ,निरिक्षण, व्यक्तिगत छलफल ,सामुहिक छलफल आदि लिन सकिन्छ । नेपाली भाषा वहुभाषिक नेपाली समाजको सम्पर्क भाषा हो । यहाँ नेपाली, मैथेली, भोजपुरी ,थारु दनुवार, नेवारी ,तामाङ, मगराति, भोटेसेलो, राई ,लिम्वु,, आर्यखस नेवारी अदि भाषा भाषीका वोलिन्छ ।आधारभूत तह कक्षा १-५ मा आफ्नै स्थानिय मातृभाषामा अध्यापन गर्न पाइने प्रावधान छ । पहिलो भाषाको रुपमा नेपाली सिक्ने रदोस्रो भाषाको रुपमा नेपाली सिकाउने हरुलाई एउटै कार्यकक्षमा शिक्षण सिकाइ गराउन निकै कठिन छ । त्यसअलवा नेपाली भाषा वोलचालको भाषा सरल भाषा जसले पनि पढ्न रवोल्न सक्ने भनि यस नेपाली भाषा शिक्षणमा सवैले ध्यान नदिनु भाषा प्रति ठुलो चुनौति उत्पन्न भएको छ । सिमित श्रोत रसाधनका कारण नेपाल जस्तो अविकसित राष्ट्रहरुमा भाषा शिक्षण क्षेत्रमा प्रभावकारी शिक्षण सिकाई गर्न सकिरहेको देखिदैन ।अहिले आएर एउटै कक्षाकोठामा वहुभाषिक शिक्षण गर्न वाध्यात्मक स्थिति रहेको छ । नेपाली भाषाका पाठ्यक्रम नेपाली भाषाका माध्यमवाट नेपाली समाजको आर्थिक, सामाजिक र साँस्कृतिक वहुलताको सम्मान गर्दै सामाजिक

व्यवहारको विकास गर्ने लक्ष्यका साथ उपयुक्त भाषा तत्व भाषामा शिक्षणमा आवश्यक पर्ने सहजिकरण प्रक्रिया सिकाई शैली तथा मुल्याङकन पद्धति निर्धारण गरिएको छ ।

वास्तवमा शिक्षण सिकाईको उपलव्धि मापन गर्न मूल्याङकन गर्नुपर्ने हुन्छ । प्रश्न निर्माण गर्दा वैध र विश्वसनिय हुनुपर्छ ।कस्ता प्रश्नलाई विश्वसनिय र वैद्य भन्ने प्रश्न उठ्न सक्छ । वैद्य भनेको परिक्षणको भाषामा देखिने उपयुक्तता, सान्दर्भिकता र मान्यता हो । प्रश्नहरु विद्यार्थीले निर्धारित उदेश्यको सिमा भित्र रहेर उत्तर दिन सक्ने हुनु नै प्रश्न निर्माणको वैधता हो ।प्रश्न निर्माणमा देखिएका चुनौति तल दिइएका छन ।

१. सम्पर्ण पाठ्यक्रमको प्रतिनिधित्व हुने गरि प्रश्न नवनाउनु ।

२. पाठ्यक्रमले तोकेका उदेश्य अनुरुप प्रश्न नवनाउनु ।

३. विद्यार्थीले वुझ्नेगरी सरल, स्पष्ट, स्तरीय र मापनयोग्य प्रश्नहरु निर्माण नगर्नु ।

**नेपाली भाषा शिक्षण सिकाईमा देखिएका चुनौतिहरुः**

१. नेपाली भाषा मातृभाषा पहिलो भाषा वोलचालको भाषा भनि सम्वद्ध सरोकारवालाले रुचि, उत्साह नलिनु ।
२. अरु विषयगत समयझै नेपाली भाषा पठनपाठनमा वेवास्ता गर्नु।
३. रोजगारमुलक पेशागत आधार, वैदेशिक म्ूल्य मान्यता जस्ता आकर्षक आर्थिक उत्पादनमा नेपाली भाषा अध्ययन आर्कषित नहुनु।
४. नेपाली भाषा अध्ययन गरेर शैक्षिक जीवनमा आउने समस्या समाधान गर्नुपर्ने जस्ता कठीनाई नदेखिनु पढाइ रसिप धारणा ज्ञानको उपयोग भएको प्रत्यक्ष नदेखिनु ।
५. अभिभावक, समुदाय र स्वयम् विद्यार्थीवाट नेपाली भाषाप्रति हेयको दृष्टी लगाउनु ।
६. शैक्षिक सामाग्री निर्माण तथा प्रयोग गर्ने गराउने नगराउनु ।
७. नेपाली भाषा अरु भाषाको तुलनामा शिक्षण सिकाईको चार खम्वे पिलर, शिक्षाको आधारशिला, अन्य भाषाको मार्गदर्शक, वोलचाल र भाषाको विनियम सरकारी कामकाजको जग हो भनि सवै सरकारवालाको ध्यान नजानु जस्ता सोचाईले नेपाली भाषा शिक्षणमा प्रत्यक्ष प्रभाव गर्नुका साथै भाषा शिक्षण सिकाईमा चुनौतिको रुपमा रहेको पाइन्छ।

यसको आवश्यकता, महत्व, सान्दर्भिकता, रुचि, भाषाप्रति आर्कषक वढाउदै जाने हो भने विशेषतः राज्यवाट स्थानिय तह ,जनप्रतिनिधि, समुदाय, अभिभावक, शिक्षक, विद्यार्थीहरु, शिक्षा क्षेत्रमा सरोकार राख्ने सम्वद्ध निकाय, प्रवुद्ध व्यक्ति आदिले नेपाली भाषाको जग भाषाको महत्व, भाषाको विकास, भाषाको जगेर्ना र भाषाको संरक्षण सम्वर्द्धन गर्नु सवैको सरोकार हो भन्ने धारणा जनस्तरसम्म पुर्याउनु अत्यन्तै महत्वपुर्ण कार्य देखिन्छ ।

*(लेखमा अभिव्यक्त कुराहरु लेखकका निजी विचारहरु हुन, यिनले संस्थागत प्रतिनिधित्व गर्दैनन।- प्रकाशक)*

# गुणस्तरीय शिक्षामा हाम्रो दृष्टिकोण र यसको अवस्था



**चक्र वहादुर भण्डारी**
**शिक्षक, श्री रासी ज्ञानोदय मा .वि. सिम्ली**

**समग्र शव्दमा** गुणस्तरीय शिक्षा सर्वोच्चवता हो । सामाजिक रुपमा आदर्श हो; आर्थिक रुपमा उत्पादन दिने शिक्षा हो।सिकाईको शव्दमा सिकारुलाई स्वःअध्ययन वनाउने शिक्षा हो। पहुँचको शव्दमा अधिकारवादफ शिक्षा हो। वजारीकरणको शव्दमा विकाउ मुल्य शिक्षा हो। सामाजिक दृष्टिकोणमा समाजको स्थिति लगानीलाई उच्चतम विन्दुमा मिलाउने शिक्षा हो। त्यसैले गुणस्तरिय शिक्षा आजको आवश्यकता हो ।अव प्रश्न उठ्न सक्दछ गुणस्तरिय शिक्षाको आवश्यकता कसलाई? सरकारलाई? विद्यार्थीलाई? राजनितिज्ञलाई? अभिभावकलाई? राष्ट्रलाई? अन्तराष्ट्रीय समुदायलाई?? यसको एउटै उत्तर हो। सवैलाई तर यसको वढी आवश्यकता पढ्नेलाई पढाउनेलाई र लगानी गर्नेलाई ।

नेपाली शिक्षा विकासको इतिहासलाई हेर्दा शिक्षाको आधुनिक युग २००७ सालको प्रजातन्त्र प्राप्ति पछि भनिन्छ । प्रजातन्त्र प्राप्ति पछि आएका सवै शिक्षा आयोगहरुः २०११, २०१८, २०२२, २०२८, २०३९, २०४९, २०५५, २०६०, २०६३ हुदै अहिलेसम्म पनि गुणस्तरियताको चुरो मेटाउन सकेका छैनन् । हाम्रो देशमा वनेका सवै शिक्षा नितिले त्यसको कार्यान्वयनलाई आत्मसाथ गरेको पाईएन ।सवै राजनेतिक सोच भएका चिन्तक र दलहरु शिक्षा राष्ट्रीय नीति यही हो भन्न सकिरहेका छैनन् । एक थरीले लोक गीत गाउँदा अर्कोले आधूनिक गीत गाउने अवस्था २०११ सालदेखी हालसम्म देखिन्छ । हामी शिक्षामा जुन नीति वनाउँदछौ, त्यसलाई निस्वार्थका साथ व्यवहारमा रुपान्तरण गर्न सकिरहेका छैनौ ।त्यसको पछाडी धेरै कारणहरु छन । पहिलो कुरा, हाम्रो परम्पराले पाखुरा वजारेर गरि खाने व्यक्तिलाई कहिले मान्यता दिएन। जहिले पनि सुकिलो लुगा लगाउने र मिठो खाने हाम्रो परम्परा वन्यो। दोस्रो कारण, शिक्षा हाम्रो चाहाना र रहरमा आएन वाध्यतामा आयो। तेस्रो कारण, शिक्षाविद, दार्शनिक र वुद्धिजीविहरुका विचारलाई राष्ट्रिय विचार वनाउन सकिएन । चौथो कारण, हरेक शिक्षामा राजनीतिकरण हावी भयो खुट्टा तानेर समान वनाउने निति लागु भयो नकि आफूप्रगति गरेर राम्रो गरेर समान वन्न खोजिएन । पाचौ कारण, हामी शिक्षक जव कक्षामा पुगिन्छ, त्यहाँ पुरानै शिक्षणको मानसिकता वाट गुज्रिन्छौ। हाम्रो रहर र अध्यापनका विच तालमेल रहेन । छैटौ कारण, सरकारी संयन्त्रमा सधैं शिक्षा नीति कार्यान्वयनमा तगारो वन्यो । सरकारी संयन्त्रले पुरानो अनुदारवादी र यथास्थितिवादी चरित्र त्याग्न कहिलै सकेन। त्यसैले गुणस्तरीय शिक्षा हिजो देखि अहिलेसम्म कुपोषण वाट मुक्ति पाउन सकेको छैन ।

**अर्को कोणवाट हेर्दा गुणस्तरीय शिक्षा किन आपत ?**

गुणस्तरीय शिक्षाले समालोचनात्मक क्षमता खोज्यो। हामिले कण्ठ गर्ने शिक्षा दियौं।गुणस्तरीय शिक्षाले श्रेष्ठ व्यक्ति खोज्यो । हामिले घोक्ने घोक्त व्यक्ति दियौ । गुणस्तरीय शिक्षाले खोजको व्यक्ति खोज्यो। हामिले उत्तर दिने उत्तारक व्यक्ति दियौ ।गुणस्तरीय शिक्षाले वैकल्पिक चिन्तन खोज्यो।। हामिले यथास्थितिको चिन्तन दियौ। त्यसैले गुणस्तरीयताको रटान हाम्रो मुर्खता वन्यो। त्यसैले अव यदि शिक्षाको गुणस्तरतालाई माथि उठाउने हो भने हामि हातमा हात र काँधमा काँध जोडो दिल, मन, वचन र निस्वार्थ तनमनका साथ संस्कृति र संस्कारमा रहेको दोष शिक्षक र शिक्षण कलामा रहेको दोष, चिन्तनमा देखिएको दोष, पढाउने र गराउनेमा देखिएको दोष, शिक्षकका संघ संगठनमा देखिएको दोष, राजनैतिक दलमा देखिएको दोष, नपढ्ने विद्यार्थी र नपढाउने शिक्षकमा देखिएको दोष, व्यवस्था गर्ने व्यवस्थापक र अभिभावकमा देखिएको दोष, किन पढ्ने भन्ने दृष्टिको र किन पढाउने भन्ने प्रश्नमा देखिएको दोष, विदेशी शिक्षा नीति लाई समकक्षतामा तथार पार्ने प्रवृतिमा देखिएको दोष, राजनैतिक आग्रह राखेर शिक्षा नीति वनाउने प्रक्रियामा परिक्षणात्मक प्रणालीमा देखिएको दोष ,पाठ्यक्रम पाठ्यपुस्तक देखिएको दोष, ग्रामिण क्षेत्र र शहरी क्षेत्रमा उपलव्ध साधन स्रोतको फरकपनामा देखिएको दोष, परिक्षा र मुल्याङ्कनमा देखिएको दोष, अभिभावकको कार्य उदानसिनतामा देखिएको दोष, यी सवै दोषहरु र हामी सवै दोषीहरु मिली निराकरण गरेमात्र सामान्य खुटकिला चढ्न अवश्य सकिन्छ ।

निष्कर्षमा हामी सवैले गुणस्तरीय शिक्षा खोजेका छौ ।गुणस्तरीय शिक्षाको दौड अहिले हामी सवैको अगाडी तेस्रिएको छ । कतै गोष्ठीको रुपमा आएको छ । हामी त्यहाँ दौडिएका छौ । कतै छलफलमा दौडिएका छौ, कतै गुणस्तरीय शिक्षाको निर्देशनमा दौडिएका छौ। सवै आ-आफ्नै तरिकाले जता दौडिए पनि सवैको चिन्ता सकारात्मकमा छ, र त्यो हो कसरी शिक्षामा गुणस्तरीयता खोज्ने तर फेरी एउटा कुरामा आशंका छ। वोलेका कुरामा सवै इमान्दारी वन्ने कि नवन्ने? हामी शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाविद, सरकारी संयन्त्र, विषयविद, सरोकारवाला जनप्रतिनीधिहरु सवैको सामुहिक प्रतिवद्धतालाई गुणस्तरीय शिक्षाले खोजेको छ । वलजोड लगाउनेहरुको ठुलो जमातलाई यसले एकै ठाँउमा उभ्याउन खोजेको छ ।एकसाथ दृढ संकल्प वोकेर यसमा जुट्ने राजनैतिक नेतृत्व खोजेको छ । आफ्ना राजनैतिक दृष्टिकोणलाई तिलान्जली दिएर साझा विन्दुमा सम्झौता गर्ने राजनीतिक व्यक्तित्व खोजेको छ । दोष आफू लिने राजनितिज्ञ र दोष सुधार्ने कुसल व्यवस्थापक खोजेको छ, अनिमात्र गुणस्तरीय शिक्षाको शिखरमा पुग्ने हाम्रो सपना पुरा हुनेछ ।

*(लेखमा अभिव्यक्त कुराहरु लेखकका निजी विचारहरु हुन, यिनले संस्थागत प्रतिनिधित्व गर्दैनन्।- प्रकाशक)*

**The Challenges and Prospects of Teaching English in Community Schools**



Chandra Bahadur Pariyar, Shree Rapti Gyanodaya Ma. Vi. Simlee

**1. Introduction of the English language**

English is an international language. It is also called a global language.It is the native/ official language of UNO ,UK, Canada ,Australia, New Zealand,Ireland,South Africa, etc.It is taught and learnt and has become the lingua franca among all the communities in the world. So, English language is kept as a compulsory subject from grade one to bacheolar level in Nepal. It is the cry of the era for communication because of Its rich and influence purpose.

**2. A brief history of English and present situation in Nepal**

Formal Education in Nepal began in 1854 AD 1910.BS after then the Rana prime minister Jung Bahadur Rana made his visit to England in 1850 AD he arranged two English teachers. Mr Ross as the supervisor and Mr . Canning as the principal from Britain, he began this school to impart English education to his brothers and nephews at Thapathali Durbar. Curriculum and syllabus of English language were not designed until 1971 because the country did not establish any official body to conduct and monitor school curriculum. Two English papers were taken in the SLC Examination in 1934 by the stundents. later on, National Education committee (NEC) arranged one English paper in lower secondary and two papers in SLC as compulsory subjects. English was made a compulsory subject from grade one in 2060BS. otherwise,students had to learn it from grade four.Nowadays it has been taught from grade One to Bachelor level as a compulsory subject . We can observe that private schools are teaching this language from play group. This situation obliges the community school to teach in English medium .

**3. What are the reasons of learning English ?**

English language has been functioning as a lingua franca for communication among the people who do not have the same language to communicate . It has taken a large ground to join the people of different parts of the world . It weaves the different ethnic groups in the thread so that people can share there ideas, views , opinions , through experience and so on and so forth . Some of the reasons for learning English language in the contexts of Nepal are :-

I. Student have to learn it because it is kept in the curriculum of grade one to bachoelar level.

II. Students have to learn to share their ideas ,views, opinions etc. With the people of any nationality who can communicate in this language .
III. It provides a chance to enhance their professional lives .
IV. Students learn it as a target language to adjust in a target language community .
V. It is learnt for a specific purpose like , law , tourism , nursing etc.
VI. English is taught to appreciate and enjoy the literary items and culture.

**4. What are the issue and challenges to meet the goal?**

English language has become an essential part of our life. Even the teachers of Nepali language are learning English language to update their knowledge . They have to be able to use to internet ,E-mail , etc from which they can solidify their knowledge . So, English language plays a pivotal role in our life and profession. Tranings have been organized to teach this language effectively but we donot meet our goal and achieve our expectation in it . Some issues and challenges of the present context of community schools are listed below:-

i. Lack of trained Teachers in English language .

ii.Teachers are unable to implement the current principles, methods, techninques and changes occurring English language teaching pedagogy .

iii. Lack of English enviroment and it is rarely used in daily communication.

iv. Lack of monitoring.

v. Lack of the clear plan and policy.

vi. Many of the teachers do not have sense of professionalism as they take teaching as time passing activity.

vii. The classes are large containing more than 50 students where the teacher cannot conduct teaching and learning activities.

viii. Our classes are heterogenous since the learners are from various background.

ix. Many schools do not have facilities and equipments such as TV,OHP etc . It is difficulty to teach effectively and purposefully.

x.There is lack of implementation of reward and punishment to

the Teachers.

xi. The evaluation system in Nepal is exam oriented . The students learn just to pass in the exams, and the teachers also teach just to make them pass not to gain knowledge.

**The following can be the possible solutions of the aforemetioned issuses and challenges:-**

i. Regular trainings should be organized /conducted to train the teachers.
ii. Students centred methodes should be applied to bring a change in ELT class.
iii.GT method should be replaced by communicative method to make students proficient in English language .
iv. The teachers need to be motivated to develop Teachers profession .
v. The classes should be managed properly with the balanced number of students. The classes should not be overcrowded.
vi. Only examination should not be followed to evaluate the students so various tools /ways should be followed for evaluating them .
vii.The government should make strict and effective plan and policy to bring quality in school level education.Education should be free from a direct political interference .

**5. <u>Conclusion</u>**

Now, the local government has the rights and duties to implement its policy in community schools. The new constitution of Nepal which was issued on 2072 Aswin 2 has provided the authorities to the local govement. They have rights to conduct the secondary level education and will manage themselvesmas a whole .Nowadays, it is like a mushrooming environment to open private schools, tution/ coaching centers, English Medium Government schools. They are doing business instead of providing the basic level education and knowledge. Therefore, the local government must handle the situaton and make teaching and learning environment effective , meaningful and context -based.

(*The ideas expressed in the article are the personal ideas of the writer. They don't represent official view. - Publisher)*



# विज्ञान शिक्षाः आजको आवश्यकता

***राधारमण झा***

***शिक्षक, श्री रासी ज्ञानोदय मावि सिम्ली***

वास्तवमा यस पृथ्वीमा जे छ र जसरी भईरहेको छ, त्यो वस्तु यस प्रकृयाको वारेमा जनकारी राख्ने शास्त्र नै विज्ञान हो । विज्ञानले यस संसारमा भए गरेका विभिन्न क्रिया र प्रकृयावारेमा अध्ययन गरी तिनको निमार्ण र कारणका वारेमा नयाँ नयाँ तथ्यहरु अगाडी ल्याउछ । त्यसैले भनिन्छ , Science is the branch of knowledge which is obtained by systematic observation and experiment . त्यसैगरी Bently Glass का अनुसार विज्ञान भनेको कहिल्यै नसिद्धिने व्यापार हो । जस अनुसार बुद्धिको विकास हुन गई प्रकृतिमा पाईने वस्तुहरुलाई प्रयोगमा ल्याउने गरिन्छ। जसले गर्दा नयाँ पुस्ताहरुमा बैज्ञानिक सोचको विकास हुन्छ र यसले हाम्रो परम्परागत सोचलाई तँरङंगित बनाई नयाँ कुराहरु लाई विज्ञान संगत सोच्न बाध्य वनाउछ ।

त्यसैलेत भनिन्छ वर्तमान युगलाइ विज्ञान तथा प्रविधिको युग हो ।आज एकातिर परमाणु शक्ति ,रकेट जेट कम्प्युटर,मिसाईल आदिको व्यापक रुपमा प्रयोग गरिरहेको पाइन्छ । अर्कोतिर यस प्रकारका प्रयोगले वातावरणमा प्रतिकुल असर पनि पर्न थालेको कुरा सर्वविदित छ । त्यसैले भनिन्छ “ विज्ञान वरदान वा अभिशाप” वास्तवमा यो कुरालाई बुझ्न प्रयोग गर्दै गरेको नयाँ नयाँ प्रविधिको विकास र उत्पादन गर्दैमा यसको नकारात्मक पक्षलाई विर्सनु हुदैन ।

विज्ञानको सहि सदुपयोग नहुनाले नै वन विनास,बाढी पहिरो ,भू–क्षय प्रदुषण,मौसममा परिवर्तन ओजोन तह विनास जस्ता समस्याहरु आएका हुन ।वातावरण संरक्षण जस्ता आवशयक्ताले विश्वव्यापी रुपमा प्रचार प्रसार भइरहेको छ । जेहोस ढुङगे युगबाट आज मान्छे आजको अवस्थामा आईपुग्नुमा भौतीक विकासको उच्चतम विकास चाहिँ अवश्य भन्न सकिन्छ । तर पनि यसलाई जटिल तथा कठीन विषयको रुपमा पनि हामीलाइ मनन गर्नपर्ने बाध्यता यसले सिर्जना गरेको छ ।

आधुनिक युगमा विज्ञानको भूमिका विकसीत र विकासोन्मूख देश बीच फरक फरक भएको देखिन्छ । विज्ञानलाई विकसित देशहरुमा नयाँ नयाँ प्रविधिको प्रयोग विकास गर्नकोलागि प्रयोग गरिएको छ । विकासोन्मूख देशहरुमा वातावरण संरक्षण ,जनसंख्या बृद्धि ,दैनिक कार्यमा आउने प्रयोग जस्ता कुराहरुमा त्यसलाई प्रयोग गर्न सकिन्छ । त्यसैले समयको परिवर्तन सँगै देश विकासकालागि मानवीय जीवनको समस्याहरु समाधानका लागि त्यसको प्रयोग गर्न सक्नु नै महत्वपूर्ण पक्ष हो ।

विज्ञान शिक्षण गर्दा प्रत्येक बालबालिकाहरु अनुशासनमा बस्ने ,लगनशीलता, खोजपूर्ण प्रकृतिको विकास गराउनुको साथसाथै उनीहरुमा रचनात्मक र सिर्जनात्मक प्रतिभाको विकास गर्नमा पनि मद्दत पुर्याएको छ । उनीहरुमा बैज्ञानिक प्रवृती ,वैज्ञानिक खोज तथा तरीकाहरुको विकास समेत गराउँदछ । यसले देशको परिस्थिती अनुसार आफ्नो जीवनोपयोगी सीप रदक्षताको विकास गराई उनीहरुमा नयाँ नयाँ कुराहरुको अन्वेषण समेत गर्ने प्रवृतीको विकास गराउँछ ।

**विज्ञान शिक्षणको आवश्यकता**

विज्ञान शिक्षणको आवश्यक्ता भन्नु भन्दा पनि यो वैज्ञानिक युगले नै स्वत: विज्ञानलाई अथवा वैज्ञानिक

जीवनलाई हामी डोर्याईरहेको पाउछौ ।हरेक मानवीय जीवनका दैनिक क्रियाकलापनै विज्ञान सँग सम्वन्धीत छन् अनि वैज्ञानिक आवश्यक्ता मात्रै होइन आजको जीवन आधारको मेरुदण्ड नै विज्ञान रहेको छ । यतिसम्म कि यदि मान्छेले समाजमा सहज र सरल तरीकाले सक्षम नागरीकका रुपमा आज जीवनयापन गर्नेहो भने उसमा वैज्ञानिक धारणा रज्ञान हुनु नितान्त जरुरी छ । तसर्थ अहिले परिवर्तनशील समयको माँग र आश्यक्तालाई यतीनै भनेर सिमीत गर्न गाह्रौ छ । तैपनि मुख्य आवश्यक्तालाई यसरी राख्न सकिन्छ ।

- विज्ञान सम्वन्धी रुची र धारणाको विकास गर्न
- दैनिक जीवनमा आउने समस्याहरु के ,किन, कसरी, भने तथ्यहरुको खोजीगरी समस्या समाधानको उपाय निकाल्न
- अनुशासित बन्न रचनात्मक, बृद्धि, सिर्जना गर्न र आई परेका समस्या हल गर्न
- समस्याको समाधान विशिष्ट प्रकृयाद्धारा गरिने हुनाले वैज्ञानिक विधिमा जोड दिनुका साथै परिकल्पना गर्ने र कल्पना गरेको बस्तुलाई निरीक्षण , परिक्षण गर्ने बानीको विकास ।
- विकाशील, परिवर्तनशील संसारमा सफलतापूर्वक जीवनयापन गर्न सक्ने क्षमताको विकास गर्न ।
- प्राकृतिक वस्तुहरु,घटना र वरपरको वातावरणको सम्वन्धवारे ज्ञान दिन्छ ।
- वातावरणमा भईरहने विज्ञान सम्वन्धी घटनाहरुको अवलोकन गर्न र बुझ्न सक्ने सिप प्रदान गर्न ।

**विज्ञान शिक्षाको लागि हुनुपर्ने पाठ्यक्रम**

पाठ्क्रम भनेको शिक्षाले तय गरेको राष्ट्रिय उद्देश्यहरुलाई पुरा गराउनका लागि विद्यार्थीमा हासिल गराउनुपर्ने सिकाई उपलब्धीहरुलाई के , कसरी र कुन तहसम्म हाँसिल गराउने हो त्यसको विस्तृत योजना नै पाठ्यक्रम हो । पाठ्यक्रम व्यक्ति र समाजको आश्यक्तालाई समेट्न सक्ने हुनुपर्दछ भने अर्कोतीर परिवर्तीत समय सन्दर्भ अनुसार पाठ्यक्रममा पनि नयाँ नयाँ कुराहरु समावेश गर्दै जानु पर्दछ । वास्तवमा विज्ञान विषय त अरु भन्दा धेरै फरक प्रकृतिको विषय हो किनभने विज्ञान भनेको नै नायँ नयाँ खोजीको र आविष्कारको विषय हो । आजको युगमा भौतिक उन्नती गर्ने क्रममा विश्वमा नै विज्ञानले उथलपुथल ल्याइदिएको छ , मान्छेको दैनिक जीवन सँगको प्रत्यक्ष सरोकार विज्ञानले राखेको छ । मानिसको दैनिक जीवनको धेरै जसो कार्यक्रम विज्ञानकै सिद्धान्त र प्रयोगले गर्दा सहजता र सुगमता ल्याईदिएको छ । आज विज्ञानकै प्रयोगले गर्दा मान्छे मिनेट भरमै विश्वको एक कुनावाट अर्को कुना सम्म पुग्न सकेको छ । विज्ञानको कारणमानवीय समाजमा धेरै नकारात्मक असरहरु पनि नजन्मिएको होइनन् तर पनि तिनको न्यूनीकरण र निराकरणमा ध्यान पुर्‍याउदै यसका उच्चतम उपलब्धीलाई हामीले अपनाउनै पर्ने हुन्छ , त्यसैले हाम्रा जीवनका सम्पूर्ण पक्षहरुमा विज्ञानले प्रभाव पारेकै हुन्छ । ती पक्षहरु विज्ञान सँग कुनै न कुनै रुपमा आवद्ध छन । त्यसकारण विज्ञान विषय आज जटिल रव्यापक बन्दै गएको छ । विज्ञान नै आज यो विश्वमा ज्ञान र सीपको सम्राज्य फैलाएको छ । यसवाट हामी कोहि पनी अछुतो रह्न सक्दैनौ ।

विज्ञान र प्रविधिकै कारण दिनहुँजसो नयाँ नयाँ ज्ञानको विष्फोटन भईरहेको छ । जसले परिवर्तनशील समयलाई उछिनेको छ । अर्कोशब्दमा भन्दा परिवर्तनको संवाहकको रुपमा उभिएको विज्ञान हो । यसरी समय परिवर्तनसँगै व्यक्ति ,समाज र राष्ट्रमा पनि निश्चितरुपमा आवश्यक्ता र माँगहरु वढदै गएको छ र यस्ताकुराहरुलाई समेटनु पर्ने आवश्यक देखिन्छ । पाठ्यक्रम भनेकै व्यक्तिको दैनिक जीवनसँग सम्वन्धीत हुने भएकोले पाठ्यक्रमलाइ समय सुहाउँदो रुपमा परिवर्तन र गति प्रदान गर्नु पर्दछ । पाठ्यक्रम ब्यक्ति र समाजको भूत र अभूत सँग गाँसिएको हुनु पर्छ ।त्यस कारण वर्तमान २१ औं सताब्दी जसलाई विज्ञानको युग भनेर भन्ने गरिन्छ त्यस युगमा आएर नेपालमा कक्षा १२ (वर्तमान माध्यमिक तह ) को पाठ्यक्रम परिमार्जनगरी विज्ञान अनिवार्य विषय को रुपमा समावेश गर्नु पर्छ । नेपालमा विज्ञान विषयको पढाई वि.सं. १९७७ देखि शुरु भए पनि जुन उचाईमा पुग्नु पर्ने हो पुग्न नसक्नुमा समय सुहाउदो पाठ्यक्रम ,तालिम प्राप्त शिक्षकको अभाव र वैज्ञानिक सोच नभएका सरकारकै कारणले स्थान

प्राप्त गर्न सकेको छैन । तसर्थ विज्ञान विषयको पाठ्यक्रम देशको परिस्थिति अनुसार विद्यार्थीहरुलाई विज्ञान सम्वन्धी आवश्यक ज्ञान सीप र धारणाहरु सिकाउनुको साथै आफ्नै वातावरण सँग परिचित गराउनु रहेको छ । विज्ञानको पाठ्यक्रममा पाठ्यपुस्तकहरुको संयोजन गर्दा तल्लो कक्षा देखि माथिल्लो कक्षा सम्म्मा एक रुपता किसीमको हुनु पर्छ ।

विज्ञान विषयको शिक्षण पाठ्यक्रममा समावेश भएका विषयगत उद्देश्यहरु परिपुर्ति गर्ने सम्वन्धमा विद्यार्थीहरुवाट गरिने सिकाई अर्थपूर्ण हुनुपर्छ । यसकालागि कक्षमा गरिने शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी हुनुपर्छ । हाम्रो देशको सन्दर्भमा विज्ञान विषयको तालिम प्राप्त शिक्षकको कमी छ । हालमा अध्यापन भईरहेका पाठ्यपुस्तकहरुमा अधिकांश क्रियाकलाप र परियोजनाकार्य रहेकोले शिक्षण गर्न कठिनाई महसुस भइरहेको अवस्था देखिन्छ ।

वास्तवमा एक तालिम प्राप्त कुशल शिक्षकले शिक्षण गर्नुभन्दा अगाडी पाठ्यक्रमको अध्ययन गर्नु पर्दछ । जसवाट पाठ्यक्रमले तय गरेको कुन पाठको लागि के, कस्ता ,साधारण उदेश्य र विशिष्ट उदेश्य रहेको छ त्यसको वारेमा जानकारी हुन्छ र ती उद्देश्य पुरागर्न के कस्ता शिक्षण क्रियाकलापहरु निर्धारण गर्ने कस्ता प्रकारका शैक्षिक सामग्रीहरुको प्रयोग गर्ने भन्ने कुराको निर्धारण गर्न र पाठयोजना बनाउन सजीलो हुन्छ । दैनिक पाठयोजना बनाउदा मूलतः पाठको विषयबस्तु स्वरुपहेरी उद्देश्य निर्धाण गर्नु पर्दछ ।त्यस पछि उद्देश्य पुरागर्नका लागि के कस्ता शिक्षण क्रियाकलाप गर्ने , शिक्षकले के गर्ने, विद्यार्थीले के गर्ने विषयवस्तुको आवश्यक्ता अनुसारको प्रयोगात्मक वा छलफल वा अन्य शिक्षण विधि आवश्यक पर्ने हो त्यो कुराको निर्णय लिन सक्ने क्षमतावान हुनु पर्छ । शिक्षण क्रियाकलाप पश्चात उदेश्य प्रप्त भएको /नभएको मूल्याङकन गरेर जानकारी लिनुपर्छ । शिक्षण सिकाई क्रियाकलापलाई सहयोगात्मकरुपमा शिक्षक निर्देशिकाको मदत लिनु आवश्यक हुन्छ । शिक्षक निर्देशिकाले निम्न कुराहरुमा सहयोग गर्छ

- ✓ शिक्षण योजना निर्माण गर्न
- ✓ शैक्षिक सामग्रीको छनौट गर्न
- ✓ शिक्षण विधिको छनौट गर्न
- ✓ क्रियाकलाप चयन गर्न
- ✓ मूल्याङकन गर्न

यसरी शिक्षण कार्यलाई सम्पन्न गर्ने सर्वगुण सम्पन्न व्यक्ति नै शिक्षक भनाउदा रहेछन ।खासगरी विज्ञान विषयको अध्यापन कार्य झन चुनौतीपूर्ण छ किनकी सम्पूर्ण शैक्षिक सामग्री उपलब्ध हुन नसक्नु , उचित प्रयोगशला नहुनु ,तालिम प्राप्त शिक्षक नहुनु ,भएका सामग्री प्रयोग गर्न नसक्नु । तसर्थ विज्ञान शिक्षण त प्रयोगात्मक र अवलोकनमा नै निर्भर हुने भएकोले कठिन परिश्रम गर्नुपर्नेछ ।

*(लेखमा अभिव्यक्त कुराहरु लेखकका निजी विचारहरु हुन, यिनले संस्थागत प्रतिनिधित्व गर्दैनन।- प्रकाशक)*



# शिक्षामा सूचना तथा सञ्चार प्रविधि

नविन चौधरी, सूचना प्रविधि अधिकृत
सानीभेरी गाउँपालिका रुकुम (पश्चिम)

आजको युग सूचना प्रविधिको युगको नामले पनि चिनिन्छ । सूचनाको सङ्कलन, सम्प्रेषण, एवं सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथा संचार प्रविधि भन्ने गरिन्छ । युगानुकूल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेका मुलुकको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहुँच हुने मुलुकहरूको बीचमा ठूलो खाडल रहेको आभाष हुन्छ । यही असमानतालाई मध्यनजर गर्दै सानीभेरी गाउँपालिकाले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सिर्जना गरेको खाडललाई कम गर्दै लैजाने प्रयासको थालनी गरेको छ ।

शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ । शिक्षामा प्रविधिको प्रयोगलाई अर्थपूर्ण रूपमा हेर्न थालिएको छ । कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुआत भएको पाइन्छ । द्रुतगतिमा विकास हुँदै गएको प्रविधिले थुप्रै अवसर तथा चुनौती ल्याएको छ ।

हाम्रो मुलुकमा शिक्षाको स्तर र गुणस्तरको विषयले बारम्बार चर्चा पाउने गरेको छ । देशका सम्पूर्ण शैक्षिक संस्थाहरू परम्परागत शिक्षण शैलीको मानसिकताबाट माथि उठ्न सकेका छैनन् । परम्परागत चालचलनलाई अनुशरण गर्दै विद्यार्थीलाई शिक्षकले भनेका शब्दहरू दोहो¥याएर, कराएर वाचन गर्ने शिक्षण पद्धति चलन चल्तीमा छन् । शिक्षकका भाषण, प्रवचन, व्याख्या, वर्णन जस्ता शैक्षणिक विधिले अब शिक्षामा गुणस्तरीयता खोज्नु कति सान्दर्भिक हुन्छ ? सबैले सोच्नु पर्नेबेला आएको छ । किताबमा लेखिएका विषयवस्तुलाई कण्ठ पारेर परीक्षामा हुबहु जसले नक्कल गर्न सक्यो उसैले उपल्लो ग्रेड (श्रेणी) प्राप्त गर्ने पद्धतिले गुणस्तर खस्केको छ ।

शिक्षकलाई गुणस्तरीय बनाउन समय समयमा विभिन्न खालका तालिम गोष्ठी पनि हुन्छन् । तालिमले शैक्षणिक सीप र क्षमतालाई थप परिस्कृत बनाई सिकाइलाई सहजीकरण गर्न मद्दत गर्ने अपेक्षा राखिएको हुन्छ । पूर्व ज्ञानलाई थप परिस्कृत गर्न तालिमले सहयोग पु¥याउने अपेक्षा गरिएको भए पनि तालिममा सिकेका ज्ञान सीप प्रविधि र तरिकालाई सफलतापूर्वक विद्यार्थीको सिकाइमा हस्तान्तरण नगरेको आरोपबाट भने शिक्षक वर्ग अछुतो छैन । यस्ता आरोपलाई गलत सावित गराउन पनि अबका शिक्षक प्रविधिमैत्री हुनै पर्नेबा ध्यता सिर्जना भएको छ ।

शैक्षिक संस्था तथा शिक्षकले प्रविधिको प्रयोग मार्फत आफ्ना पठनपाठनका कार्यहरू गर्नुपर्ने भएको छ । रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा तथा इमेल इन्टरनेटजस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू शिक्षण सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र

प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ ।

चित्र, रङ्ग र ध्वनिको सम्मिश्रण हुने हुनाले यसबाट प्रभावकारी शिक्षा प्रदान गर्न सम्भव हुन्छ । ग्रामीण भेगमा दूर शिक्षाको माध्यमबाट शहरी क्षेत्रको सुविधा सम्पन्न विद्यालयमा भएका विविध शैक्षिक क्रियाकलाप एवं पठनपाठनका तरिका देखाउन सकिन्छ । भौतिक पूर्वाधारको अभावमा प्रयोगात्मक कक्षा हुन नसक्ने ठाउँमा अन्यत्र भएका प्रयोगात्मक कक्षाको श्रव्यदृश्य सामग्रीको प्रयोग देखाउन सकिन्छ ।

सूचना प्रविधिको द्रुततर विकास, बढदो प्रयोग, यसमा निहीत विषय वस्तुको प्रकृति र घट्दो मूल्यका कारण शिक्षण सिकाइ प्रक्रियामा यसको प्रयोग अर्थपूर्ण हुने देखिन्छ ।

शिक्षाको गुणस्तरलाई नयाँ आयाम दिने, शिक्षाको दायरा फराकिलो हुनका साथै शिक्षाको सामथ्र्यलाई अझ बढी ऊर्जा प्रदान गर्ने अपेक्षा गर्न सकिन्छ । स्याटेलाइट प्रविधिका कारण परम्परागत प्रविधिहरू विस्थापित हुने र द्रुत गतिमा चल्ने इन्टरनेटको सेवा अब प्रत्येक शैक्षिक संस्थाले प्रयोगमा ल्याउनुपर्ने बाध्यताको सिर्जना भएको छ । हाम्रा दूर गाउँका शैक्षिक संस्थाहरूमा अहिले नै कायापलटको सम्भावना नरहला तर पनि त्यसतर्फको पूर्वतयारीका साथ लाग्नु पर्ने अवस्था भने बाध्यकारी बन्दै गएको छ ।

इन्टरनेट सेवाले विश्वलाई एउटा सानो गाउँ र प्रत्येक विद्यार्थी तथा शिक्षकलाई एकआपसमा जोड्ने सेतुको कार्य गर्छ । विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न सकिने र आफ्ना प्रतिक्रियाहरू पनि तुरुन्तै प्रदान गर्न सकिनेछ । यसका कारण शैक्षिक संस्थामा केही आर्थिक बोझ भने अवश्य पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रूपमा पनि दक्ष बनाउनु पर्ने देखिन्छ । जब हाम्रा शैक्षिक संस्थाहरू प्रविधिमैत्री हुन्छन् तब विद्यार्थीले आवश्यकताअनुसार एकल अथवा समूहमा शैक्षिक क्रियाकलाप गर्नेछन् । यसले उनीहरूलाई बढी समाजीकरण हुन सघाउँछ । यो उपाय शिक्षक केन्द्रितभन्दा प्रविधि केन्द्रित हुनेछ जसले विद्यार्थीलाई आफैं सिक्न प्रेरित गर्छ र शिक्षकको परम्परागत भूमिकामा परिवर्तन ल्याउनेछ ।

विकसित देशहरूले यो प्रविधिलाई धेरै पहिले नै प्रयोग गरी शैक्षिक क्षेत्रमा ठूलो फड्को मारिसकेको परिवेशमा प्रविधिप्रति बेवास्ता गर्नु शिक्षालाई पुरानै ढाँचा र ढर्रामा हिंडाउने प्रतिगामी सोचबाहेक केही पनि हुन सक्तैन । शिक्षामा सूचना प्रविधिले सिर्जना गरेका चुनौती चिर्नुपर्ने र पाठ्यक्रमलाई समयसापेक्ष प्रविधिमैत्री बनाउँदै परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकता छ । शैक्षिक नीति निर्माताले शिक्षण सिकाइको गुणस्तरलाई वृद्धि गर्नका लागि सफलतापूर्वक सूचना प्रविधिको प्रयोगमार्फत शैक्षिक सेवाहरू दुर्गम ठाउँसम्म कसरी हस्तान्तरण गर्न सकिन्छ भन्नेतर्फ योजना बनाउनुपर्छ ।

*(लेखमा अभिव्यक्त कुराहरु लेखकका निजी विचारहरु हुन, यिनले संस्थागत प्रतिनिधित्व गर्दैनन।-*

## बालविवाह न्युनिकरणमा हामी सबैको संलग्नताको आवश्यकता

शारदा चौधरी पुन
सहायक महिला विकास निरीक्षक
सानीभेरी गाउँपालिका रुकुम (पश्चिम)



नेपाल बाल विवाह गर्ने दक्षिण एशियाली मुलुकका प्रमुख देशहरु मध्ये बंगलादेश र भारत पछि तेस्रो स्थानमा पर्दछ । नेपाल सरकारले सन् २०३० सम्म बालविवाह अन्त्य गर्न राष्ट्रिय रणनीति २०७२ बनाइ कार्यान्वयनमा पनि ल्याएको छ । यस रणनीतिलाई सहयोग गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु पनि लागि परेका छन् ।

कानुनले विहेका लागि योग्य भनी तोकेको उमेरभन्दा चाँडो भएको विहेलाई बालविवाह भनिन्छ ।कानुन अनुसार महिला र पुरूषको २० वर्षभन्दा कम उमेरमा गरिने विहेलाई बालविवाह भनिन्छ । मुलुकी संहिता ऐन २०७४ मा विवाह गर्न  केटा वा केटी दुबैको उमेर २० वर्ष पूरा गर्नुपर्ने प्रावधान भए तापनि हाम्रो समाजमा बालविवाहजस्तो सामाजिक कुप्रथा कायमै छ । बाल विवाह परम्परागत सामाजिक गलत अभ्यास भए पनि अहिले यसलाई कुसंस्कारको रुपमा लिइन्छ । समाज सुधार गर्न र विभिन्न प्रतिबद्धता पूरा गर्न नेपाल सरकारले विभिन्न नीतिगत तथा कानुनी प्रयास गरेको छ तर एकातर्फ परिवारले सानै उमेरमा विवाह गरिदिने र अर्कोतर्फ उमेर नपुग्दै विद्यालय शिक्षामा रहेका केही बालबालिकाले आफै विवाह गर्ने परिपाटीले गर्दा बालविवाहमा उल्लेख्य सुधार आउन सकेको छैन । परम्परागत मान्यता, घरको दबाब, साथीहरुको लहलहैको कारणले पनि बालविवाह बढिरहेको छ ।

सानै उमेरमा विवाह गरिदिए पुण्य हुन्छ, पाप लाग्दैन, भन्ने अनेक नचाहिने परम्परावदी सोचले पनि बाल विवाह भैराखेको छ । यस्ता कुप्रथाहरु हाम्रै गाँउघरमा बढेका यथार्थ घटनाहरु हामीले देखेका र सुनेका छौ । बालविवाहबाट नकरात्मक असर र घटनाहरु हाम्रै समाज समूदाय र रेडियोमा पनि सुन्ने गरेका छौ र टेलिभिजनहरुमा पनि देख्न पाएका छौं ।बालविवाहखासगरीदुईप्रकारकाहुन्छ, एक त आफ्नो इच्छाले भागेर र अर्को जबरजस्ती गराइने विवाह हुन् ।

पारिवारिक समन्वयको अभाव, कानुनी अनभिज्ञता, घरायसी कामको स्वार्थ, सामाजिक सञ्जालको पहुँच, आधुनिकता र बढ्दो खुलापनको कारण बालबालिका वैवाहिक उमेर नपुग्दै विवाह बन्धनमा बाँधिएका छन् । बाल विवाहका कारण सामाजिक बनावट, विविधता एवं परिवेश र व्यक्ति विशेषमा पनि फरक छन् । अभिभावकले गरिबीको कारण आफ्नो जिम्मेवारीबाट मुक्त हुन छोरीको सानै उमेरमा विवाह गरिदिने प्रचलन छ । अर्कोतर्फ आफ्ना अग्रजको देखासिकी, परिणाममा ध्यान नदिई परीक्षण गर्ने रहर, सामाजिक सञ्जालले ल्याएको निकटताको कारण बालबालिका स्वयं बैवाहिक बन्धनमा आबद्ध हुन पुग्छन् । यस्तो हानिकारक अभ्यासले बालबालिकालाई आधारभूत अधिकारको उपभोगबाट वञ्चित गराइरहेको छ ।

बालविवाह गर्नेहरुको गुणस्तरीय जीवन यापनमा बाधा हुन्छ । बालविवाह गर्दा सोचे अनुसारको पढाइ पुरा गर्न र आयआर्जनका काम गर्न सक्दैन । यसो भएमा उपयुक्त जीवन साथीको छनोट गर्न, उपयुक्त समयमा बच्चा जन्माउन तथा जिम्मेवार आमाबुबाको भुमिका निर्वाह गर्न सहज हुदैंन । बालवलिकाले गर्दा उनीहरुको प्रजनन अङ्गहरु परिपक्क भएको हुदैन, त्यसकारण विभिन्न आङ खस्ने, स्तन तथा पाठेघर क्यानसर, बाझोपन जस्ता समस्याहरु देखा पर्छन् । सानै उमेरमा विवाह गर्दा एक त वर्तमान समयमा राम्रो भएपनि भविष्यमा

दुःख पाउने र अनेक रोगले सताउने हुनेछ । परिवारमा भएका विभिन्न प्रकारको द्धन्द विभिन्न सोच्न नसकिने रोग बढ्ने कारण बालविवाह हो । बालविवाहबाट गाँस, बास, कपास र शिक्षा, स्वास्थ्य, सुरक्षामा गहिरो असर पुगेको हुन्छ । जसले गर्दा देशमा आवश्यक उच्च जनशक्तिको संख्या घट्दै जान्छ ।

हाम्रो समाज विभिन्न जातजाति, भाषा, धर्म—संस्कृति र रिति रिवाज भएका मानिसहरु बस्छन । यहाँ विभिन्न बाल सरोकार संस्था, महिला तथा बालवालिका शाखा, बालक्लब आदिले पनि विभिन्न जनचेतनामुलक कार्यक्रमहरु गर्ने गरेका छन् । तर पनि बालविवाहको पूर्ण रुपले अन्त्य भएको छैन । हामीले यसको लागिरेडीयो संवाद कार्यक्रम, सार्वजनिक स्थलमा भित्तेलेखन, जनचेतनामुलक पोष्टर पम्प्लेट छपाई, सडक नाटक जस्ता कार्यक्रमहरु पनि गर्न सक्छौ । यसरी पनि बालविवाहको न्युनिकरण गर्न सक्छौ ।

हामीलेअभिभावक र बालबालिका दुवैलाई विभिन्न चेतना जगाउने खालका तालिमहरु दिन पनि सक्छौं । बालबालिकालाई मोबाइल जस्ता प्रविधिको सहि प्रयोग गर्न सिकाउन सक्छौं । बालविवाहा अन्त्यको लागि हाम्रो समाजमा स्थानीयतह तथा प्रशासनिक क्षेत्रबाट खासै सहयोग प्राप्त भएको छैन । यदि उनीहरुको सहयोग गरिदिएमा बालविवाहको पुर्ण रुपले अन्त्य हुन्छ ।

अन्त्यमाः हामीले बालबालिका निरोगी र स्वस्थ भएमा देशपनि निरोगी र स्वास्थ हुन्छ भन्ने उदार भावना लिन सकेमा पनि बालविवाहको अन्त्य हुन्छ । बालविवाहलाई हामीले जरैदेखि उन्मुलन गर्नुपर्छ । बालविवाहको अन्त्य गरेमा देशको उच्चता प्राप्त हुन्छ अर्थात कानुनले पनि बालविवाह निषेध गरेको छ । यदि कसैले बालविवाह गरेको प्रमाणित हुन्छ भने कानुन बमोजिमबालविवाहा स्वतः बदर हुनुका साथै ३ वर्ष कैद र १० हजार जरिवानासम्मको सजायको कानुनी प्रावधान छ । सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने लक्ष्य लिएको छ, यो सकारात्मक कदम हो । तर लक्ष्य राखेअनुरूप बालविवाह सम्बन्धी विस्तृत अध्ययन गरी यसलाई कम गर्नु एकदमै चुनौतीपूर्ण छ । तसर्थ बालविवाह जस्ता कुरीतिलाई अन्त्य गर्न सबै मिलेर पहल गर्न आवश्यक छ ।

*(लेखमा अभिव्यक्त कुराहरु लेखकका निजी विचारहरु हुन, यिनले संस्थागत प्रतिनिधित्व गर्दैनना- प्रकाशक)*



# स्थानिय सरकार आए देखी विद्यालयहरुमा गरेका नयाँ काम र सुधार गर्नुपर्ने पक्षहरु

**बिर्ख बहादुर विष्ट**
**सामाजिक विकास समिति संयोजक**
**सानीभेरी गाउँपालिका रुकुम (पश्चिम)**

नेपालमा हामी सबैलाई थाहै छ, विगत ७० वर्ष देखीको नेपालीहरुको चाहना गणतन्त्र संघियता समावेशी धर्म निरपेक्षता समानुपातिक समावेशि विषयलाई लिएर पटक पटक आन्दोलन भएपछि हाम्रो देशमा २००७ साल, २०२८ साल, २०४७ साल २०५२ साल देखी २०६३ साल सम्म चलेको जनयुद्ध, २०६३ सालको उत्कृष्ट जन आन्दोलन सबैको उद्देश्य थियो । माथि उल्लेखित अधिकार ल्याउन राजनैतिक पार्टीका आ-आफ्नो दर्शन भएता पनि सबै पार्टीहरु आफ्नो दर्शन अनुसार अगाडी बढ्न आन्दोलन र युद्धको बाटो पुरा गरेर नै देशमा राजनैतिक आर्थिक सामाजिक परिवर्तन ल्याउने उद्देश्यले नै हाम्रो देशमा राजनैतिक पार्टीहरुले विभिन्न समयमा आन्दोलन र युद्ध गरे । अबको बाटो समाजवाद ल्याउन सबै राजनैतिक दलहरु शुखि नेपाली र सम्बृद्ध नेपाल निर्माणमा एकै ठाउँमा आउनु पर्ने देखिन्छ । नेपालमा भएका आन्दोलनको उपलब्धी झण्डै १० वर्ष लगाएर २ ओटा संविधान सभाको निर्वाचन भएर सबै राजनैतिक दल सहमत भएर २०७२ साल असोज २ गते ऐतिहासिक रुपमा संविधानको घोषना भयो ।

संविधानले केन्द्रीकृत राज्य सत्तालाई बाँड फाँट गरी ३ तहको सरकार संविधानले स्पष्ट व्यवस्था गरी सके पछि हाम्रो स्थानिय सरकारलाई धेरै अधिकार मध्ये १ देखी १२ कक्षा सम्मको विद्यालय संचालन गर्न अधिकार पनि स्थानिय सरकारलाई दियो । यसबाट स्थानिय स्तरमा शुरुमा उत्साह र अन्यौल दुवै भयो । अब विद्यालयमा केही बन्य आशा पलायो भने अर्को थरी विद्यालयको नाममा राजनिति गर्ने राजनैतिक पार्टीहरुले विद्यालयलाई ठगी खाने भाँडो बनाएका केही समाजसेवि र स्कुलमा विद्यार्थीलाई पढाउन गएर दिनभर आफ्नो जिम्मेवारी भन्दा राजनैतिक गफ र आफ्नै कुरा गरेर विद्यार्थी नपढाइ समय र सरकार को पैसा बरवाद बनाउने केहि शिक्षकमा निराशा पैदा भयो । राम्रो काम गर्ने राजनैतिक दल समाज सेवि उत्साह भए । यो दुवै पक्षको लडाइ हाल सम्म विद्यालयमा जारी छ यस्तो भनेकै द्वन्द्वात्मक भौतिकवादी दर्शन अनुसार सकार र नकार दुवैका निरन्तर संघर्ष नै स्थानिय सरकार आएपछि विद्यालयहरुमा संघर्ष चलिरहेको छ । स्थानिय तहलाई दिएको अधिकार मध्य शिक्षालाई दिएको अधिकार विद्यालयहरुमा संघर्ष चलिरहेको छ स्थानिय तहलाई दिएको अधिकार मध्य शिक्ष्लाई दिएको अधिकार विद्यालयहरुलाई रेख देख ग्रेड वृद्धि शिक्षक सरुवा देखि स्थानिय पाठ्यक्रम निर्माण, विद्यालय घटुवा र मर्ज गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्ने समेत अधिकार छ । हामीले हाम्रो गाउँपालिकामा गाउँ शिक्षा ऐन गाउँ शिक्षा निमावली गाउँ सभाबाट पारित गरेका छौँ र गाउँ शिक्षा निमावलीमा धेरै सुधारका कुराहरु समावेश गरेका छौँ ।
२०७४ साल बैशाख ३१ गतेको स्थानिय निर्वाचन पछि बनेको हाम्रो यस सानिभेरी गाउँपालिका सरकारले २०७४ आषढ मा आफ्नो गाउँसभाबाट आफ्नो निति तथा कार्यक्रममा सबै भन्दा शिक्षामा लगानी गर्नु पर्ने तल्लो कलास देखी माथि सुधार गर्ने निति पास गर्यो । बजेट पनि शिक्षा मा नै छुट्यायो सानिभेरी गाउँपालिकाले शिक्षामा देखा परेका समस्याहरु के कस्ता छन भनेर पहिलो पटक ९ सदस्यीय बिर्ख बहादुर विस्टको संयोजकत्वमा एउटा अध्ययन कार्यदल बनायो । सो कार्यदलले सानिभेरी

गा.पा. मा लामो समय लगाएर बस्ती र सबै विद्यालयमा गएर स्थलगत रिपोर्ट ल्याई समस्याको बारेमा कार्यपालिका मा प्रतिवेदन पेश गर्‍या । सो प्रतिवेदन ऐतिहासिक दस्तावेजको रुपमा गाउँपालिकामा सुरक्षित नै छ । प्रतिवेदनमा औंल्याएका समस्याहरु:

१. विद्यालयमा शिक्षक विद्यार्थी अनुसार दरबन्दी पुरा नभएको ।
२. विषयगत शिक्षक नभएको साथै तालिम प्राप्त शिक्षक नभएको ।
३. अधिकांश विद्यालयमा पा.पु. पुरा नभएको पाठ्यक्रम, शिक्षक निर्देशिका प्रयोग नगरिएको ।
४. बालविकास केन्द्र र कक्षा १ का विद्यार्थीहरुलाई सँगै राखि शिक्षण गरिएको ।
५. शिक्षक विद्यार्थी नियमित नभएको ।
६. कम्प्युटर कक्षा नभएको साथै शैक्षिक सामाग्रीहरु पर्याप्त नभएको ।
७. विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित नगरिएको ।
८. शिक्षक विद्यार्थी र अभिभावक विच अन्तरक्रिया नगरिएको ।
९. स्थानिय पाठ्यक्रम तयार नगरिएको ।
१०. केहि विद्यालयहरुमा न्युनतम विद्यार्थी संख्या कम भएको ।
११. कार्यालय कक्षाको यथोचित व्यवस्था नगरिएको ।
१२. शिक्षकहरुलाई तलब भत्ता उपलब्ध गराउन नसकिएको ।
१३. केहि विद्यालयहरुको भौतिक अवस्था जिर्ण भएको ।
१४. बालमैत्री शौचालय, फर्निचर, खानेपानी तथा सरसफाई नभएको ।
१५. अतिरिक्त क्रियाकलापको पर्याप्त खेल मैदान नभएको ।
१६. विद्यालयको घेराबार तथा प्रवेशद्धारको व्यवस्था नभएको ।
१७. स्वास्थ्य तथा पोषण शिक्षा खाद्य सुरक्षा नभएको ।
१८. खेताला शिक्षक राखि निजि काम र व्यापार व्यवसायमा संलग्न भएको ।

माथि उल्लेखित समस्याहरु हल गर्न सानीभेरी गाउँपालिकाले आफ्नो निति तथा कार्यक्रम उल्लेख गरे अनुसार त्यसैलाई टेकेर गाउँपालिकाले एउटा निर्णय लियो । जस्तै सबै निजि शिक्षकहरुलाई ७० प्रतिशत मानी सेवाको आधारमा आधारभूत तह देखि माथि गाउँपालिकाले अनुदान दिएर समस्या हल गर्ने २० प्रतिशतलाई प्रतिस्पर्धा गराई विषयगत शिक्षक राख्ने हाम्रो गाउँपालिकाले पहिलो पटक जिल्लामा निर्णय लियो । यसले विद्यालयहरुमा धेरै सकारात्मक सन्देश दिएको छ । यसबाट बन्द हुन लागेका बाध्यता पुरै हल भयो । अर्को निजिमा ज्यादै कम रकममा राखेका शिक्षकलाई ठुलो राहत भयो र अभिभावक/जनता पनि स्थानिय सरकार देखि खुशि भए ।

यतिले मात्रै विद्यालय सुधार हुदैन्थ्यो स्थानिय सरकारले अनुगमण तिब्र बनायो प्रत्येक महिनाको १ दिन प्र.अ. बैठक, शिक्षा समितिको बैठक, वडा शिक्षा समितिको बैठक बसी छलफल अन्तरक्रिया गरि विद्यालयलाई कसरी सुधार्ने भन्ने व्यापक वहस भयो । स्थानिय सरकार आएको २७ महिना भन्दा बढि भयो पक्कै पनि हामीले पहिलो नम्बर मा अनुदान, करार, शिक्षक राखेर विद्यालय सुधार्ने काम सुरु गर्यौ, अर्को १-८ को १ विद्यालय र १-५ को १६ ओटा विद्यालयलाई घटुवा र मर्ज गरि विद्यालय सुधार्ने प्रयत्न गरौं ।। सबै विद्यालयमा लेखा दुरुस्त पार्ने तालिम दिई सबै आधारभूत र मा. वि. विद्यालयहरुमा लेखाको कर्मचारी राख्ने काम भयो । बाल शिक्षाको बैज्ञानीक र व्यवहारिक बसाई गरायौं । अनुगमणलाई थप तिब्र पारी विद्यालयलाई वास्तविक विद्यालय बनाउँने अभियानमा लागियो र १-५ को विद्यार्थी विद्यालय पोषाक समेत दिने काम भयो र दुबै भौतिक पूर्वधारको काम पनि भयो । तैपनि जनतालाई अनभूति हुनगरि हाम्रो बालबालिका नेपाल भरि र संसार भरि प्रतिस्पर्दा गर्ने खालका वनाउनका लागी हामीले निम्न अनुसार शैक्षक्षिक सरधारका काम गर्नु आवश्यक छ ।

१. हाम्रो शिक्षा यस्तो हुनु पर्छ समाज एव्म अरुको सेवा गर्ने खालको
२. शिक्षा यस्तो हुनु पर्छ जहाँ बालबालिका नयाँ कुरा सिक्ने र सँधै रमाउने खालको बैज्ञानिक हुनपर्छ ।
३. बालबालिकालाई आर्दश र नैतिक रुपमा अनुशासन र आफुले सुख खोज्दा अरुको पनि सुख चाहिन्छ भन्ने
शिक्षाको विकास हुनु पर्छ ।
४. श्रम प्रति आस्था, शोषण प्रति घृणा, गरिव,मजदुर, जेष्ठ नागरिक, आमा बुवा प्रति सम्मान र आदरभाव ईतिहाँस प्रति गर्व गर्ने पुस्ताको विकास गर्ने खालको
५. शिक्षा खोज र अनुसन्धान मुलक बनाउँनु पर्छ ।

मैले माथि भनेका कुरा हामीले कसरी गर्न सक्छौं त

१. शिक्षकहरुलाई अभिमुखीकरण तालिम दिएर
२.सबै विद्यालयमा ई. कक्षा साथै आई. सि. डि. कक्षा संचालन गरेर
३. विद्यालयलाई प्रत्योक अवसरको कारण देखाएर
४. शिक्षकले विद्यार्थीलाई उत्पादनमा लगाएर साथै हाल सम्म देशको व्यव
५. गुगोलमा खोजगरि उत्पादन मुलक शिक्षा दिने
६. आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गराएर
७. अनिवार्य निशुल्क शिक्षा लागु गराएर
८. प्रयाप्त विद्यालयहरुमा दिवा खाजको व्यवस्था गरेर
९. स्वास्थ्य खाद्यान्न सम्वन्धि तालिम, गोष्ठि गरि गुणस्तर स्वास्थ्य र खाने दुई छट्टै विद्यार्थीका लागि सस्तो
पसल संचालन गरेर
१०. अनियमित भएका विद्यार्थीहरुलाई के कारणले भयो अनुसन्धान गरि केहि सहुलियत दिएर यी कुराहरु बाहेक अन्य धेरै कुराहरु पनि छन । हामी यी सबै कुरा गर्ने स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकार लागेर सबै भन्दा पहिला विद्यालय सुधरौं अनि हामी सप्रिन्छौं देश सप्रिन्छ । यति गरेपछि बैज्ञानिक शिक्षा हो । सबै सरोकार वालाले बेफ्रेर लागु गारौं अनि हामीले समाजबाद ल्याउन सक्छौं, नत्र एसियका ५८ देश मध्ये हामी तेस्रो स्थानमा छौं । यो सबै अशिक्षाको कारण हो ।

हाम्रो शिक्षा २ खालको छ । जस्तै निजि र सामुदायिक विद्यालयहरु संचालन गर्ने प्रणाली सुधार गरि एउटै खालको शिक्षा निति अवलम्बन गरिनु पदर्छ, नत्र हाम्रो पुस्ता भन्दा पछाडीको पुस्ताको लागि केही गर्न सकिदैंन । यो ऐतिहासिक अवसर हो । हामी स्थानिय सरकारको विद्यालयमा अध्ययन गराउने शिक्षकहरु साँच्चै मन लगाएर पढाउने आफ्नो कर्तव्य पुरा गरौं । हाम्रो प्रत्येक वर्ष १५ करोड भन्दा बढीको लगानी खेर जाने छैन । यदि त्यसको उल्टो भयो भने पहिला शिक्षक लाई अनि जनप्रतिनिधिले सबै दोष बोक्ने तिर जाने हुन्छ । त्यसैले यी अवसरहरुलाई सबैले उपयोग गरौं, भविष्य हाम्रो छ । स्थानिय सरकार आए देखि माथिका परिवर्तन पनि भए अब स्थानिय सरकारले शिक्षालाई बैज्ञानिक र व्यवहारिक बनाउन माथिका कुरा लागु गर्नै पर्छ । अनि भन्न सक्छौ जनतालाई हामीले यो परिवर्तन गर्न सकिउ भनेर ।

*(लेखमा अभिव्यक्त कुराहरु लेखकका निजी विचारहरु हुन, यिनले संस्थागत प्रतिनिधित्व गर्दैनन।- प्रकाशक)*



# विद्यालयमा बालमैत्री सिकाइ वातावरण निर्माण

भूपाल सिं विष्ट, शाखा अधिकृत (सातौं तह)
सानीभेरी गाउँपालिका रुकुम(पश्चिम)

## १. परिचय

बालबालिकाले आफ्नो गति र क्षमता अनुसार रमाइलो सँग सिक्ने वातावरण भएको विद्यालयलाई बालमैत्री विद्यालय भनिन्छ। बालमैत्री विद्यालयमा बालमैत्री सिकाइ वातावरण सिर्जना गरिएको हुन्छ। बालमैत्री सिकाइमा बालबालिका अनुकुलको सिकाइ वातावरण तयार पारिनुका साथै उनीहरुको अन्तरनिहित क्षमताको विकास गरिन्छ। यसरी बालबालिकाको रुची, चाहना, आवश्यकता, क्षमता र स्तर अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु नै बालमैत्री सिकाइ हो।बालमैत्री सिकाइका विशेषताहरुलाई यसप्रकार उल्लेख गर्न सकिन्छः

- बालबालिकाको अन्तर्निहित क्षमताको प्रस्फुटन गरिन्छ,
- बालबालिकाहरुले शारीरिक, मानसिक एवम् संवेगात्मक रुपले सुरक्षित तथा स्वस्थ वातावरण पाउँछन,
- बालबालिकाको रुची, क्षमता र स्तरको कदर हुन्छ,
- बालबालिकाको सिकाइ उपलव्धि प्रति शिक्षकलाई पूर्ण जिम्मेवार बनाइन्छ,
- कुनै पनि प्रकारको दण्ड सजाय वर्जित हुन्छ,
- कक्षाकोठामा विभेदरहित वातावरण सिर्जना गरिन्छ,
- पढाइ, लेखाइका अतिरिक्त बालबालिकाहरुको स्वास्थ्य एवम् सुरक्षामा विशेष ध्यान दिइन्छ,
- शैक्षणिक योजना निर्माणमा बालबालिकाहरुलाई सहभागी गराइन्छ।

## २. कानुनी प्रावधान

बालबालिकाको रुची र क्षमता अनुसारको गुणस्तरीय शिक्षा प्रदान गर्न गराउन विद्यालयलाई पथप्रदर्शन गर्न "गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रीय प्रारुप" शिक्षा मन्त्रालयबाट २०६७ मंसिर ९ ते स्वीकृत भएको छ।उक्त प्रारुपले बालमैत्री विद्यालयका ९४ वटा सूचकहरु, १४९ वटा न्यूनतम सूचकहरु/मापदण्डहरु, १५२ वटा सूचकहरु र ९ वटा क्षेत्रहरु तोकेको छ।

## ३. बालमैत्री विद्यालयका तत्वहरु

विश्व स्वास्थ्य संगठनले बालमैत्री विद्यालयका ९ वटा तत्वहरु उल्लेख गरको छ, जुन यसप्रकार छनः

I. भौतिक वातावरण
II. भवन र सुविधा
III. सिकाइका औजारहरु/सामग्रीहरु
IV. मनोसामाजिक वातावरण
V. विद्यार्थी सहभागिता
VI. सक्रिय सहभागितामूलक सिकाइ

VII. घर र विद्यालयको सम्बन्ध

VIII. विद्यालय समुदाय सम्बन्ध

IX. विद्यालय स्वास्थ्य प्रबर्द्धन

**४. बालमैत्री विद्यालयका पक्षहरु**

बालमैत्री विद्यालय राष्ट्रीय प्रारुपले बालमैत्री विद्यालयका ९ वटा पक्षहरु तोकेको छ, जुन यस प्रकार छनः

i. प्रभावकारीता

ii. समावेशीकरण

iii. शिक्षामा लैंगिक पक्ष

iv. बालबालिका, परिवार र समुदायको सहभागिता

v. स्वास्थ्य, सुरक्षा र बचावट

vi. विद्यालयको भौतिक अवस्था

vii. शिक्षण सिकाइ प्रक्रिया

viii. मातृभाषामा शिक्षण सिकाइ

ix. विद्यालय व्यवस्थापन

**५. बालमैत्री विद्यालयका सिद्धान्तहरु**

कक्षाकोठामा बालमैत्री सिकाइ वातावरण सिर्जना गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि विद्यालयले केही सिद्धान्तहरु अंगीकार गर्नु पर्दछ, जसलाई बालमैत्री विद्यालयका सिद्धान्त भनिन्छ। बालमैत्री विद्यालयका सिद्धान्तहरु यसप्रकार छनः

- ✓ बालकेन्द्रित
- ✓ समावेशी
- ✓ प्रजातान्त्रिक सहभागिता
- ✓ अधिकारमा आधारित अवधारणा
- ✓ बालखोज
- ✓ प्रभावकारिता
- ✓ बालबालिकाका लागि स्वस्थ र सुरक्षित
- ✓ परिवार र समुदायको सहभागिता

**६. बालमैत्री विद्यालयमा हुनुपर्ने आधारभूत कुराहरु**

बालमैत्री विद्यालयको निर्माणविना कक्षाकोठामा बालमैत्री सिकाइ वातावरण सिर्जना गर्न सम्भव छैन। विद्यार्थीको सर्वाङ्गीण विकास गरी शैक्षिक उद्देश्यहरु हाँसिल गर्नका लागि बालमैत्री विद्यालयको लागि आवश्यक न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गर्नु जरुरी छ। बालमैत्री विद्यालयमा हुनुपर्ने न्यूनतम आधारभूत कुराहरु यसप्रकार छनः

- ❖ कक्षागत औसत उपलव्धी न्यूनतम ५०% र अपेक्षित १००%
- ❖ प्रवर्तनात्मक शिक्षण विधिको प्रयोग
- ❖ शिक्षक उपस्थिति कम्तिमा ९२% र अपेक्षित १००%

- विद्यार्थी उपस्थिति कम्तिमा २१० दिन र अपेक्षित २२० दिन
- विद्यालय छड्ने दर न्यूनतम १०% र अपेक्षित शुन्य
- कक्षा दोहोर्याउने दर न्यूनतम ५% र अपेक्षित शुन्य
- तह पार गर्नर दर न्यूनतम ९०% र अपेक्षित १००%
- विद्यालय निरीक्षण कम्तिमा वर्षको २ पटक
- बालबालिकाको घर र विद्यालय दूरी आधा घण्टा हिड्ने वा २ कि.मि
- बालक्लव गठन भएको
- नियमित रुपमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भएको
- वर्षमा एक पटक विद्यालयमा स्वास्थ्य परीक्षणको व्यवस्था
- विद्यालयमा शारीरिक, मानसिक दण्ड सजाय निषेध
- विपद जोखिम न्यूनिकरण सम्बन्धी जानकारी
- न्यूनतम प्रति ५० विद्यार्थीका लागि एउटा कक्षाकोठा, अपेक्षित ४० जनाका लागि एउटा कक्षाकोठा
- प्रति विद्यार्थी ०.७५ वर्गमिटर क्षेत्रफल भएको कक्षाकोठा
- बोर्डको साइजः ५x८ फिट
- कक्षा १-३ सम्म भुईमा चकटीको व्यवस्था
- प्रति ४ विद्यार्थीका लागि एक सेट डेस्क बेञ्च
- डेस्कको चौडाइः न्यूनतम १५ इञ्च र अपेक्षित १८ इञ्च
- पुस्तकालयः न्यूनतम ५०० र अपेक्षित १५०० भन्दा बढि पुस्तक भएको
- प्रयोगशालाः न्यूनतम २५ र अपेक्षित ५० जनाले प्रयोग गर्न सक्ने
- शौचालयः कम्तिमा ५० जना र अपेक्षित २० जनाका लागि एउटा
- कम्तिमा ६ फिट अग्लो पर्खाल तथा घेराबार
- वर्षको एक पटक शैक्षिक भ्रमणको आयोजना
- शैक्षणिक योजनाहरुको निर्माण तथा कार्यान्वयन

## ७. विद्यमान अवस्था

हाल बालमैत्री विद्यालयले तोकेको मापदण्ड अनुसार सबै विद्यालयहरु सञ्चाल गर्न सकिएको छैन। विद्यालयहरुमा शिक्षक दरवन्दी अपूग, कमजोर भौतिक अवस्था, न्युन सिकाइ उपलब्धि लगायतका समस्याहरु विद्यमान छन। विद्यालयहरु शैक्षिक गुणस्तर अभिवृद्धि भन्दा पनि भौतिक व्यवस्थापनकै पाटोमा अलमलिरहेको पाइन्छ। शिक्षाको जग मानिएको प्रारम्भिक बालविकास केन्द्रलाई बलियो बनाउनुको सट्टा त्यसको व्यवस्थापन पक्ष नै सबै भन्दा कमजोर देखिएको छ। यसरी कक्षाकोठामा बालमैत्री वातावरण सिकाइ वातावरण सिर्जना गरी पठनपाठन सञ्चालन गर्नका लागि समस्या टड्कारो रुपमा अगाडी देखिएको छ।

## ८. निष्कर्ष

देश विकासको मेरुदण्ड मानिएको शिक्षाको विकासलाई तिव्रता नदिई देशको समुन्नति सम्भव छैन। सभ्य, सक्षम र क्षमतावान नागरिकको विकास गरी देशको सम्वृद्धिको लागि शिक्षालाई

प्रभावकारी रुपमा सञ्चालन गर्न जरुरी छ। शिक्षाको राष्ट्रीय उद्देश्य हाँसिल गर्नका लागि शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, व्यवस्थित र अर्थपूर्ण ढंगबाट सञ्चालन गर्नु आवश्यक हुन्छ। शैक्षिक गुणस्तर अभिवृद्धि गरी सिकाइलाई दिगो, स्थायी र अर्थपूर्ण बनाउनका लागि कक्षाकोठाको सिकाइ बालमैत्री ढंगबाट सञ्चालन गर्नुपर्दछ। विद्यालयमा बालमैत्री सिकाइ वातावरण निर्माणको लागि विद्यालयलाई नै बालमैत्री बनाउन जरुरी छ। संघीय सरकारले नेपालका विद्यालयहरुलाई बालमैत्री विद्यालय बनाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चलान गर्नका लागि वि.स. २०६७ सालमा नै बालमैत्री विद्यालय राष्ट्रीय प्रारुप निर्माण गरी कार्यान्वयनमा ल्याइको छ। उक्त प्रारुपलाई देशभरमा सबै स्थानीय सरकारले आफ्नो सापेक्षतामा परिमार्जन गरी त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नितान्त जरुरी छ। बालमैत्री विद्यालयको निर्माणविना देशको शैक्षिक उन्नयन सम्भव छैन। तसर्थ सम्बन्धित सबैले बालमैत्री सिकाइ वातावरणको निर्माणमा विशेष ध्यान दिई अगाडी बढ्न अत्यावश्यक देखिन्छ।

*(लेखमा अभिव्यक्त कुराहरु लेखकका निजी विचारहरु हुन, यिनले संस्थागत प्रतिनिधित्व गर्दैनन।- प्रकाशक)*

# शिक्षाको महत्व र शिक्षा विकासमा स्थानीय सरकारको भूमिका



कुमारी रीमा मल्ल,
प्रमुख प्रशासकीय अधिकृत
सानीभेरी गाउँपालिका रुकुम(पश्चिम)

शिक्षा नै मानिसको तेस्रो नेत्र हो । तर यसलाई पहिलो नेत्र पनि भन्न सकिन्छ, किनभने हाम्रा समाजमा रहेका विभिन्न दृष्टिविहिन व्यक्तीहरु पनि यसैको कारण चर्चामा आइरहेका छन् । शिक्षालाई औपचारिक शिक्षा, अनौपचारिक शिक्षा तथा अनियमित शिक्षा गरी तीन प्रकारले बाड्न सकिन्छ

**१. औपचारिक शिक्षा**

औपचारिक शिक्षा भन्नाले कक्षा कोठामा आधारित शिक्षा बुझिन्छ। अर्थात बिद्यालयबाट आर्जन गरिने शिक्षा ।

**२. अनियमित शिक्षा**

अनियमित शिक्षा भन्नाले यस्तो शिक्षा हो जुन शिक्षा हामी संरचित पाठ्यक्रम भन्दा बाहिर हाँसिल गर्दछौं ।

**३. अनौपचारिक शिक्षा**

औपचारिक र अनियमित शिक्षाको कमीलाई पूरा गर्न नयाँ शिक्षाको विकास भयो जसलाई अनौपचारिक शिक्षा भनिन्छ ।

शिक्षा भनेको ज्ञान,सीप सिक्ने तथा सिकाउने पद्धति तथा मानविय व्यवहार विभिन्न पुस्ताहरुमा हस्तान्तरण गर्ने प्रकृया हो । शिक्षाले मानिसलाई अन्धकारबाट उज्यालो तर्फ डोर्याउछ । शिक्षा निरन्तर चलिरहने प्रकृया हो । यो birth to tomb सम्म कुनै न कुनै रुपमा चलिरहेको हुन्छ । नेपालमा शिक्षाको इतिहाँस निकै पुरानो छ । प्राचिन कालमा अनौपचारिक शिक्षाको सुरुवात भएको कुरा विभिन्न प्रमाणहरुले पुष्टि गर्दछ । आफ्ना सन्ततीलाई अंग्रेजीमा शिक्षा दिने उद्धेश्यले जंगबहादुर रानाले वि.सं.१९१० मा दरबार स्कूलको स्थापना गरे देखी नै नेपालमा औपचारिक शिक्षाको प्रारम्भ भएको हो । राणाहरु स्वभावले नै शिक्षा विरोधी थिए, जसले गर्दा राणाकालमा शिक्षाको विकास हुन सकेन । पञ्चायत कालमा वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना गठन गरी शिक्षा विकासमा केहि सुधार गर्न खोजियो तर विद्यालय विकासमा अभिभावक तथा सरोकारवालाहरुको अग्रसरताको कमिले गर्दा अपेक्षित सफलता पाउन सकेन । प्रजातन्त्रको पुन:स्थापना पश्चात निजी विद्यालयहरु धमाधम खुले तर सामुदायिक विद्यालयहरुको स्थिति कमजोर बन्दै गयो । वि.सं. २०६४ साल देखि हालसम्म शिक्षा क्षेत्रको विकासका लागि त्यसका कमजोरी/समस्याहरु पहिचान गर्न धेरै शिक्षा आयोग,समितिहरु गठन भए तर अपेक्षित उपलब्धी हाँसिल हुन सकेन ।

२०६२/०६३ को जन आन्दोलन पश्चात शिक्षा क्षेत्रमा सुधार आउने परिकल्पना गरियो । यसका लागि सरकारी तथा गैरसरकारी रुपमा विभिन्न पहल कदमीहरु चालिए तर सामुदायिक विद्यालयहरुको शिक्षामा खासै सुधार आउन सकेन ।

नेपालको संविधानले व्यवस्था गरे अनुरुप तीन तहका सरकार गठन भई कार्य संचालन प्रारम्भ भइसकेको अवस्था छ । संविधानले माध्यमिक शिक्षा सम्मको जिम्मेवारी र अधिकार स्थानीय सरकार मातहत व्यवस्था गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए अनुरुपका शिक्षाका कार्यहरु संचालन गर्नका लागि स्थानीय तहको आकार र भौगोलिक तथा जनसांख्यिक रुपमा विद्यालय, विद्यार्थी तथा शिक्षक संख्या समेतका आधारमा सिर्जना हुने कार्यबोझ र सेवा प्रवाहको सुगमता समेतलाई दृष्टिगत गरी स्थानीय तहमा शिक्षाको संरचना तथा जनशक्ती व्यवस्थापन गर्नुपर्ने हुन्छ । माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय मातहत हुने संबैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न सरकारले स्थानीय सरकार संचालन ऐन, २०७४ जारी गर्यो । सो ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार स्पष्ट पारिएको छ । ऐनको परिच्छेद ३ मा संविधानको अनुसूची ८ मा भएको व्यवस्था अनुसार स्थानीय सरकारका मातहतमा आएका विभिन्न २३ वटा अधिकार संचालनका लागि गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार तोकिएको छ । संविधानमा भएको सोहि व्यवस्था अनुसार ऐनमा पनि स्थानीय सरकारको शिक्षा सम्बन्धी अधिकार क्षेत्रलाई प्रष्ट्याइएको छ ।

संघीयता कार्यान्वयनको समयमा स्थानीय सरकार एकदम चुनौतिपूर्ण¸अवसरपूर्ण तथा बहुअधिकार सम्पन्न सरकार हो । सानीभेरी गाउँपालिकाले पनि आफ्नो अधिकार क्षेत्र भित्र रहेर शिक्षा सम्बन्धी विभिन्न ऐन¸ नियमावली¸ कार्यविधि कार्यान्वयनमा ल्याएको छ । सानीभेरी गाउँपालिका भित्रका ४५ वटा विद्यालयहरु रहेका छन भने ४९ वटा प्रारम्भिक बालविकास केन्द्रहरु रहेका छन् । सानीभेरी गाउँपालिकाले शिक्षा क्षेत्रको सुधारका विभिन्न प्रयासहरु सुरु गरेको छ । विगतका निजी शिक्षकहरुको समस्यालाई अहिले गाउँपालिका अनुदान शिक्षकमा प्रतिस्थापन गरेको छ, जसले जनतामा ठुलो राहत अनुभव भएको देखिन्छ । शिक्षा क्षेत्रका समस्या पहिचान¸समाधान तथा कार्यान्वयनको सहजताको लागि गाउँ शिक्षा समिति आफ्नो स्वरुपमा आफ्नो सकृयता का साथ अगाडी बढेको देखिन्छ । गाउँपालिकाले आफ्नो बजेटको सबैभन्दा बढि हिस्सा शिक्षा क्षेत्रमा विनियोजन गरेको छ । यसबाट के प्रष्ट हुन्छ भने सानीभेरी गाउँपालिकाले शिक्षालाई पहिलो प्राथमिकता दिएको छ । तसर्थ शिक्षा क्षेत्र तथा समग्र सानीभेरी गाउँपालिका समृद्ध बनाउनको लागि सरकार, शिक्षक, कर्मचारी, सरोकारवाला तथा जनता सबैको सहकार्य र समन्वय दरिलो बनाउदै अघि बढेमा नै हामीले सोचेको जस्तो समृद्ध र सम्पन्न सानीभेरी हुनेछ ।

*(लेखमा अभिव्यक्त कुराहरु लेखकका निजी विचारहरु हुन, यिनले संस्थागत प्रतिनिधित्व गर्दैनन।- प्रकाशक)*

# सानीभेरी गाउँपालिकाको शिक्षा ऐन, २०७४

गाउँ सभा बाट पारित मिति : २०७४/०८/२८
प्रमाणीकरण मिति : २०७४/०९/०४

नेपालको संविधान, २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन।

**प्रस्तावनाः** राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गर्न, सानीभेरी गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर सुधार गरी जीवनोपयोगी तथा गुणस्तरीय शिक्षा प्रदान गर्न वाञ्छनीय भएकाले,सानीभेरी गाउँपालिकाको गाँउ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम सानीभेरी गाउँपालिकाको शिक्षा ऐन, २०७४ रहेको छ।

(२) यो ऐन सानीभेरी गाउँपालिकाभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रारम्भिक बालविकास शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षमा दिइने शिक्षा सम्झनुपर्छ।

(ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(घ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ङ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपांगता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ।

(च) "सभा" भन्नाले सानीभेरी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(छ) "गाउँपालिका" भन्नाले सानीभेरी गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(झ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमत रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ञ) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठ सम्म शिक्षा दिने विद्यालय सम्झनुपर्छ।

(ट) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ।

(ठ) "विद्यालय" भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्छ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शव्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ढ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(त) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ।

(थ) "आधारभूत शिक्षा उत्तिर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(द) "अनुमति" भन्नाले नेपाल सरकार वा गाँउपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाँउछ ।

(ध)"स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाँउपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाँउछ।

(न) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा( डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा( पि.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(प) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ।

३. **विद्यालय खोल्न अनुमति लिनुपर्नेः** (१)कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन भएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ।

(४) यस सम्वन्धि अन्य व्यवस्था तोकिए बमिजिम हुनेछ।

४. **विद्यालयको सञ्चालनः** विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ।

५. **शिक्षाको माध्यमः** (१)विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ।

(३) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ।

(४) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ।

६. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्छ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुर्याएको मानिने छैन।

**७. गाउँ शिक्षा समितिः** (१) गाउँपालिका भित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतका लागि एक गाउँ शिक्षा समिति रहनेछ।

(२) गाउँ शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

८. **वडा शिक्षा समितिः** (१) गाउँपालिका भित्रका वडाका विद्यालयहरुको रेखदेख र व्यवस्थापन गर्नका प्रत्येक वडामा वडा शिक्षा समिति रहनेछ।

(२) वडा शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९. **परीक्षा सञ्चालन तथा समन्वय समितिः** (१) गाउँपालिकाका विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयका लागि एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ।

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको गठन र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

(३) आधारभूत तहको अन्त्यमा सञ्चालन हुने परीक्षा उपनियम (१) बमोजिमको समितिले सञ्चालन गर्नेछ।

**१०. विद्यालय व्यवस्थापन समितिः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यस्थापन समिति रहनेछ।

(२) विद्यालय व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**११. गाउँपालिकाले निर्देशन दिन सक्नेः** (१) गाउँपालिकाले आवश्यकता अनुसार गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**१२. गाउँ शिक्षा कोषः** (१) गाउँपालिकामा एउटा गाउँ शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहनेछनः-

(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान
(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान
(ग) शिक्षा करबाट उठेको रकम
(घ) चन्दाबाट उठेको रकम
(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ।

१३. **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** गाउँपालिका वा तोकिएको अधिकारीले गाउँ शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालय कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ।

१४. **विद्यालयको सम्पतिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ।

(३) कम्पनि अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनिको नाममा रहनेछ।

१५. **विद्यालयलाई छुट र सुविधाः** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्नेछैन।

१६. **विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

१७. **विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नु पर्नेः** विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय हाता भित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्र कायम गर्नु पर्नेछ।

१८. **शुल्क सम्बन्धि व्यवस्थाः** (१) नेपाल सरकार वा गाउँपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार वा गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

१९.**शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण र अन्य व्यवस्थाः** (१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँपालिकामा एक शिक्षक महासंघ रहनेछ।

(२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने छ।

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप सञ्चालन गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा।

२०. **स्थायी आवासीय अनुमति लिन नहुने:** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन।यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ।

२१. **शैक्षिक योग्यता:** विद्यालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

२२. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने:** गाउँ शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

२३. **बालबालिकालाई निष्काशन गर्न, शारीरिक र मानसिक दुर्व्यवहार गर्न नहुने:** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

२४. **शिक्षकको सरुवा:** (१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फाराम भरी गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(२)शिक्षकको सरुवा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने:** नियमानुसार विदा स्विकृत गराई वसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलव भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन।

२६. **अध्यापन अनुमति पत्र लिनुपर्ने:** आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि विद्यालयमा शिक्षण गर्न पाउने छैन।

२७. **विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायका रकमहरु रहनेछनः-

(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान
(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान
(ग) गाउँ शिक्षा कोषबाट प्राप्त अनुदान
(घ) शुल्कबाट प्राप्त अनुदान
(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान
(च) अन्य स्रोतबाट प्राप्त अनुदान

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ।

२८. **अनुमति नलिई शैक्षिक परामर्श सेवा, व्रिज कोर्ष कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने:** (१) कसैले पनि गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, व्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा र ट्युसन वा कोचिङ्ग सेन्टर सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिमको शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२९. प्रारम्भिक बालविकास शिक्षाः** (१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(२) गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ।

**३०. अनौपचारिक शिक्षाः** गाउँपालिकाले स्थानीय आवश्यकताको आधारमा अनौपचारिक शिक्षा, विशेष शिक्षा, निरन्तर सिकाई, दूर शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

**३१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले समुदायमा साक्षरता, सिप विकास, आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

**३२. प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाँउपालिकामा बुझाउनु पर्नेछ।

**३३. दण्ड र सजायः** (१) कसैले विद्यालयको सम्पति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्विकृति वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, व्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा।

**३४. अदालतको आदेशबाट पुनर्बहाली हुन सक्नेः** विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्नेछ।

**३५. मुद्दा हेर्ने अधिकारीः** (१) दफा ३३ बमोजिम सजाय हुने कसुर सम्बन्धि मुद्दामा कारवाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकील कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ।

३६. **दरबन्दी सिर्जना गर्न सक्नेः** नेपाल सरकार द्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयका लागि गाउँपालिकाले आवश्यकता अनुसारनिश्चित समयका लागि करार शिक्षक तथा कर्मचारी पद सिर्जना गर्न सक्नेछ।

३७. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्य पालिकाले नियम बनाउन सक्नेछ।

३८. **निर्देशिका बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनका लागि गाउँपालिकाको शिक्षा हेर्ने निकायले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

३९. **बाधा अड्काउ हटाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ,त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

४०. **बचाउ र लागू नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संविधानसंग बाझिएको हकमा स्वतः निष्क्रिय हुनेछन।

नेपालको संविधान, २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन बमोजिम सानीभेरी गाँउसभाद्धारा पारित आर्थिक बर्ष २०७४०७५ को सानीभेरी / गाँउपालिकाको शिक्षा ऐन, २०७४ यस सानीभेरी गाँउपालिका अध्यक्ष श्री नरबहादुर पुन बाट प्रमाणिकरण गरिएको छ।




नामः नर बहादुर पुन
पदः गाउँपालिका अध्यक्ष
मितिः २०७४/०९/०४

# सानीभेरी गाउँपालिकाको शिक्षा नियमावली, २०७४

**गाउँ कार्यपालिकाबाट पारित मिति : २०७४/०९/१३**

**पहिलो संशोधन : २०७४/१०/१०**

**दोस्रो संशोधनः २०७५/०१/०५**

**तेस्रो संशोधनः २०७५/०५/११**

**चौथो संशोधनः २०७६।०५।१३**

सानीभेरी शिक्षा ऐन, २०७४ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी सानीभेरी गाउँ कार्यपालिकाले सानीभेरी शिक्षा नियमावली, २०७४ जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "सानीभेरी गाउँपालिकाशिक्षा नियमावली, २०७४" रहेकोछ ।

(२) यो नियमावली सानीभेरी गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-

(क) "ऐन" भन्नालेसानीभेरी गाउँपालिकाको शिक्षा ऐन, २०७४लाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाल सानीभेरी गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले नियम ८५ वमोजिमको विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(च) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(ज) "परीक्षा समिति" भन्नाले नियम ३४ बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(झ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(ञ) "प्रधानाध्यापक" भन्नाले नियम ५० बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ट) "प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।

(ड) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि नियम ३८ बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ ।

(ढ) "व्यवस्थापन समिति" भन्नाले नियम २६ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ण) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(त) "शाखा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(थ) "शिक्षा,युवा तथा खेललकूद शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने कार्यालय/विभाग/महाशाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(द) "शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(ध) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(न) "शिक्षा समिति" भन्नाले गाउँपालिकाको नियम २४ अनुसार गठन भएको शिक्षा सम्बन्धी समिति सम्झनु पर्छ ।

(प) "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(फ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देस्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ब) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(भ) "समुदायद्वारा सञ्चालित विद्यालय" भन्नाले नियम ५ बमोजिम स्वीकृति प्राप्त गरी स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(म) "सामुदायिक शिक्षक" भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारबाट स्वीकृत वा अनुमोदन प्राप्त दरबन्दी अन्तर्गत व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षक सम्झनु पर्छ ।

(य) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्र लाई सम्झनु पर्छ ।

(र) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदलेबनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ल) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा संचालन गर्ने गरी नियम ५ बमोजिम अनुमतिपाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था

**३. विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनु पर्ने :** (१) कसैले विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा चार महिना अगावै अनुसूची १ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**४. विद्यालय खोल्नको लागि पूरा गर्नु पर्ने पूर्वाधार :** विद्यालय खोल्नको लागि अनुसूची २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ।

**५. विद्यालय खोल्न अनुमति दिने :** (१) नियम ३ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमाँ शिक्षा,युवा तथा खेलकूद शाखा प्रमुखले निवेदनसाथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ । त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा आधारभूत विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा दुई महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा तीन महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन ँ शिक्षा शाखा प्रमुखले शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदनमा अनुमति माग गरिएको विद्यालय सामुदायिक वा संस्थागत कुन स्वरुपमा संचालन गर्ने अनुमति माग गरिएको हो सो का सम्बन्धमा एकिन उल्लेख हुनु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम शिक्षा समितिको वैठकबाट अनुमति दिने सिफारिसको निर्णय भएमा कार्यापालिका समक्ष पठाउनु पर्नेछ । यसरि प्राप्त सिफारिशको आधारमा कार्यपालिकाले स्विकृति सम्बन्धमा आफ्नो सिफारिस सहित गाउँसभामा पेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) अनुसार गाउँसभाले कार्यपालिकाको सिफारिस उपयुक्त लागेमा विद्यालय खोल्न अनुमति दिन सक्नेछ। गाउँसभा को निर्णय बमोजिम शिक्षा शाखा प्रमुखले अनुसूचि ३ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(४) यसरी अनुमति दिँदा प्राथमिक विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा ३० दिन अगावै दिनुपर्नेछ र माध्यमिक विद्यालयको हकमा शैक्षिकसत्र सुरु हुनुभन्दा दुई महिना अगावै अनुमति दिनुपर्नेछ ।

(५) उपनियम (२) वमोजिम शिक्षा समितिले विद्यालय खोल्ने अनुमतिको सिफारिश गर्ने निर्णय गर्दा विद्यालय नक्साङकन, स्कुल जोनिङ्ग र गाउँ शिक्षा समितिले निर्धारण गरेको गाउँपालिका र वडाको लागी विद्यालयको अधिकतम संख्याको अधीनमा रही दिनु पर्नेछ ।

(६) कसैले ऐन तथा यस नियमावली विपरीत अनुमति दिएको वा प्राप्त गरेको पाइएमा गाउँकार्यपालिकाले छानविन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्नेछ र त्यस्तो अनुमति दिनका लागि सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

**६. विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देज :** विद्यालयले पालन गर्नु पर्ने शर्त तथा बन्देजहरू देहाय बमोजिम हुनेछन् :

(क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्ने,
(ख) शिक्षा समितिको स्वीकृति नलिई थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने,
(ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गराउन नहुने,
(घ) विद्यालयमा वालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बातावरण सृजना गर्ने,

(ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु ,

(च) यस नियमावली बमोजिम आय व्ययको लेखा राख्नु पर्ने,

(छ) विद्यालयले गरेको लगानीको अभिलेख राख्नु पर्ने,

(ज) विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता, जातीय, क्षेत्रीय, भाषिक, लैगिक , सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने,

(झ) सामुदायिक विद्यालयमा गाउँ कार्यपालिकाले तोकेको संख्याको अधिनमा रही शिक्षक सेवा आयोगको सिफारिस अनुसार शिक्षक नियुक्ति गर्नु पर्नेछ,

(ञ) विद्यालयमा नियमित रुपमा परियोजना कार्य, सामाजिक सेवा,अतिरिक्त क्रियाकलाप, तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्ने,

(ट) विद्यालय तथा छात्रावासमा स्वस्थकर, सत्य, निष्ठा र नैतिक चरित्र निर्माण, उद्यमशिलता पवर्द्धन, समाजिक सद्भाव प्रवद्धर्न तथा सामाजिक विकृति (वालविवाह, नीरक्षरता, छाउपडी, दहेज, बोक्सावोक्सी, छुवाछुत, जातिगत उचनीचता, छोरी माथिको विभेद आदि ) उन्मुलन को वातावरण कायम गर्न स्थानीय पाठ्यक्रम तयार गरी स्वीकृतिको लागि प्रस्तुत गर्ने र कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने,

(ठ) आवासीय विद्यालयमा शिक्षा समितिले निर्धारण गरे बमोजिम विद्यार्थीको लागि खाना तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नु पर्ने,

(ड) गाउँसभाले पारित गरेको कानून तथा शैक्षिक नीतिको अधिनमा रही काम गर्नुपर्ने छ ,

(ढ) यस नियमावली बमोजिम पूरा गर्नु पर्ने पूर्वाधारहरू कायम राख्नु पर्ने र विद्यार्थी संख्याका आधारमा पूर्वाधारको विस्तार तथा स्तर वृद्धि गर्नुपर्ने,

(ण) मन्त्रालय वा शिक्षा युवा तथा केलकूदशाखाले निर्धारण गरेको ढाँचामा विद्यालयले शैक्षिक तथ्याङ्क तयार गरी शैक्षिक सत्र सकिएको १५ दिन भित्र शिक्षा, युवा तथा खेलकूद शाखामा पठाउनु पर्ने,

(त) विद्यालयले विद्यार्थीको लागि प्रयोग गर्ने सवारी साधन प्रचलित कानून बमोजिमको मापदण्ड अनुरुप परीक्षण गरिएको हुनु पर्ने,

(थ) तोकिएको मापदण्ड अनुरुप विद्यालयको भवन तथा कक्षाकोठा सफा तथा सुरक्षित राख्नु पर्ने,

(द) प्रत्येक वर्ष विद्यालयको भौतिक तथा सामाजिक परीक्षण गराई त्यसको प्रतिवेदन शिक्षा, युवा तथा खेलकूद शाखामा पठाउनु पर्नेछ ।

७. **विद्यालय खोल्न स्वीकृति प्रदान गर्ने :** (१) नियम ५ को उपनियम (३) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले स्वीकृतिको लागि अनुसूची-४ बमोजिमको ढाँचामा गाउकार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

**विषयः प्रारम्भिक वाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाऊँ ।**

शैक्षिक सत्र.................देखि प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदायरविद्यालय व्यवस्थापन समितिको मिति...................को निर्णयानुसार देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छुरछौं ।

(क) प्रस्तावित प्रारम्भिक वाल शिक्षा केन्द्रको,-

(१) नाम :

(२) ठेगाना : गाउँपालिका/नगरपालिका ................... वडा नं. स ......................... गाउँ वा टोल.................... फोन नं.........

(३) सेवा पुर्‍याइने बालबालिकाको संख्या :

(ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आबद्धता दिने विद्यालयको,-

(१) नामः- (२) ठेगानाः- (३) फोन नंः

(ग) प्रस्तावित प्रारम्भिक वाल शिक्षा केन्द्रको भौतिक पूर्वाधारहरू :

(१) भवनः (अ) कोठा (आ) कच्ची वा पक्की (इ) के ले बनेको (ई) भाडारआफ्नैरसार्वजनिक

(२) फर्निचरको विवरणः (अ) मेच : (आ) टेवुल : (इ) वेञ्चरडेस्क :

(३) खेलकुद मैदान र त्यसको क्षेत्रफलः(अ) आफ्नै (आ) भाडामा वा सार्वजनिक (इ) अन्य

(४) शौचालयको अवस्थाः (अ) संख्या (आ) कच्चीरपक्की (इ) पानीको व्यवस्था भए नभएको

(५) खानेपानीको अवस्थाः (अ) बोकेर ल्याउने (आ) धाराबाट प्राप्त (इ) पर्याप्त/अपर्याप्त

(६) पाठ्यसामग्रीको नाम र संख्या : (अ) (आ) (इ)

(७) आर्थिक विवरणः(अ) अचल सम्पत्ति (आ) चल सम्पत्ति (इ) अन्य

(८) आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छः

(९) अन्य कुनै विवरण भए उल्लेख गर्नेः

माथि लेखिएको विवरण ठीक छ ,झुट्टा ठहरे कानून बमोजिम सहुँलारबुझाउँला ।

निवेदकको,-

संस्थाको छाप सहीः नामः-

ठेगाना : मितिः-

संलग्न कागजात :

(१) भवन खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण ।

(२) संस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन ।

(३) आपसी सहयोग समूहबाट निवेदन गरिएको भए त्यस्तो समूहको वैठकको निर्णय ।

(४) कुनै विद्यालयसँग आवद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो विद्यालयको सिफारिस ।

## अनुसूची-१०

**(नियम ३८ को उपनियम (२) सँग सम्बन्धित)**

**प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न दिइने अनुमति**

श्री..............................
................................।

**विषय : प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न दिइएको अनुमति**

तपाईंले त्यस विद्यालयरसंस्थाले प्रारम्भिक वाल शिक्षा केन्द्र सञ्चालन गर्ने सम्बन्धमा यस ............. गाउँ कार्यपालिकाको कार्यालयमा दिनु भएको निवेदन उपर कारबाही हुँदा शिक्षा नियमावली, ........ समेतको पूर्वाधार पूरा गरेको र यस गाउँ कार्यपालिकारनगर कार्यपालिकाको नक्साङ्कनमा परेकोले शैक्षिकसत्र.................देखि प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गरिएकोछ ।

अनुमति प्रदान गर्ने अधिकारीको,-                                        कार्यालयको छाप

सही:

नाम :

पद:

मिति:

## अनुसूची-११

**(नियम ५० को उपनियम (३) सँग सम्बन्धित)**

**विद्यालय विकास प्रस्तावको नमुना**

१) विद्यालयलको वर्तमान शैक्षिक र आर्थिक अवस्था:
२) विद्यालयले हासिल गर्नु पर्ने अपेक्षित उपलब्धि :
३) वर्तमान अवस्था र अपेक्षित उपलब्धीका सूचकगत अन्तर :
४) अपेक्षित उपलब्धि हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना :
५) कार्य योजनाका मूल्याङ्कनका सूचकहरु :

**अनुसूची -१२**
**(नियम ५६ उपनियम (२) सँग सम्बन्धित)**

# विद्यालयमा रहने शिक्षक दरवन्दी

**विद्यालयमा कम्तीमा देहाय बमोजिम शिक्षक दरबन्दी रहनेछन् :**

(क) प्रारम्भिक बाल शिक्षा वा नर्सरी देखि पाँच कक्षा सञ्चालन भएको विद्यालयमा पचास जनासम्म विद्यार्थी भएमा कम्तीमा तीन जना र सोभन्दा बढी बिद्यार्थी भएमा कम्तीमा चार जना शिक्षक।

(ख) आधारभूत तहको विद्यालयमा : प्रारम्भिक बाल शिक्षा वा नर्सरीदेखि आठ कक्षा सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा नौ जना शिक्षक :

(१) अंग्रेजी मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(२) विज्ञान वा गणित मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(३) नेपाली वा संस्कृत मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(५) प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको चार जना
(६) साविकको एस.एल. सी. वा सो सरह उत्तीर्ण गरेको एक जना।

(ग) माध्यमिक विद्यालयमा:

१. नौं कक्षा देखि दश कक्षासम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तहको पाँच जना शिक्षकः-

(१) अंग्रेजी मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(२) गणित वा विज्ञान मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(३) नेपाली मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना।

२. नौं कक्षा देखि बाह्र कक्षासम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा नौ जना शिक्षक :

(१) अंग्रेजी मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(२) गणित मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(३) नेपाली मूल विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(४) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको एकजना
(५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको दुईजना
(६) विज्ञान मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको एकजना
(७) अन्य विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको दुईजना ।

३. प्रारम्भिक बाल शिक्षा देखि दश कक्षासम्म सञ्चालन भएको विद्यालयमा खण्ड (ख) र खण्ड (ग) को उपखण्ड (१) बमोजिमको दरबन्दी रहनेछ।

४. प्रारम्भिक बाल शिक्षा देखि बाह्र कक्षासम्म सञ्चालन भएको विद्यालयमा खण्ड (ख) र खण्ड (ग) को क्रमसंख्या (२) बमोजिमको दरबन्दी रहनेछ।

**द्रष्टव्य:**

(१) खण्ड (ख) को क्रमसंख्या (१) देखि (४) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन।

(२) खण्ड (ग) को उपखण्ड १ को क्रमसंख्या (१) देखि (४) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन।

(३) खण्ड (ग) को उपखण्ड २ को क्रमसंख्या (१) देखि (७) सम्मका कम्तीमा एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन।

(४) शिक्षक नियुक्तिको लागि आवश्यक पर्ने तालीम प्रचलित कानून बमोजिम हुनेछ।

(५) हाल विद्यालयमा उपरोक्तानुसारका विषयका योग्यता भन्दा कम योग्यता भएका स्थायी शिक्षक रहेछन् भने त्यस्ता शिक्षक पदबाट नहटेसम्म साविक बमोजिमकै योग्यता भएका शिक्षकवाट अध्यापन हुने।

(६) उल्लिखित दरवन्दी भित्र प्रधानाध्यापकको पद समेत समावेश रहनेछ।

# अनुसूची-१३
## (नियम ५७ को उपनियम (११) सँग सम्बन्धित)
## रमाना पत्र

पत्रसंख्या: मिति :

श्री …………………

………………………… ।

त्यस विद्यालयमा सरुवा हुनु भएका श्री ……………………………………लाई निजको विवरण सहितको रमानापत्र दिई त्यस विद्यालयमा हाजिर हुन पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

१. शिक्षक वा कर्मचारीको नाम, थर :

२. संकेत नम्बर :

३. साविक : (क) तह : (ख) श्रेणी : (ग) पद :
(घ) शिक्षक भए विषय : (ङ) विद्यालय :

४. सरुवा भएको (क) निर्णाय मिति : (ख) सरुवा गर्ने कार्यालय : (ग) तह :
(घ) श्रेणी : (ङ) पद : (च) विषय (छ) विद्यालय :

५. बरबुझारथ सम्वन्धी विवरण:
गरेको नगरेको

६. रमाना हुने मिति : …………………

७. रमानापत्रको मिति सम्म खर्च भएका बिदा :
(क) भैपरी आउने र पर्व बिदा ……………… दिन ।
(ख) बिरामी बिदा ……………… दिन ।
(ग) प्रसुती बिदा बिदा ……………… दिन ।
(घ) प्रसुती स्याहार बिदा ……………… पटक ।
(ङ) अध्ययन बिदा ……………… दिन ।
(च) असाधाराण बिदा ……………… दिन ।
(छ) वेतलवी बिदा ……………… दिन ।

८. रमानापत्रको मितिसम्म संचित बिरामी बिदा : ……………… दिन ।

९. विद्यालयमा रुजु हाजिर भएको दिन :

१०. खाइपाई आएको मासिक (क) तलब : (ख) वृद्धि रु तलब :

११. तलब भुक्तानी लिएको अन्तिम मिति :

१२. कर्मचारी संचयकोष कट्टी रकम :

१३ भुक्तानी लिएको उपचार खर्चको रकम : मिति :

१४. तलववृद्धि हुन सुरु भएको सुरु मिति :

१५. नागरिक लगानी कोषकट्टी रकम :

१६. आयकर कट्टी रकम :

१७. (क) सावधिक जीवन बीमा कोषमा जम्मा भएको साल…….महिना…… .गते….
(ख) सावधिक जीवन बीमावापत वार्षिक प्रिमियम तिरेके साल…..महिना… गते ….

१८. चाडपर्व खर्च लिने चाडको नाम र सो चाड पर्ने तिथि र सम्भावित महिना :

१९. शिशुस्याहार भत्ता लिएको विवरण :

**बोधार्थ :**

श्री विद्यालय शिक्षक किताबखाना ।

श्री कर्मचारी संचयकोष ।

श्री ………. विद्यालय ।

श्री …………………(सम्बन्धित शिक्षक वा कर्मचारी) सरुवा भएको कार्यालयमा हाजिर हुन जानु हुन ।

**अनुसूची-१४**
**(नियम ५८ को उपनियम (१) सँग सम्बन्धित)**

# सरुवा हुन दिइने निवेदन

श्री शाखा अधिकृत ज्यु ,
............गाउँपालिका ।

**विषयः सरुवा सम्बन्धमा ।**

मलाई निम्न विद्यालयमा सरुवा गरिदिनु हुन निम्न विवरणहरु खुलाई निवेदन गरेको छु ।

शिक्षकको नाम, थरः
स्थायी ठेगानाः
तह र श्रेणीः
हालको विद्यालयको नाम र ठेगानाः
सरुवा भई जान चाहेको विद्यालयको नाम र ठेगानाः
योग्यता र तालीमः
स्थायी नियुक्ति मितिः
हालको जिल्लामा काम गरेको अवधिः
सरुवा माग गर्नु पर्ने कारणः

निवेदकको-
सहीः
नामः
कार्यरत विद्यालयः
मितिः

(१) सरुवा भई जाने विद्यालयको व्यवस्थापन समितिको सहमति

(क) यस विद्यालयका शिक्षक श्री ...............................लाई व्यवस्थापन समितिको मिति ......................... को निर्णय अनुसार यस विद्यालयबाट सरुवा भई जान सहमति दिइएको छ ।

विद्यालयको छाप　　　व्यवस्थापन समितिको अध्यक्षको-
सही :　　　नाम :
विद्यालय　　　मिति :

(ख) ...............गाउँपालिका......... अन्तर्गतको ........... विद्यालयका शिक्षक श्री ......................... लाई सो विद्यालयबाट सरुवा भई जान सहमति दिईएको छ ।

कार्यालयको छाप　　　शाखा अधिकृतकोः-
सही :　　　नाम :
मिति :

(२ ) सरुवा भई आउने विद्यालयको व्यवस्थापन समिति तथा शिक्षा शाखाको सहमति

(क) .............................. विद्यालयका शिक्षक श्री .................................. लाई व्यवस्थापन समितिको मिति ....................... को निर्णय अनुसार यस विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ ।

विद्यालयको छाप　　　व्यवस्थापन समितिको अध्यक्षको-
सही :　　　नाम :
मिति :　　　विद्यालय :

(ख)........................ विद्यालयका शिक्षक श्री .................................. लाई यस गाउँपालिका वा नगरपालिकाको ............... विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ ।

कार्यालयको छाप　　　शाखा अधिकृतकोः -
सही :　　　नाम :
मिति :

## अनुसूची-१५

## नियम ८६ को उपनियम (१) सँग सम्बन्धित

## विद्यालयको आय व्ययको खाता राख्ने ढाँचा

विद्यालयले आफ्नो आयव्ययको खाता देहाय बमोजिम राख्नुपर्नेः-

| खाताको नाम | तोकिएको फाराम नं. |
|---|---|
| १) विद्यालयको बजेट खाता | फा. नं. १ |
| २) आम्दानीको हिसाब खाता | फा. नं. २ |
| ३) खर्चको हिसाब खाता | फा. नं. ३ |
| ४) नगदी खाता | फा. नं. ४ |
| ५) बैंक खाता | फा. नं. ५ |
| ६) पेश्की खाता | फा. नं. ६ |
| ७) जिन्सी खाता | फा. नं. ७ |
| ८) मासिक आम्दानी खर्चको विवरण खाता | फा. नं. ८ |
| ९) शुल्कदर्ता किताब खाता | फा. नं. ९ |
| १०) वासलात खाता | फा. नं. १० |

## फा.नं. १

## विद्यालयको बजेट खाता

विद्यालयको नाम :
ठेगाना :
शैक्षिक सत्र............................. को बजेट

| व्यय | आय |
|---|---|
| शीर्षक नं. | शीर्षकको नाम |
| गत शैक्षिक सत्रको व्यय | यस शैक्षिक सत्रको प्रस्तावित व्यय |
| स्वीकृत रकम | |
| शीर्षकको नं. | शीर्षकको नाम |
| गत शैक्षिक सत्रको आय | यस शैक्षिक सत्रको प्रस्तावित आय |
| स्वीकृत रकम | कैफियत |

(१) (२) (३) (४) (५) (६) (७) (८) (९) (१०) (११)

प्रधानाध्यापकको सही व्यवस्थापन समितिका अध्यक्षको सही-

**द्रष्टव्य :**

(१) शिक्षकको सिलसिलेवार नम्बर लेख्ने
(२) शिक्षक तलब, मसलन्द, फर्निचर जस्ता खर्चतर्फ भएको शीर्षकको नाम लेख्ने
(३) नं. २ का शीर्षकह?मा गत वर्ष भएको खुद खर्च उल्लेख गर्ने
(४) चाल“ शैक्षिक सत्रको प्रस्तावित खर्च रकम लेख्ने
(५) चाल“ शैक्षिक सत्रको लागि व्यवस्थापन समितिले स्वीकृत गरेको रकमसम्म उल्लेख गर्ने
(६) आयतर्फको शीर्षकको सिलसिलेवार नम्बर लेख्ने
(७) सरकारी अनुदान, विद्यार्थी शुल्क (निजीको हकमा) जस्ता अन्य शीर्षकको नाम उल्लेख गर्ने
(८) गत शैक्षिक सत्रको खुद आम्दानी शीर्षक अनुसारउल्लेख गर्ने
(९) यस शैक्षिक सत्रको आम्दानीको प्रस्तावित रकम उल्लेख गर्ने
(१०) स्वीकृत रकम उल्लेख गर्ने (सरकारी अनुदानको रकम स्वीकृत तलब स्केल अनुसारहुनु पर्नेछ
(११) अन्य कुनैकुरा भए उल्लेख गर्ने .

## फा. नं. २

## आम्दानीको हिसाब खाता

विद्यालयको नामः

ठेगाना

वर्ष.....................महिना...................मिति

(१) विवरण

(२) रसिद नं.

(३) शीर्षक

(४) जम्मा रु.

(५) बैंक दाखिला

(६) कैफियत

(७) सरकारी अनुदान पढाइ शुल्क यस महिनाको जम्मा

**द्रष्टव्यः**

(१) आम्दानी भएको मिति उल्लेख गर्ने

(२) कहाँबाट वा कसबाट प्राप्त भएको उल्लेख गर्ने

(३) रसिद नं. उल्लेख गर्ने

(४) क'न शीर्षक बापत प्राप्त भएको हो सोही महलमा लेख्ने र आवश्यकता अनुसारमहल बढाउने

(५) प्राप्त भएको जम्मा रु. उल्लेख गर्ने

(६ प्राप्त रकममध्ये बैंक दाखिला भएको रकम उल्लेख गर्ने

(७) अन्य कुनै कुरा भए उल्लेख गर्ने .

## फा. नं. ३

## खर्चको हिसाब खाता

विद्यालयको नाम : ठेगाना :

वर्ष : महिना :

मिति

विवरण

भौचर नं. तलब भत्ता

अन्य शीर्षक जम्मा कैफियत

स्वीकृत दरबन्दीकर्मचारी दरबन्दी बाहिरको शिक्षक

(१) (२) (३) (४) (५) (६) (७) (८) (९)

यस महिनाको जम्मा

द्रष्टव्य :

(१) कारोबारको मिति उल्लेख गर्ने

(२) खर्चको विवरण उल्लेख गर्ने

(३) भौचर नं. उल्लेख गर्ने

(४) जि. शि. का. बाट अनुदान रकम प्राप्त हुने स्वीकृत दरबन्दीभित्रका शिक्षकहरुको तलब भत्ता खर्च रकम उल्लेख गर्ने

(५) विद्यालयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता खर्च रकम उल्लेख गर्ने

(६) अनुदान रकम प्राप्त नहुने दरबन्दी बाहिरको शिक्षकहरुको तलब भत्ता खर्च रकम उल्लेख गर्ने

(७) यसमा आवश्यकता अनुसारमसलन्द, फर्निचर, छपाई, सेवा, दै.भ्र.भ. जस्ता महलहरु खडा गरी रकम उल्लेख गर्ने

(८) महल ४, ५, ६ र ७ को जम्मा रकम उल्लेख गर्ने

(९) अन्य कुनैकुरा भए उल्लेख गर्ने .

## फा. नं. ४, ५ र ६

## नगदी /बैंक /पेश्की खाता

विद्यालयको नाम:

ठेगाना : वर्ष : महिना :

| मिति | विवरण | भौचर नं. | डेबिट | क्रेडिट | डेबिट/क्रेडिट | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) |

द्रष्टव्य :

(क) नगदी खाता प्रयोग गर्दा :

(१) मिति उल्लेख गर्ने
(२) छोटकरीमा आम्दानी खर्चको विवरण उल्लेख गर्ने
(३) भौचर नं. उल्लेख गर्ने
(४) नगद प्राप्त भएमा उल्लेख गर्ने
(५) नगद रकम बैंक दाखिला वा खर्च भएमा उल्लेख गर्ने
(६) महल ७ को बाँकी रकम डेबिट वा क्रेडिट बाँकी के हो ? डेबिट बाँकी भए डे. र क्रेडिट बाँकी भए क्रे. उल्लेख गर्ने
(७) बाँकी रकम उल्लेख गर्ने
(८) अन्य कुनैकुरा भए उल्लेख गर्ने .

(ख) बैंक खाता प्रयोग गर्दा :

(१) मिति उल्लेख गर्ने
(२) आम्दानी खर्चको छोटो विवरण र चेक नं. वा बैंक दाखिला भौचर नम्बर उल्लेख गर्ने
(३) भौचर नम्बर उल्लेख गर्ने
(४) बैंक दाखिला भएको रकम उल्लेख गर्ने
(५) बैंकबाट खर्च भएको रकम उल्लेख गर्ने
(६) बैंकमा डेविट बाँकी भए डे. र क्रेडिट बाँकी भए क्रे. लेख्ने
(७) बाँकी रकम उल्लेख गर्ने
(८) अन्य कुनैकुरा भए उल्लेख गर्ने .

(ग) पेश्की खाता प्रयोग गर्दा :

(१) मिति उल्लेख गर्ने
(२) पेश्की लिइएको वा फछ्र्यौट भएको काम उल्लेख गर्ने
(३) भौचर नम्बर उल्लेख गर्ने
(४) पेश्की दिएको रकम उल्लेख गर्ने
(५) पेश्की फछ्र्यौट भएको रकम उल्लेख गर्ने
(६) बाँकी पेश्की डेविट बाँकी भए डे. र क्रेडिट भए क्रे. उल्लेख गर्ने
(७) पेश्की बाँकी रकम उल्लेख गर्ने
(८) अन्य कुनैकुरा भए उल्लेख गर्ने .

**फा. नं. ७**

## जिन्सी खाता

विद्यालयको नाम

ठेगाना : वर्ष : महिना : मिति

| (१) विवरण | (२) मूल्य | (३) आम्दानी |
| --- | --- | --- |
| (४) खर्च | (५) बाँकी | (६) कैफियत |
| (७) प्रति इकाई | जम्मा | |

**द्रष्टव्य:**

(१) मिति उल्लेख गर्ने,

(२) सामानको नाम, प्राप्त वा खर्चको छोटो विवरण उल्लेख गर्ने

(३) सामानको प्रति इकाई दर उल्लेख गर्ने

(४) प्राप्त सामानको परिमाण उल्लेख गर्ने

(५) खर्च भएको सामानको परिमाण उल्लेख गर्ने

(६) बाँकीसामानको परिमाण उल्लेख गर्ने

(७) अन्य कुनैकुरा भए उल्लेख गर्ने, ईकाइमा गोटा, थान, दर्जन आदि उल्लेख गर्ने .

फा. नं. ८

## मासिक आम्दानी खर्चको विवरण खाता

विद्यालयको नामः

ठेगाना : वर्ष : महिना :

व्यय आय

शीर्षक नं. शीर्षकको नाम वार्षिक स्वीकृत रकम अघिल्लो महिनासम्मको खर्च रकम यो महिनाको खर्च जम्मा व्यय रकम शीर्षक नं. शीर्षकको नाम वार्षिक स्वीकृत रकम अघिल्लो महिनासम्मको आय रकम यो महिनाको आय जम्मा

(१) (२) (३) (४) (५) (६) (७ (८) (९) (१०) (११) (१२)

जम्मा बाँकीरकमः-

नगदः- बैंकः-

**द्रष्टव्य :**

(१) फा. नं. १ को व्ययको शीर्षक नं. उल्लेख गर्ने

(२) फा. नं. १ को व्ययको शीर्षकको नाम उल्लेख गर्ने

(३) फा. नं. १ को वार्षिक स्वीकृत व्यय रकम उल्लेख गर्ने

(४) गएको महिनासम्मको सम्बन्धित शीर्षकको खर्च रकम उल्लेख गर्ने

(५) यो महिनाको सम्बन्धित शीर्षकह?को खर्च रकम उल्लेख गर्ने

(६) महल नं. ४ र ५ को जम्मा रकम उल्लेख गर्ने

(७) फा नं. १ को आयको शीर्षक नं. उल्लेख गर्ने

(८) फा. नं. १ को आयको शीर्षक नाम उल्लेख गर्ने

(९) फा नं. १ को वार्षिक स्वीकृत आय रकम उल्लेख गर्ने

(१०) अघिल्लो महिनासम्मको सम्बन्धित शीर्षकको आय रकम उल्लेख गर्ने

(११) महल नं.१० र ११ को जम्मा रकम उल्लेख गर्ने .

(१२) बाँकी रकममा आय र व्ययको जम्मा रकमको फरक उल्लेख गर्ने .

## फा. नं. ९

## शुल्क दर्ता किताब खाता

विद्यालयको नाम
ठेगाना
कक्षा : वर्ष : महिना :
रो.नं. विद्यार्थीको नाम, थर
वैशाख जेष्ठ असार साउन भाद्र आश्विन कार्तिक मंसिर पौष माघ फागुन चैत्र
जम्मा

## फा. नं. १०

## वासलात खाता

विद्यालयको नाम :
वर्ष...................... को आखिरी दिन.....................सम्मको
दायित्व रकम सम्पत्ति रकम
१ २ ३ ४
प्रधानाध्यापक लेखापाल लेखापरीक्षक

द्रष्टव्य:
(१) विद्यालयको दायित्व विवरणहरु उल्लेख गर्ने,
(२) दायित्व रकम उल्लेख गर्ने,
(३) विद्यालयको चालू अचल सम्पत्तिको विवरण उल्लेख गर्ने,
(४) सम्पत्तिको रकम उल्लेख गर्ने ।

सानीभेरी शिक्षा ऐन, २०७४ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी सानीभेरी गाउँ कार्यपालिकाद्धारा यस सानीभेरी शिक्षा नियमावली, २०७४ यस सानीभेरी गाउँपालिका अध्यक्ष श्री नरबहादुर पुन बाट प्रमाणिकरण गरिएको छ ।




नाम : नर बहादुर पुन
पद : गाउँपालिका अध्यक्ष
मिति : २०७४/१०/१२

# सानीभेरी गाउँपालिकाको शिक्षा नीति-२०७५

गाउँ कार्यपालिकाबाट पारीत मितिः २०७५।०८।०९

**दीर्घकालीन सोंच**

सानीभेरी गाउँपालिका क्षेत्रका विद्यालय उमेर समूहका बालबालिका लगायत सबै नागरिकहरुलाई विद्यालय शिक्षा, अनौपचारिक,वैकल्पिक तथा खुला शिक्षा, निरन्तर शिक्षा र जीवनोपयोगी शिक्षाको माध्यमबाट गुणस्तरीय, प्राविधिक तथा व्यावसायिक र सीपयुक्त शिक्षाको पहुंच सुनिश्चित गर्दै दक्ष, आत्मनिर्भर, शिक्षित र सक्षम नागरिक तयार गरी शान्त,समृद्ध, व्यवस्थित र सभ्य गाउँपालिका निर्माण गर्ने।

**सानीभेरी गाउँपालिकाले अवलम्वन गर्ने शिक्षा नीतिहरु**

(क) ३ देखि ५ वर्ष उमेर समूहका बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षामार्फत आधारभूत शिक्षाको लागि तयार पारिनेछ ।

(ख) ५ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिकाका लागि गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुंच सुनिश्चित गरिनेछ ।

(ग) १३ देखि १६ वर्ष उमेर समूहका बालबालिकाका लागि गुणस्तरीय, प्राविधिक तथा व्यावसायिक र सान्दर्भिक माध्यमिक शिक्षामा पहुंच अभिवृद्धि गरिनेछ ।

(घ) स्थानीय पाठ्यक्रम निर्माणलाई निर्दिष्ट ढाँचाअनुरुप स्थानीय आवश्यकताका आधारमा व्यावहारिक, जीवनोपयोगी एवम् समसामयिक बनाइनेछ ।

(ङ) राष्ट्रिय पाठ्यक्रम प्रारुपलाई आधार मान्दै संघीय, प्रादेशिक तथा स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरुलाई समेत ध्यान दिइ पाठ्यपुस्तक लगायत अन्य खुला सन्दर्भ सामग्रीहरुको खोजी र प्रयोगमा जोड दिइनेछ।

(च) शिक्षाको माध्यम भाषा मातृभाषा,नेपाली वा अंग्रेजी हुनसक्नेछ ।

(छ) विद्यार्थी मूल्याङ्कन प्रणालीलाई परिमार्जन गरी मासिक, त्रैमासिक, अर्धवार्षिक र बार्षिक मूल्याङ्कनको व्यवस्था मिलाइनेछ। शिक्षक, विद्यार्थी, अभिभावक, वडा शिक्षा समिति रशिक्षा, युवा तथा खेलकुद शाखाको सहभागितामाविद्यार्थी सिकाई उपलब्धीको समिक्षा तथा विश्लेषण गरी शिक्षण सिकाइ सुधारका उपायहरु पहिचान गरी अवलम्बन गरिनेछ साथै मूल्याङ्कनको अभिलेखीकरण र प्रमाणिकरणलाई व्यवस्थित गरिनेछ ।

(ज) विद्यालयमा न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गरिनेछ । प्रत्येक शैक्षिक सत्रको अन्त्यमा विद्यालयको भौतिक पुर्वाधारको अध्ययन विश्लेषण गरी सुधारको कार्ययोजना तय गरिनेछ ।

(झ) प्रत्येक बर्ष शैक्षिक सत्र शुरु हुनु अगावै विद्यार्थी संख्या, विषय, संचालित कक्षा र तहको आधारमा विद्यालयहरुको वितरण, पुनर्वितरण, कक्षा तथा तह थप, कक्षा तथा तहबन्द, कक्षा तथा तह गाभ्ने, विद्यालय सार्ने, गाभ्ने तथा विद्यालय वन्द गर्ने काम गरी विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलानलाई एकिकृत रुपमा व्यवस्थित गरिनेछ ।

(ञ) संघिय शिक्षा ऐन र प्रादेशिक शिक्षा ऐनमा उल्लेख भई आएमा सोही अनुसार र नभएमा गाउँ शिक्षा ऐन र नियमावली तथा अन्य कार्यविधि अनुसार शिक्षक कर्मचारी व्यवस्थापन गरिनेछ ।

(ट) प्रधानाध्यापकलाई विद्यालयको समग्र शिक्षण सिकाइ सुधार तथा व्यवस्थापनको लागि जिम्मेवार बनाइनेछ।

(ठ) शिक्षकहरुलाई आ-आफ्नो विषयको विद्यार्थी सिकाइ उपलब्धीको लागि जिम्मेवार तथा जवाफदेही बनाइनेछ ।

(ड) शिक्षकहरुलाई सिकाइ उपलव्धि तथा कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ।

(ढ) गाउँपालिका स्तरमा राजनैतिक आस्था तथा विचारका आधारमा स्थापना गरिएका शिक्षक कर्मचारीका दलगत ट्रेड यूनियन तथा संगठनहरु भन्दा शिक्षक कर्मचारीका पेशागत हकहितको रक्षा तथा व्यावसायिक दक्षता अभिबृद्धिको लागि गाउँपालिका स्तरमा आधिकारीक रुपमा एक मात्र शिक्षक कर्मचारी पेसागत महासंघ रहने कानूनी प्रावधान गरिनेछ ।

(ण) विद्यालय हाताभित्र विद्यालय समयमा शिक्षण सिकाइलाई नकारात्मक असर पर्नेगरी दलगत सभा, सम्मेलन, बैठक, कार्यशाला, प्रशिक्षण, कार्यक्रम लगायतका दलगत राजनीतिक गतिविधि गर्नको लागि पूर्णतया रोक लगाइनेछ ।

(त) विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुलाई वैकल्पिक तथा खुला शिक्षाको माध्यमबाट शिक्षा प्राप्त गर्ने र प्रमाणीकरण गर्ने व्यवस्था गरिनेछ ।

(थ) महिला तथा आर्थिक रुपले विपन्न समुदायलाई केन्द्रविन्दुमा राखी युवा तथा प्रौढहरुलाई अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाको माध्यमबाट जीवनोपयोगी, आधारभूत गणितीय तथा साक्षरता सीप प्रदान गरिनेछ ।

(द) प्राविधिक तथा व्यावसायिक शिक्षालाई सीपमूलक बनाई स्थानीय रोजगारी तथा स्वरोजगारी सृजनामा केन्द्रित गरिनेछ ।

(ध) शिक्षक तालिमलाई खोज, अनुसन्धान र आवश्यकतामा आधारित बनाई नविनतम प्रविधिमैत्री बनाइनेछ ।

(न) विद्यालयका भौतिक, शैक्षिक, आर्थिक र मानवीय पक्षलाई व्यवस्थित गर्नको लागि शिक्षक, अभिभावक र विद्यार्थीको सहभागितामा जिम्मेवारी किटानी सहितका विद्यालय व्यवस्थापन, शिक्षक अभिभावक संघ लगायतका समिति तथा उपसमितिहरुको निर्माण तथा कार्यान्वयन गरिनेछ ।

(ऩ) विशेष आवश्यकताका बालबालिकाका लागि आवासीय सुविधा सहितको विद्यालयहरु संचालन गरिनेछ । प्रत्येक वडामा न्यूनतम पूर्वाधार र गुणस्तर सहितको नमुना सामुदायिक विद्यालयको स्थापना, संचालन गरिनेछ ।

**(प)** चरम गरिबीले आक्रान्त, द्वन्दपिडित, अभिभावक गुमाएका र असहाय बालबालिकालाई गाउँपालिका स्तरमा आवासीय रुपमा पठनपाठनको व्यवस्था मिलाइनेछ ।

(फ) गाउँपालिका स्तरमा संचालित तथा संचालन हुन चाहने संस्थागत विद्यालयहरुले गाउँपालिकाको सिफारिसमा आर्थिक रुपले विपन्न, गरिब, दलित तथा सिमान्तकृत समुदायका बालबालिकालाई ऐन, नियमावलीले तोकेको निश्चित कोटामा निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

(ब) गाउँपालिकाको प्रत्येक वडामा न्यूनतम पुर्वाधारहरु रहेको कम्तिमा एउटा नमुना विद्यालय संचालनमा ल्याइनेछ ।

(भ) गाउँपालिका स्तरमा दिर्घकालीन,मध्यमकालीन र तत्कालीन शैक्षिक सुधारका अभियानहरु संचालन गरिनेछ ।

(म) गाउँपालिका स्तरमा संचालित ट्युशन, कोचिङ्ग सेन्टर, शैक्षिक परामर्श केन्द्र, आवधिक छोटो अवधिका तालिम लगायत विद्यालय बाहिर हुने अध्यापन तथा शैक्षिक क्रियाकलापलाई नियमन, अनुगमन, मूल्याङ्कन, अभिलेखीकरण र व्यवस्थापन गरिनेछ ।

(य) गाउँपालिका स्तरमा बन्ने नीति, ऐन, नियम तथा कानून निर्माणमा शैक्षिक सरोकारवालाहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

(र) गाउँपालिका स्तरमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन हुने शिक्षा, युवा तथा खेलकुदसंग सम्बन्धित कार्यक्रमलाई एकिकृत गरी गाउँपालिकाको एकद्वार प्रणालीमार्फत संचालन गरिनेछ ।

(ऱ) "एक विद्यालय- एक पुस्तकालय" को नीति अवलम्बन गरिनेछ।

(ल) "एक विद्यालय- एक प्रारम्भिक बालविकास केन्द्र" को नीति अवलम्बन गरिनेछ।

( ) विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठनलाई कार्यान्वयनमा ल्याइनेछ।

( ) शिक्षण सिकाईमा सुचना तथा सञ्चार प्रविधि(ICT)को प्रयोगलाई कार्यान्वयनमा ल्याइनेछ।

(व) प्रत्येक माध्यमिक विद्यालयमा गणित, अंग्रेजी र विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ।

(श) अभिभावक सचेतनाका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

(ष) गाउँपालिकाको सम्पूर्ण शैक्षिक गतिविधि समावेश भएको शैक्षिक प्रोफाइल निर्माण गरिनेछ।

(स) बालविवाह न्युनीकरणलाई विद्यालय शिक्षा संग आवद्ध गरी अगाडी बढाइनेछ।

(ह) सानीभेरी गाउँपालिकालई बालविवाहतथा छुवाछुत मुक्त गाउँपालिका बनाउनको लागि शिक्षा क्षेत्रलाई वृहत रुपमा परिचालन गरिनेछ।

(क्ष) दिवा खाजा कार्यक्रमलाई क्रमशः सबै विद्यालयहरुमा विस्तार गरिनेछ।

(त्र) गरिव तथा जेहेन्दार विद्यार्थीहरुका लागि प्रतिस्पर्धाका आधारमा उच्च शिक्षा तथा प्राविधिकशिक्षा अध्ययनको व्यवस्था मिलाइनेछ।

***

# शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका- २०७५

गाउँ कार्यपालिका द्वारा पारित मितिः२०७५।०८।०९

पहिलो संशोधन २०७६/०५/१३

**प्रस्तावनाः** सानीभेरी गाउँपालिका स्थित विद्यालयहरुमा गाउँपालिका द्वारा उपलव्ध गराइएको शिक्षक तथा कर्मचारी अनुदान रकमलाई व्यवस्थित गरी शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्न सानीभेरी गाउँकार्यपालिकाले यो निर्देशिका निर्माण गरी जारी गरेको छ।

## परिच्छेद १ः
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम **"शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका - २०७५"** रहेको छ।

१.२ यो निर्देशिका सानीभेरी गाउँपालिकाभर तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

२.१ **शिक्षक** भन्नाले गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी विद्यालय व्यवस्थापन समितिबाट नियुक्त शिक्षक सम्झनुपर्छ।सो शव्दले प्रारम्भिक बालविकास केन्द्रमा नियुक्त शिक्षक समेतलाई बुझाउँदछ।

२.२ **कर्मचारी** भन्नाले विद्यालयमा लेखा सम्बन्धि कामकाज गर्न नियुक्त विद्यालय सहायकलाई सम्झनुपर्छ।

२.३ **अनुदान** भन्नाले गाउँपालिकाले विद्यालयमा शिक्षक तथा कर्मचारी अभाव पूर्ति गर्न विद्यालयमा स्थायी दरबन्दी सिर्जना नहुन्जेल सम्मका लागि मात्र उपलव्ध गराएको अनुदान रकम सम्झनुपर्छ।

२.४ **गाउँपालिका** भन्नाले सानीभेरी गाउँपालिका सम्झनुपर्छ।

२.५ **गाउँकार्यपालिका** भन्नाले सानीभेरी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

२.६ **शिक्षा नियमावली** भन्नाले सानीभेरी गाउँकार्यपालिकाले निर्माण गरेको शिक्षा नियमावली-२०७४

सम्झनुपर्छ।

## परिच्छेद २

## शिक्षक अनुदान उपलव्ध गराउने आधारहरु

३. गाउँपालिकाले विद्यालयलाई शिक्षक अनुदान देहायबमोजिमका आधारमा उपलव्ध गराउनेछ।

३.१. विद्यालयमा सञ्चालित तह र कक्षा,

३.२. विद्यालयमा भएको विद्यार्थी संख्या र विद्यालय सेवा क्षेत्र,

३.३. विद्यालयमा उपलव्ध दरबन्दी संख्या,

३.५. विद्यालयमा पढाइ हुने विषयहरु,

३.६. विद्यालयमा सञ्चालित प्राविधिक धार,

३.७. गाउँकार्यपालिकाले तोकेका अन्य आधारहरु

४. न्यूनतम रुपमा विद्यालयमा देहायबमोजिम दरबन्दी हुने गरी शिक्षक अनुदान रकम उपलव्ध गराइनेछ।

४.१. कक्षा १-३ सञ्चालित विद्यालयः न्यूनतम २ दरबन्दी

४.२. कक्षा १-५ सञ्चालित विद्यालयः न्यूनतम ३ दरबन्दी

४.३. कक्षा ६-८ सञ्चालित विद्यालयः न्यूनतम ३ दरबन्दी

४.४. कक्षा ९-१० सञ्चालित विद्यालयः न्यूनतम ३ दरबन्दी

४.५. कक्षा ११-१२ सञ्चालित विद्यालयः न्यूनतम २ दरबन्दी

## परिच्छेद ३

## शिक्षक नियुक्ति प्रक्रिया

५.गाउँपालिकाको अनुदान रकमबाट तलब भत्ता खाने गरी शिक्षक नियुक्ति गर्दा देहायबमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ।

५.१. शिक्षक दरबन्दी नभएको वा दरबन्दी अपूग भएको विद्यालयमा शिक्षा,युवा तथा खेलकुद शाखाको सिफारीसको आधारमा गाउँकार्यपालिकाको निर्णयानुसार शिक्षक अनुदान रकम उपलव्ध गराइनेछ।

५.२. विद्यालयमा शिक्षक अनुदान रकम उपलव्ध गराइएपश्चात शिक्षा,युवा तथा खेलकुद शाखाबाट शिक्षक नियुक्तिको लागि अनुमति लिनुपर्नेछ।

५.३. शिक्षा,युवा तथा खेलकुद शाखाबाट अनुमति लिइसकेपछी विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कम्तीमा १५ दिनको म्याद राखी विज्ञापन गर्नुपर्नेछ।

५.४. शिक्षकको विज्ञापन गर्दा आधारभूत तह(कक्षा१-५) को लागि विद्यालयको आवश्यकता र आधारभूत तह(कक्षा ६-८) तथा माध्यमिक तह(कक्षा ९-१२) को लागि विषयगत मागलाई समेत ख्याल गर्नुपर्नेछ।

५.५. कक्षा ६-१२ सम्म शिक्षक नियुक्ति गर्दा क्रमशः नेपाली,अंग्रेजी,गणित,विज्ञान र सामाजिक विषयलाई ध्यान दिनुपर्नेछ।

५.६.शिक्षकको योग्यता  शिक्षा नियमावली अनुसार हुनेछ।

५.७. विज्ञापन पश्चात शिक्षा नियमावली बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिले परीक्षा सञ्चालन गरी शिक्षक नियुक्तिको प्रक्रिया अगाडी बढाउने छ।

५.८. शिक्षा नियमावली तथा यस निर्देशिका विपरित कसैले शिक्षक नियुक्ति गरेमा त्यसलाई गाउँकार्यपालिकाले बदर गर्न सक्नेछ।

५.९. यो निर्देशिका जारी हुनुभन्दा अगाडी गाउँपालिकाको अनुदानमा नियुक्त शिक्षकको हकमा यो परिच्छेद लागू हुने छैन।

## परिच्छेद ४

## विद्यालयमा शिक्षक अनुदान रकम निकासा गर्ने प्रक्रिया

६.विद्यालयमा शिक्षक अनुदान निकासा गर्दा देहायबमोजिमका प्रक्रिया अपनाइनेछ।

६.१. गाउँपालिकाको अनुदान रकमबाट तलब भत्ता खाने शिक्षकहरुको अभिलेखीकरण गरिनेछ।

६.२. शिक्षकहरुको चौमासिक माग फाराम विद्यालयबाट संकलन गरिनेछ।

६.३. शिक्षकहरुको माग फारामसंगै नियुक्ति पत्रको प्रतिलिपि,हाजिरी प्रमाणित गरेको पत्र तथा विद्यालयको सिफारीस अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ।

६.४. माग फारामको रुजु पश्चात विद्यालयको खातामा चौमासिक रुपमा रकम निकासा गरिनेछ।

## परिच्छेद ५: कर्मचारी व्यवस्थापन अनुदान प्रक्रिया

७. विद्यालयमा लेखा सम्बन्धी कामकाज गर्न नियुक्त कर्मचारीको व्यवस्थापन देहायबमोजिम गरिनेछ।

७.१. गाउँकार्यपालिकाको निर्णयानुसार आवश्यकताको आधारमा अनुदान रकम उपलव्ध गराइनेछ।

७.२. कर्मचारी नियुक्तिको प्रक्रिया शिक्षा नियमावली बमोजिमको समितिले गर्नेछ।

७.३. अनुदान रकम चौमासिक रुपमा माग फाराम भराइ विद्यालयको खातामा उपलव्ध गराइनेछ।

७.४. माग फारामसंगै नियुक्तिको प्रतिलिपि,हाजिरी प्रमाणित गरेको पत्र तथा विद्यालयको सिफारीस

अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ।

## परिच्छेद ६: शिक्षक तथा कर्मचारी अनुदान रकम

८.शिक्षक अनुदान रकम देहायबमोजिम उपलव्ध गराइनेछ।

८.१आधारभूत तह(कक्षा१-५): मासिक रु.१५,०००।- का दरले १३ महिना बराबरको,

८.२आधारभूत तह(कक्षा६-८): मासिक रु.१७,०००।- का दरले १३ महिना बराबरको,

८.३माध्यमिक तह(कक्षा९-१०): मासिक रु.२५,०००।- का दरले १३ महिना बराबरको,
८.४माध्यमिक तह(कक्षा११-१२): मासिक रु.३०,०००।- का दरले १३ महिना बराबरको।
९. कर्मचारी अनुदान रकम देहायबमोजिम उपलव्ध गराइनेछ।
९.१ मासिक रु.१०,०००।- का दरले १३ महिना बराबरको।

## परिच्छेद ७: गाउँपालिकाको अनुदान रोक्का वा बन्द गर्न सकिने

१०.विद्यालयमा उपलव्ध गराइने गाउँपालिकाको अनुदान रकम देहायबमोजिमको अवस्थामा गाउँ शिक्षा समितिको सिफारीसको आधारमा गाउँकार्यपालिकाले रोक्न वा बन्द गर्न सकिनेछ।
१०.१शिक्षक वा कर्मचारीको दरबन्दी स्थायी रुपमा सिर्जना वा पदपूर्ति भइ आएमा,
१०.२संघीय वा प्रादेशिक सरकारबाट शिक्षक वा कर्मचारीको व्यवस्थापनको लागि अनुदान प्राप्त भएमा,
१०.३विद्यालय मर्ज वा तह तथा कक्षा घटुवामा परेमा,
१०.४गाउँकार्यपालिकाले मनासिव ठहराएका अन्य आधारहरु

- ✸ १०.५ गाउँपालिकाको अनुदानमा तलव भत्ता खाने गरी नियुक्त शिक्षक र विद्यालय सहायकले विद्यालयसँग भएको करार सम्झौता बमोजिम कार्य नगरेको पाइएमा विद्यालय व्यवस्थापन समितिले निजलाई सफाइ पेश गर्ने अवसर दिई सो पदबाट हटाउन सक्नेछ।

## परिच्छेद ८: विविध

**११. निर्देशिका संशोधन**: यस निर्देशिकालाई आवश्यकता र औचित्यका आधारमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**१२. बचाउ**: यो निर्देशिका जारी हुनुभन्दा अगावै विद्यालयमा उपलव्ध गराइएको अनुदान रकम यसै निर्देशिका बमोजिम विद्यालयमा निकासा भएको मानिनेछ।

✸ पहिलो संशोधनद्वारा थप

# शिक्षक तथा कर्मचारी छनौट कार्यविधि- २०७५

गाउँ कार्यपालिका द्वारा पारित मितिः२०७५।०८।०९

पहिलो संशोधनः२०७६।०३।१९

**प्रस्तावना**ः सानीभेरी गाउँपालिका स्थित विद्यालयहरुमा गाउँपालिका द्वारा उपलव्ध गराइएको शिक्षक तथा कर्मचारीका साथै अन्य अस्थायी/करार/राहत शिक्षक लगायत विद्यालय सहायक र विद्यालय सहयोगी पदमा करारमा नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्न सानीभेरी गाउँकार्यपालिकाले यो कार्यविधि निर्माण गरी जारी गरेको छ।

## परिच्छेद १ःप्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१. यो कार्यविधिको नाम **"शिक्षक तथा कर्मचारी छनौट कार्यविधि- २०७५"** रहेको छ।

१.२. यो कार्यविधि सानीभेरी गाउँपालिकाभर तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१. **शिक्षक** भन्नाले गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी विद्यालय व्यवस्थापन समितिबाट नियुक्त शिक्षक, अन्य अस्थायी/करार/राहत शिक्षक सम्झनुपर्छ।सो शव्दले प्रारम्भिक बालविकास केन्द्रमा नियुक्त शिक्षक समेतलाई बुझाउँदछ।

२.२. **कर्मचारी** भन्नाले विद्यालयमा लेखा सम्बन्धि कामकाज गर्न नियुक्त विद्यालय सहायकलाई सम्झनुपर्छ।सो शव्दले विद्यालय सहयोगी समेतलाई बुझाउँदछ।

२.३. **समिति** भन्नाले शिक्षा नियमावली बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिलाई बुझाउँदछ।

२.४. **गाउँपालिका** भन्नाले सानीभेरी गाउँपालिका सम्झनुपर्छ।

२.५. **गाउँकार्यपालिका** भन्नाले सानीभेरी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

२.६. **शिक्षा नियमावली** भन्नाले सानीभेरी गाउँकार्यपालिकाले निर्माण गरेको शिक्षा नियमावली-२०७४ सम्झनुपर्छ।

२.७. **विशेषज्ञ(रोष्टर)** भन्नाले गाउँ शिक्षा समितिको सिफारीसमा गाउँकार्यपालिकाले छनौट गरेको आधारभूत र माध्यमिक तहका स्थायी शिक्षकहरु सम्झनुपर्दछ।

२.८. **आयोग** भन्नाले शिक्षक सेवा आयोगलाई बुझाउँदछ।

## परिच्छेद २ः शिक्षक तथा कर्मचारी पदपूर्ति प्रक्रिया

३.शिक्षक तथा कर्मचारीको पदपूर्ति प्रक्रिया देहायबमोजिम हुनेछ।

३.१शिक्षक तथा कर्मचारी करारमा नियुक्तिको लागि अनुमति,विज्ञापन,छनौट प्रक्रिया तथा नियुक्ति शिक्षा नियमावली अनुसार हुनेछ।

३.२आयोगले शिक्षक तथा कर्मचारी छनौट सम्बन्धि कुनै कार्यविधि निर्माण गरेको भए समितिले सोको पालना गर्नुपर्नेछ।

- ३.३ माध्यमिक तहको अंग्रेजी, गणित, विज्ञान, लेखा र कम्प्युटर विषयमा स्थायी अध्यापन अनुमति पत्र नभएको व्यक्तिपनि शिक्षक पदको लागी उम्मेदवार हुन सक्नेछन् । तर त्यस्ता व्यक्तिले नियुक्ति भएको मिति देखि ३ वर्ष भित्रमा स्थायी अध्यापन अनुमति पत्र लिनुपर्नेछ ।

## परिच्छेद ३ः शिक्षक तथा कर्मचारी छनौट समितिको सेवा,शर्त र सुविधा

४.समितिको सेवा,शर्त र सुविधा देहायबमोजिम हुनेछ।

४.१समितिको सचिवालय प्रत्येक विद्यालयमा रहनेछ।

४.२परीक्षालाई नियमानुसार मर्यादित,व्यवस्थित,अनुशासित र निष्पक्ष ढंगबाट सञ्चालन गर्नु समितिको दायित्व हुनेछ।

४.३परीक्षा समितिको बैठक बसेबापत बैठक भत्ता उपलव्ध गराइनेछ।

४.३परीक्षा समितिको बैठक भत्ता सम्बन्धित विद्यालयले व्यहोर्नेछ।

- पहिलो संशोधन २०७६ बाट थप

## परिच्छेद ४ः परीक्षा सञ्चालन खर्च

५.परीक्षा सञ्चालन खर्च देहायबमोजिम हुनेछ।

५.१ भत्ताः रु.३,०००।—(आधारभूत तहका लागि) र रु.४,०००।—(माध्यमिक तहका लागि)

५.२ प्रश्नपत्र निर्माणः रु.१०००।—

५.३ परीक्षा सञ्चालन र उत्तर पुस्तिका परीक्षणः रु.१५००।—

५.४ कोडिङ र डिकोडिङः रु.५००।—

५.५ सम्परीक्षणःरु.५००।—

## परिच्छेद ५ः विशेषज्ञ (रोष्टर)को सूची तयार

६.समितिको विशेषज्ञ(रोष्टर) छनौटको लागि शिक्षा,युवा तथा खेलकुद शाखाले विशेषज्ञ(रोष्टर)को सूचि

तयार गर्नुपर्नेछ।

६.१ विशेज्ञ(रोष्टर)को सूचिलाई कम्तीमा ६/६महिनामा अध्यावधिक गर्नुपर्नेछ।

६.२ विशेषज्ञ(रोष्टर)हरु स्थायी शिक्षकहरु मध्येबाट मात्र छनौट गरिनेछ।

६.३ सूचिकृत गरिएको विशेषज्ञ(रोष्टर)को कार्यसम्पादन सन्तोषजनक नभएको पाइएमा गाउँ शिक्षा

समितिले जुनसेकै बखत विशेषज्ञ(रोष्टर)को सूचिबाट हटाउन सक्नेछ।

६.४ समितिले विशेषज्ञ(रोष्टर)को छनौट परीक्षा सञ्चालन हुने दिनमा मात्र गोप्य रुपमा गर्नुपर्नेछ।

६.५ विशेषज्ञ(रोष्टर) सम्बन्धित स्थानीय तहमा उपलव्ध नभई बाहिरबाट ल्याउनुपर्ने अवस्था भएमा

परीक्षा सञ्चालन हुने दिन भन्दा अगावै गोप्य रुपमा छनौट गर्न सकिनेछ।

६.६ प्रश्नपत्र निर्माण र उत्तर पुस्तिका परीक्षणमा विशेषज्ञ(रोष्टर)लाई जिम्मेवार बनाइनेछ।

## परिच्छेद ६ः प्रश्न बैंक निर्माण

७. शिक्षा,युवा तथा खेलकुद शाखाले परीक्षा सञ्चालनको लागि प्रश्न बैंक निर्माण गर्न सक्नेछ।

७.१ सुचिकृत गरिएका विशेषज्ञ(रोष्टर)हरुबाट गोप्य रुपमा विभिन्न सेटमा प्रश्नहरु निर्माण गराइ

सुरक्षित रुपमा भण्डारण गर्ने।

७.२ परीक्षामा आवश्यकता अनुसार प्रश्न बैंकबाट प्रश्नहरु प्रयोग गर्न सकिनेछ।

७.३ प्रश्न बैंकलाई समय समयमा अध्यावधिक गर्दै जानुपर्नेछ।

## परिच्छेद ७: नतिजा प्रकाशन

८. सम्भव भएसम्म प्रश्नपत्र निर्माण,लिखित परीक्षा सञ्चालन,अन्तरवार्ता सञ्चालन र अन्तिम नतिजा प्रकाशन एउटै बसाइमा गर्नुपर्नेछ।

८.१.समयको अभाव,परीक्षार्थी संख्या धेरै भएको लगायत विशेष अवस्थामा फरक फरक बसाइमा पनि नतिजा प्रकाशन गर्न सकिनेछ।

८.२.नतिजा प्रकाशन गर्दा सफल उम्मेदवार संगसंगै वैकल्पिक उम्मेदवारको नामावली पनि सार्वजनिक गर्नुपर्नेछ।

## परिच्छेद ८: विविध

**९. दयित्व हुने:** यो कार्यविधिको पालना गर्नु समितिको दायित्व हुनेछ।

**१०. बचाउ:** यो कार्यविधि जारी हुनुभन्दा अगावै नियुक्त शिक्षक तथा कर्मचारीको छनौट यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

# सानीभेरी गाउँपालिकाको आ.व. २०७६/०७७ को नीति,कार्यक्रम र बजेट

# मन्तव्य,२०७६

**गाउँसभामा प्रस्तुत मितिः २०७६/०३/१०**
**गाउँसभाबाट पारित मितिः २०७६/०३/२०**
**अध्यक्ष वाट प्रमाणीकरण मितिः २०७६/०४/०१**
**प्रस्तुतकर्ताः** गाउँपालिका उपाध्यक्ष श्री इन्दिरा ओली

**गाउँसभाका अध्यक्ष महोदय,**

१. **आज म गाउँसभाको यस गरिमामय गाउँसभाको सदनमा** संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गौरवशाली इतिहांस बोकेको सानीभेरी गाउँपालिकाको उपाध्याक्षको हैसियतले आर्थिक वर्ष २०७६/७७ को नीति, कार्याक्रम र बजेट पेश गर्न गइरहेकोछु।यस ऐतिहांसिक क्षणमा जनयुद्ध, जनआन्दोलन, जनक्रान्ति र यस सानीभेरी गाउँपालिका अधिकार सहितको स्थानिय तह प्रासिको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने बीर बिरङ्गना महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते र वेपत्ता यौद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

२. **सार्वभौम सत्ता सम्पन्न नेपाली जनताले लोकतान्त्रिक विधिबाट** संघ, प्रदेश र स्थानीय तिनैतहका जनप्रतिनिधिहरु दिएकोछ, आपसि समन्वय, सहकार्य र सह-अस्तित्त्वको मुल्य मान्यतामा आधारित रहि अन्तर सम्वन्ध कायम गर्न गाउँपालिका सरकार प्रतिवद्ध रहिआएकोछ।

३. **गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई** आत्मसाथ गर्दै गाउँपालिका सरकार सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न दृढ छ। सापेक्षिक बेशी र पहाडी भू-भाग मिलेर बनेको विविधता युक्त यो गाउँपालिका समृद्धि हुनुनै राष्ट्रको समृद्धि हो भन्ने मान्यताका आधारमा गाउँपालिका सरकार सुशासन, विकास र समृद्धिको बाटोमा अघि बढिरहेकोछ।

४. **नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्धलाई** बलियो बनाउने आधारको रुपमा सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै अधिकार र दायित्वका दृष्टिले मात्र होइन, साधन श्रोतका दृष्टिले पनि तीन तह एक-अर्कामा परस्पर निर्भर हुने मान्यतालाई संविधानले स्वीकार गरेको छ। सोही मान्यता अनुरुप **"समृद्ध नेपाल सुखी नेपाली"** बनाउने संघीय सरकारको उद्देश्य पूरा गर्न गाउँपालिका सरकारले "समृद्ध गाउँपालिका खुसी जनता" को लागि **"गुणस्तरिय शिक्षा सहज स्वस्थ्य सेवा र भौतिकपूर्वाधार - शुन्दर समृद्ध गाउँपालिकाकोलागि पर्यटन कृषि विकास र रोजगार "** भन्ने मुल नारामा योजनाबद्ध विकासको बाटोमा अघि बढ्ने अठोट गरेको छ।

५. **आर्थिक वर्ष २०७६/७७ को बजेट तथा नीति र कार्यक्रमको लक्ष्य "समृद्ध गाउँपालिका खुशी जनता"** लाई पछ्याउने गरी उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने, युवा श्रमशक्तिलाई गाउँपालिकामै स्वरोजगारी उपलब्ध गराउन सरकारी, सहकारी र निजी क्षेत्रसंगको साझेदारीमा रोजगारीका अवसरहरु सिर्जना गरी आगामि ३ वर्षभित्र रोजगारीका लागि विदेशिनु पर्ने बाध्यतालाई

न्युनिकरण गर्न प्रधानमन्त्री रोजगार कार्याक्रमलाइ प्रभावकारी वनाउदै रोजगार सिर्जना गर्ने नीति र कार्याक्रमलाई पहिलो प्राथमिक्ता दिएकोछु।

**गाउँसभाका अध्यक्ष महोदय,**

६. **समाज रुपान्तरणको लागि देशमा भएको जनयुद्ध र जनआन्दोलनले गर्दा ठुलो राजनीतिक परिवर्तन** पछि राज्यको पहुच विनाका उत्पिडित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वतःस्पूर्त रुपमा जागृत हुदैगर्दा राजनैतिक जागरणको साथ जनताका इच्छा, आकांक्षा र चाहनाहरु पनि निरन्तर रुपमा विकसित हुदैआएकोले स्थानीय सीमित स्रोत र साधनको समुचित प्रयोगबाट निरन्तर बढ्दा विकासका आकांक्षाहरु पुरा गर्ने प्रयत्न गरिनेछ।उपरोक्त पृष्ठभूमिमा गत आर्थिक वर्ष २०७५/०७६ मा बजेट विनियोजन र निति तथा कार्याक्रम्मा समावेश गरिएका योजनाहरुको प्रभावकारी कार्यान्वयण अनुगमण र समिक्षाको दृष्टिले कति योजना सम्पन्न भए कति निर्माणाधिन र स्तर वृद्धिमा रहेका छन् त्यसलाई मात्र पहिलो प्राथमिक्ता कायम राख्दै आर्थिक वर्ष ०७६ र ७७ मा आम नागरिक, राजनितिकदलहरु, वडा कार्यालयहरु, विषयगत शाखाहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरुका प्रतिनिधिहरु, शिक्षक बुद्धिजिविहरु, नागरिक समाज, सञ्चारकर्मि, र विकास सरोकारवालाहरुको सुझाबलाई उच्च प्राथमिक्ता दिएर आम सहमतिबाट साझा कार्यक्रमको रुपमा सानीभेरी गाउँपालिकाको एकिकृत गाउँविकास कार्याक्रममा बजेट विनियोजन गर्न महत्वपुर्ण आधार लिईनेछ।

**गाउँसभाका अध्यक्ष महोदय,**

७. **सानीभेरी गाउँपालिकाको संक्षिप्त परिचयः** देश संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसके पश्चात राज्यको पुर्नः संरचनाले भौगोलिक तथा प्रशासनिक रुपले नेपाल ७ प्रदेश र ७५३ स्थानिय तहमा स्थापना भएकोछ। यस अन्तर्गत कर्णाली प्रदेश रुकुम(पश्चिम) सानीभेरी गाउँपालिका २०७३ सालमा स्थापना भइ यसभित्र सविक ५ गा.वि.स.(सिम्ली,गरायला,अर्मा, पुर्तिमकाँडा र दुली) रहेकाछन्।भौगोलिक अवस्थाको कुल क्षेत्रफल- १३३.८० वर्ग मिटरमा फैलियको सापेक्षिक समुन्द्र सतहको बेशी देखी ३१ सय उचाइ सम्मको पहाडी भागमा रहेकोछ।यो गाँउपालिका २८.३८ देखि २८.४० डिग्री उत्तरी अक्षाँस र ८२.१९ देखि ८२.२४ डिग्री पूर्वी देशान्तर सम्म फैलिएको छ।यसको सिमाना पूर्वमा मुसिकोट नगरपालकि र बाफिकोट गाउँपालिका, पश्चिममा जाजरकोट जिल्ला र चौरजहारी नगरपालिका उत्तरमा आठबिशकोट नगरपालिकाकासंग सिमाना जोडिकोछ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकामा ४,१२९ घरधुरी र २२,१९४ जनसंख्या मध्य महिला जनसंख्या ११,६६१ र पुरुष जनसंख्या १०,५३३ रहेकोछ। प्रशासनिक दृष्टिले ११ वटा वडामा विभाजन भई मतदाता संख्या ११,२६६ रहेको दुर्गम गाउँपालिका सानिभेरीका जनताको असिमित त्याग, वलिदान, परिवर्तनकामी उर्जा शक्ति र पुस्पलाल मध्यपहाडी लोकमार्गले गर्दा सानीभेरी गाउँपालिका सुगम गाउँपालिका तिर विकासको प्रक्रियामाछ।

८. **सानीभेरी गाउँपालिकाको एकिकृत गाउँविकास योजनावारेः** सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तरगत विभिन्न विषयहरुः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, कृषि, पर्यटन,

उद्योग तथा वाणिज्य, सहकारी, वित्तिय क्षेत्र, सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, सञ्चार, वन तथा भु-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन र वित्तिय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोग, नागरीक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वयगरी सवै क्षेत्रको प्राथमिक्ताक्रम अन्तरसम्वन्धित सन्तुलित विकास, सुशासन र समृद्धि  तथा संस्थागत विकास गरिनेछ।

९. **एकिकृत गाउँविकास आबधिक योजनामा केन्द्रकृत परिचालनः** एकिकृत गाउँविकास आब्धिक योजनामा विध्यमान संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रहि संघ, प्रदेश र वडा सरकारसंग सहकार्य सहअस्तित्तव समन्वय र साझेदारी कामलाई प्रभावकारी बनाइनेछ। संविधान अनुसार व्यवस्थापकिय रुपमा रहेको गाँउ सभा, सरकारको रुपमा रहेको गाँउ कार्यपालिका र न्यायीक रुपमा रहेको न्यायपालिकालाई अन्तर सम्बन्ध, सहकार्य र सन्तुलित रुपमा परिचालित गरिनेछ। गाउँपालिका सरकारका जनप्रतिनिधि र कर्मचारीहरु, समाजको नेतृत्व गर्ने राजनितीक दल, नागरिक समाज, शिक्षक बुद्धिजीवी, समाजसेवी, सुरक्षा निकायहरु, सरकारी तथा गैरसरकारी र सामाजिक संघ संस्थाहरु, संचार कर्मिहरु, किसान-मजदुर युवा, ब्यापारी-उद्योगपति र विभिन्न व्यवसायहरुलाइ परिचालित गरि यसको प्रतिफल लिने सेवाग्राही आम नागरिक हुनेछन भने यसलाइ संस्थागत रुपमा विकास गरिनेछ।

**गाउँसभाका अध्यक्ष महोदय,**

१०. **आर्थिक वर्ष २०७५/७६ को चालु योजनाको संक्षिप्त समिक्षा :** आर्थिक वर्ष २०७५/७६ मा गाँउपालिकाले आर्थिक लगायत विभिन्न ऐन, कानून र विनियोजन ऐन निर्माण, बजेट  र नीति तथा कार्यक्रम जनाताको प्रत्यक्ष सहभागिता र आर्थिक गतिविधिहरुमा सहयोग पुग्नेगरी कानून बमोजिम मापदण्डमा रही कार्यान्वयन गर्दा गत वर्षको केही अनुभव सहित विधिगत र व्यवहारीक रुपमा बजेट निर्माण र योजनाको प्राथामिक्ताकरण र कार्यान्वयन गर्ने सन्दर्भमा जनप्रतिनिधि र कर्मचारीहरुको सापेक्षिक अनुभव र विगतको शिक्षा लिदैगर्दा आगामि दिनमा सरकारका हरेक कामहरुलाइ अझै प्रभावकारी वनाइनेछ।

आर्थिक ऐन र विनियोजन ऐन अनुसार समानीकरण, राजस्व बाँडफाँड, शर्सत अनुदान र आन्त्रिक राजस्वको बजेटलाई नीति तथा कार्याक्रम र योजनामा विनियोजन गर्दा पहिलो वर्षको तुलनामा दोश्रो आर्थिक वर्षमा केही सुधार भइ वित्तीय जोखिम न्यूनिकरण गर्न प्रयत्न भएतापनि अझैपनि सापेक्षिक अनुभवको कमिले प्राथमिक्ता र व्यवहारिक र सरल ढंगले बजेट विनियोजन नहुदा शिर्षक र रकम रकमान्त्रणको आर्थिक जोखिमताले रकम विनियोजन भएका कतिपए योजनाहरु कार्यान्वयनमा चुनौती आएतापनि चालुयोजनाको ९० प्रतिशत भुक्तानी हुनुले सकरात्मक उपलब्धिका रुपमा लिएकोछु।

तिनै तहका सरकारको बजेट, प्राकृतिक श्रोत साधन र मानविय उर्जा शक्तिलाई गाउँविकस निर्माणमा अधिकतम परिचालन र प्राथमित्का दिने क्रममा शिक्षा, स्वस्थ्य, खानेपानी तथा सरसफाइ, मानव तथा संसाधन विकास गत वर्षकै निरन्तरता दिंदै आर्थिक विकास क्षेत्रको कृषि र कृषिजन्य उद्योग, रोजगार सिर्जना र आर्थिक कृयाकलाप वृद्धि गर्ने आयोजनाहरु लाई पर्देश सरकार संग साझेदारी गरी पहिलो प्राथमित्का दिएर सडक, सिचाई, उर्जा, पर्यटन, संचार, भवन तथा सहरी विकास लगायत बन तथा वातावरण र विपद व्यवस्थापनलाई क्रमश प्राथामित्का दिएर आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्याक्रम र बजेट ल्याएकोछु।

११. **गाउँपालिका सरकार प्रति जनताले गरेको आशा र भरोसालाई आर्थिक र सामाजिक रुपान्तरण अवसरको रुपमा** उपयोग गरी जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेको तीव्र आर्थिक विकास र सुशासनहो। यसर्थ आत्मनिर्भरता, स्वतन्त्र, समृद्ध, स्वाधीन र समाजवाद उन्मूख अर्थतन्त्रका लागि सार्वजनिक, निजी, सहकारी क्षेत्रको प्रभावकारी साझेदारी गरी अगाडिबढन गाँउपालिका सरकार प्रतिवद्धछ।सार्वजनिक खर्च अन्तर्गत चालु खर्चमा मितव्ययिता कायम गर्ने र पूँजीगत खर्च अन्तर्गत पूँजी निर्माण र आर्थिक वृद्धि हासिल गर्नेतर्फ केन्द्रित भई वित्तीय सुशासनलाई ध्यान दिएर खर्च परिचालन प्रकृयालाई मितव्ययी प्रणालीबद्द गर्नेगरी योजना तथा कार्यक्रम तयार गर्ने गाउँपालिका सरकारको प्रतिबद्धता रहेको छ।

**गाउँसभाका अध्यक्ष महोदय,**

१२. **बजेटका उद्देश्यहरुः** गाउँपालिकाको मानव श्रमशक्ति, प्राकृतिक श्रोत साधन र उपलव्ध तिनै तहका सरकारको समानीकरण र सशर्सत अनुदान र बजेटलाइ भरपूर उपयोग गर्नेगरी बजेटका उद्देश्यहरु प्रस्तुत गरेकोछु।

क) जनताका न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गररे गरिबी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने, सामाजिक, आर्थिक, पूर्वाधार विकासले समुन्नत, सुदृढ, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने।

ख) गणतन्त्र र संघीयता कार्यान्वयन गर्न संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्यान्वयन गर्ने गराउने।

ग) दीगो गरिबी निवारण उन्मूख र रोजगार सिर्जना गर्ने कार्यक्रममार्फत गाँउपालिका जनताको जीवनस्तर सुधार गरी व्यवसायमुखी बनाउने।

घ) गाउँपालिकाको समग्र विकास र समृध्दिका लागि उपयुक्त, सुरक्षित र लगानीमैत्री वातावरण तयार गर्ने, गाँउपालिका द्वारा प्रदान गरिने सेवामा जनताको स्वामित्व र पहुँच वृध्दि गर्ने।

ङ) कृषि र कृषिजन्य उद्योग, सहकारी, पर्यटन, वन, जडिबुटी क्षेत्रको विकास मार्फत आर्थिक वृध्दि र रोजगारीका अवसरहरु सृजना गर्ने।

च) भ्रष्टाचार सुन्य सहनसिल्ता प्रशासन, प्रभावकारी अनुगमन एवं उत्प्रेरित जनप्रतिनिधि र कर्मचारी मार्फत प्रभावकारी सेवा प्रदान गरी सुशासन प्रबर्द्धन गर्ने।

१३. **बजेटका प्राथमिकताहरुः** "जग बलियो नभइ घर बलियो हुदैन" भन्ने मान्यताको आधारमा आर्थिक, सामाजिक, भौतिक, वन वातावरण तथा सुशासन संस्थागत विकास समृद्ध गाँउपालिका निर्माणका लागि बजेट विनियोजनका प्राथमिकता क्षेत्र निर्धारण गरेकोछु।

(क) संविधान र स्थानीय सरकार संचालन ऐनले स्थानीय तहलाई निर्देशित गरेका विषय अनुरुप संघीयता र गनतन्त्र कार्यान्वयन गरिनेछ।

(ख) सामाजिक विकासः शिक्षा, स्वस्थ्य, खानेपानी तथ सरसफाईको विकास मार्फत दुत्रगतिमा मानव विकास र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(ग) आर्थिक विकासः कृषि र कृषिजन्य उद्योग, सिचाइ, उर्जा, सहकारी, पर्यटन लगायतका क्षेत्रमा पुंजी, प्रविधि र मनविय श्रमको विकासले आम नागरिकको काम, रोजगारी र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(घ) भौतिक पुर्वाधारः सडक, भवन तथ शहरी विकास र उर्जा क्षेत्रको विकास गरी सुविधा र रोजगारीको अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(ङ) वन, वातावरण तथा विपद व्यवस्थापनः वन तथा भु-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन तर्फ सुन्दर, सुरक्षित वातावरण अनुकुलनिय अवसर सिर्जना गर्ने क्षेत्रको प्रवर्द्धन गरिनेछ।

(च) सुशासन तथा संस्थागत विकासः मानव संसाधन विकास, संस्थागत क्षमता विकास लगायतका क्षेत्रहरुको प्रवर्द्धन र क्ष्यमता विकास गरिनेछ।

१४. **बजेट विनियोजनको आधार तथा स्रोतको व्यस्थापनः** अब म बजेट विनियोजनका आधार तथा स्रोत व्यवस्था सम्बन्धी प्रस्ताव पेश गर्न गएकोछु। नेपालको संविधान अनुसूची ८ र ९ मा उल्लिखित गाउँपालिका सरकारको एकल तथा साझा अधिकार, गाउँपालिकाको आर्थिक वर्ष २०७५ र ७६ मा गाउँसभावाट पारित भएर विनियोजन ऐनमा समावेस गरेका आवधिक र रणनीतिक योजनाहरु, आर्थिक वर्ष २०७६ र ७७ मा बस्ति स्तरवाट तर्जुमा भै वडा समिति वैठकले प्राथमिक्ताको आधारमा योजना तर्जुमा समितिमा वुझाइ छलफल पश्चात कार्यापालिकामा पेशभई स्वीकृत गरेका समग्र योजनाहरु र संघीय र प्रदेश सरकार तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग साजेदारीको लागि संपुरक योजनाहरु छनौटका उपयुक्त आधार भएकोले तदनुसारका योजनामा रकम विनियोजन गरेकोछु।

यस आर्थिक वर्षमा पारित भएको आर्थिक ऐनमा राजस्व संकलन तथा असुलीकार्यको अनुभव, राजस्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएको सुझाप र गाँउपालिका सरकारको आन्त्रिक श्रोत अनुमान राजस्व, गत वर्षको मौज्दात रकम, संघीय सरकार प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण तथा राजस्व वाँडफाँड अनुदान र सशर्त अनुदान रकमलाई प्राथमिक्ता र आवश्यक्ताको आधारमा विनियोजन गरेकोछु। सानीभेरी गाउँपालिका सरकारको आर्थिक स्रोत पहिचान र व्यवस्थापनको सन्दर्भमा संक्षिप्त जानकारी गर्नुपर्दा-

**संघिय सरकारवाट समानीकरण अनुदानः रु. ८ करोड ७८ लाख, संघिय सरकारवाट राजस्व बाँडफाँडको अनुदानः रु. ७ करोड ५० लाख, संघिय सरकारवाट शसर्त अनुदान रु. १३ करोड ६५ लाख, प्रदेश सरकारवाट समानिकरण अनुदानः रु. १ करोड १ लाख २६ हजार, प्रदेश सरकारवाट राजस्व वाँडफाँड अनुदानः रु. ४ लाख ६० हजार र गाउँपालिका सरकारको गत वर्षको मौज्दात रु. १ करोड ३० लाख, आन्त्रिक श्रोत (राजस्व) ७१ लाख ८८ हजार र गत आ.व. २०७५/०७६ को दायित्व स्थान्तरन ६३ लाख ८४ हजार ४ सय समेत गरी आर्थिक वर्ष ०७६/७७ को आय रु.३३ करोड ६३ लाख ९८ हजार ४ सय अनुमान गरेकोछु।**

गत वर्षको बजेट परिचालन र प्रभावकारी कार्यान्वयनको अनुभवका आधारमा चालु आ.व. मा सबै योजनाहरु उपभोक्ता विचमा गठन भएको श्रम सहकारीले ठुला योजना र अन्य उपभोक्ता समितिले साना कामहरु गरेको सन्दर्भलाइ समिक्षा गर्दा यसपाली आम नागरिक वाट खासै जनगुनासो नआएतापनि आजको आवश्यक्तामा श्रमसहकारीलाई निरन्तरता दिंदै प्रधान मन्त्री रोजगार कार्याक्रम अन्तरगत सवै वडाहरुमा मापदण्ड भित्रका गठित श्रमिक उत्पादन समितिलाइ पहिलो प्राथमिक्ता दिंदै, युवा कल्व र केही नितानत साना योजनाहरु लाइ उपभोक्ता संस्था मार्फत कार्यन्वयन गर्ने र गा.पा. को समानीकरण वजेटवाट चालुखर्च वहायक सवै पुजीगत खर्चका सवै योजनाहरुको कार्यान्वयनका क्रममा प्रत्यक योजनाको लागत-स्टामेट वाट ५ प्रतिशत कन्टेन्जेन्सी खर्च कटौती गरी नियम संगत प्राविधिक, विकास निर्माण तथा जिन्सी खरिदमा कानुन बमोजिम खर्च गरिनेछ।संघीय तथा प्रदेश सरकार वाट प्राप्त अन्तरसरकारी वित्तीय हस्तान्त्रण सशर्त अनुदान रकम सम्वन्धित मंत्रालयको कार्याविधि अनुसार सम्बन्धित विषयगत शाखाहरु मार्फत गाउँपालिकाको प्रत्यक्ष नियन्त्रण, निर्देशन र समन्वयमा खर्च गरिनेछ।

कार्यापालिका सरकारको व्यापक छलफल पश्चात गाउँपालिकाको आ.व. ०७६/७७ को बजेट विनियोजन गर्न संघीय सशसर्त अनुदान कार्याक्रम बाहेक स्थानीय तहको अधिकार सूचीभित्र पर्ने कार्याक्रम र योजनाहरुको ब्य-भार स्थानीय संचित कोषमा जम्मा भएको जानकारी **आर्थिक वर्ष ०७६।७७ को अन्तरसरकारी वित्तीय हस्तान्त्रण सम्वन्धि व्यवस्था मार्गदर्शण अनुसार र समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक श्रोत वित्तिय आयोगको सिफरिसलाई सापेक्षिक आधार मानि जनसंख्याको आधारमा सबै वडाहरु, न्युन विकास सूचकांकको आधारमा वडा नं. ५ र ६ र मानव विकास सूचकांकको आधारमा वडा नं १ र २ लाई आधार मानी ११ वटा वडाहरुमा रु. ४ करोड ८९ लाख बजेट विनियोजन गरेकोछु।**

**गाँउसभाका अध्यक्ष महोदय,**

## सामाजिक विकास क्षेत्र तर्फः

**१५. शिक्षा क्षेत्रः** शिक्षा ऐन र नियमावलीमा रही मापदण्ड निर्माण, कार्यान्वयन र नियमन गरिनेछ। **“सानीभेरी गाउँपालिकाको शान-शैक्षिक गुणस्तर र सिकाइ उपलव्धिमा सुधार” भन्ने नारा** " शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्र र गाउँपालिका हितप्रति समर्पित र सामाजिक सँस्कृतिकमा विकृति, विसंगति र

रुडीवादका विरुद्ध सभ्य समुन्नत समाज जनशक्ति तयार गरिनेछ । शैक्षिक गुणस्तर योजना अन्तरगत आवश्यक्ता अनुसार शिक्षा ऐन र नियमावली संशोधनगरी शिक्षक सरुवा, प्र.अ. नियुक्ति, विध्यालय वैंक खाता संशोधन, विध्यालयहरु म्यापिङ्ग गरी स्वको आधारमा विध्यालय मर्ज गर्ने, विध्यालय र बिषयगत शिक्षकको स्वमुल्याङ्कणको विधि निर्माणगरी कार्यान्वन गर्ने, स्वमुल्याङ्कणमा पहिलो दोश्रो र तेश्रो हुने विध्यालयलाइ पुरिष्कृत गर्ने र सवैभन्दा कम अङ्क ल्याउने विध्यालय वाट स्थायी तथा अनुदान शिक्षक सरुवा र करार शिक्षक करार मुक्त गरिनेछ । संघीय सरकार वाट प्राप्त नमुना विध्यलय रापि ज्ञाद्वय मा.वि. सिम्ली लाई गाउँपालिकाको समन्वयमा प्रभावकारी कार्यान्वयन र व्यवस्थापन गरिनेछ । प्रदेश सरकार वाट प्राप्त हुन सक्ने स्थानीयतह नमुना विध्यालय मागगरी गापाको आवश्यक्ता र मापदण्डको आधारमा गा.पा. ले तय गर्नेछ, गा.पा. स्तरको प्राविधिक शिक्षालय दलित तथा जनजातीहरुको वाहुल्यक्षेत्रमा पहुच पुग्नेगरी स्थापना गरिनेछ । गाउँपालिकामा स्थानीय पाठ्यक्रम र विध्यालय शैक्षिक सुधार योजना नीति प्रस्ताव पेशगर्न शिक्षा विज्ञटिम गठनगरी परिचालन गरिनेछ।

**क.** शिक्षक तलब अनुदान तर्फः प्रारम्भिक बालविकास केन्द्र १७ वटा दरवन्दी, संघीय सशर्सतको प्रारम्भिक बालविकास केन्द्र ३२ वटामा गापाको थप कार्याक्रम, आधारभूत तह (१-५) २५ वटा दरवन्दी, आधारभूत तह (६-८) ४४ वटा दरवन्दी, माध्यमिक तह (९-१०) १८ वटा दरवन्दी, माध्यमिक तह (११-१२): १ वटा दरवन्दी, प्राविधिक धार तर्फ कक्षा (११-१२) २ वटा दरवन्दी, विद्यालय सहायक ११ दरवन्दी सहित यसको लागि २ करोड ७५ लाख ४० हजार, विनियोजन गरेकोछु।

**ख.** सानीभेरी गाँउपालिका अन्तरगत ४५ वटा विध्यालय र ४९ वटा वालविकस केन्द्रमा शैक्षिक गुणस्तरको लागि शैक्षिक सुधार कार्याक्रम तर्फ बजेट रु. ८० लाख विनियोजन गरेकोछु।

**ग.** शिक्षाक्षेत्रमा अन्य कृयाकलाप तर्फः शिक्षा दिवश कार्याक्रम, विध्यालय स्तरीय परीक्षा संचालन, व्यस्थापन तथा नतिजा परकाशन (कक्षा ८ समेत), विद्यालय नक्साङ्कण, अक्षराङ्क मुल्याङ्कण पद्धतिमा नतिजा प्रकाशन सम्वन्धी सफ्टवेयर खरिद, कक्षा ८ र SEE परिक्षा अनुगमन, SEE परिक्षा केन्द्र व्यस्थापन, उत्कृष्ट शिक्षक तथा विध्यार्थि पुरस्कार, प्रधानध्यपक बैठक, शिक्षा समिति बैठक, परिक्षा समिति बैठक, आन्त्रिक प्रशासन सुधार गर्न प्र.अ. लाई अभिमुखिकरण, परिक्षा केन्द्रध्यक्ष अभिमुखिकरण, विध्यालय अनुगमन, शैक्षिक स्मारिका र शैक्षिक क्यालेन्डर प्रकाशन, गाउँपालिका स्तरीय रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन, ECD शिक्षक भेला तथा अन्तरकृया, बिध्यालय लेखा प्रणाली व्यस्थापन सम्वन्धी तालिम, कार्यालय सञ्चालन र इन्धन खर्च, उत्कृष्ट अङ्क ल्याउने विध्यालय लाइ प्रोत्साहन पुस्कार, स्थानीय पाठ्यक्रम तयारी र विध्यालय शैक्षिक सुधार योजना नीति प्रस्ताव पेशगर्न शिक्षा विज्ञटिम सेवा खरिद सहित यसक्षेत्रमा ३४ लाख ५० हजार विनियोजन गरेकोछु।

**घ.** शिक्षा तर्फको सशर्त अनुदानः सवैका लागि शिक्षा आधारभुत तह र माध्यमिक तह तथा विध्यालय क्षेत्र विकास र खेलकुद विकास कार्यक्रम अन्तरगत २७ वटा क्रियाकलापहरु

तर्फ रु. १० करोड ७७ लाख ५६ हजार र वडाबाट विनियोजन भएको ७० लाख सहित **यसक्षेत्रमा समग्र बजेट रु. १५ करोड ३१ लाख ९६ हजार विनियोजन गरेकोछु।**

ङ. **शिक्षाको लागि खाद्य कार्यक्रम:** संयुक्त राष्ट्रिय विश्व खाद्य कार्यक्रमको आर्थिक तथा प्रविधिक सहयोगम नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षको लागि खाद्य परियोजना अन्तर्गत सानीभेरी गाउँपालिकाको १९ वटा विद्यालयमा दिवा खाजा कार्यक्रम आ.व.०७६/०७७ मा वजेट ३३ लाख ६१ हजार प्रस्तावित गरेको हुनाले गाउँपालिकाले सम्भावित स्रोतको खोजि गरि सम्बन्धित विद्यालय र अभिभावकहरुको साझेदारी लगानिमा विद्यालय दिवा खाजा कार्यक्रम संचालन गरिनेछ ।

१६. **स्वास्थ्य क्षेत्र : गाउँपालिकाले स्वस्थ्य सरसफाइ ऐन २०७५, गाँउपालिका स्वास्थ्य वस्तुस्थिति विष्लेषण २०७५ र स्वस्थ्य संस्था दर्ता कार्याविधि, २०७५ कानून निर्माण गरेको हुनाले सोहि बमोजिम स्वास्थ्य** सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र स्वस्थ्य संस्था दर्ता अनुगमण र नियमन गरिनेछ । स्वस्थ्य सेवामा सबैको सहज, सुलभ, गुनस्तर र समान पहुँच सुनिश्चित गर्ने गरी गाउँपालिकमा ५ वटा स्वासथ्य चौकी, ४ वडा स्वास्थ्य केन्द्र, ३ वटा वर्थिङ्ग सेन्टर, १९ वटा खोप केन्द्र, १४ वटा गाउँघर किल्निक संचालनमा आइ सेवा दिएतापनि अझै नागरिकहरुको उपचार सेवाको पहुचलाइ सहजगर्न गाउँपालिकामा चिकित्सक दरवन्दीमा पन्ध्र सैया अस्पत्ताल र आवस्यक उपकरण सहित प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा माग गरी यस आर्थिक वर्ष ०७६/७७ देखी गाउँपालिकाले स्वस्थ्य सेवा स्तर वृद्धि र विस्तार गर्नेछ । **स्वस्थ्य** क्षेत्रमा सबैको लागि गुनस्तर सेवा र सम्मान पहुँच सुनिश्चित गर्न स्वस्थ्य सुधार योजना अन्तरगत आवश्यक्ता अनुसार स्वस्थ्य ऐन संशोधन र कार्याविधि निर्माणगरी स्थायी स्वस्थ्य कर्मचारी सरुवा, स्वस्थ्य चौकी र स्वस्थ्य उपचार केन्द्रका इन्चार्ज नियुक्ति, स्वस्थ्य चौकी र स्वस्थ्य उपचार केन्द्रहरुको स्वमुल्याङ्कणको विधि निर्माणगरी कार्यान्वन गर्ने, स्वमुल्याङ्कणमा पहिलो दोश्रो र तेश्रो हुने स्वस्थ्य संस्थालाई पुरिष्कृत गर्ने र सबैभन्दा कम अङ्क ल्याउने स्वस्थ्य संस्थाका स्थायी कर्मचारीहरुलाइ सरुवा र करार स्वस्थ्य कर्मचारीहरु लाइ करार मुक्त गरिनेछ । एक वडा एक स्वस्थ्य केन्द्र र जनसंख्या र दुर्गमको आधारमा खोपकेन्द्र र गाउँघर क्लिनिक सेवा विस्तार गरिनेछ। करार स्वास्थ्य कर्मचारीहरुको तलब व्यवस्थापन तर्फः ल्याव टेक्निसियन १, ल्याव असिस्टेन्ट १, डार्करोम असिस्टेन्ट १, अ.न.मि. ५, अ.हे.व. ५, एम्वुलेन्स ड्राइभर १ र कार्यालय सहयोगि १० जना गत वर्षको स्वस्थ्य करार अनुदान लाइ निरन्तरता दिने गरी यसक्षेत्रमा ४१ लाख ९९ हजार बजेट विनियोजन गरेकोछु।

वढ्दो जनसंख्या, चिकित्सक उपचार सेवा पाउनु पर्ने जनताको माग र १ स्थानीय तह १ चिकित्सक सहितको स्वस्थ्य उपचा रकेन्द्र कर्णाली प्रदेश सरकारको नीति दायित्व भएकोले गाउँपालिकाको पहलमा वडा नं. ७ सिम्ली छोटेवगरमा साविक सिम्लीको स्वस्थ्य चौकीलाइ स्तर वृद्धिगरी करारमा मेडिकल अधिकृत सहित आवस्यक भौतिक पुर्वाधार र उपकरण व्यवस्थापन प्रकृयालाई अगाडी वढाउने र प्रदेश सरकार लाइ १५ सैया अस्पत्तालको माग गरिनेछ। स्वस्थ्य क्षेत्रमा गरिने सवै कृयाकलापहरु तर्फः औषधि खरिद, स्वास्थ्य चौकीहरुमा मसलन्द र सञ्चार खर्च,

स्वास्थ्य चौकी र वर्थिङग सेन्टर  मर्मत, खोप केन्द निर्माण, वर्थिङ्ग सेन्टरमा सोलार खरिद, स्टोर,कोल्ड चेन व्यवस्थापन कर्मचारी, अटोक्लेभ, डेन्टल सेट, नेवुलाईजर, अटो स्कोप, संक्रमण रोकथाम समाग्री खरिद, वर्थिङ्ग सेन्टरमा अक्सिजन सिलिन्डर, पालिका स्तरिय नर्सिङ्ग समिक्षा कार्यक्रम, जेष्ठ नागरिक लक्षित/एकृकित महिला प्रजन्न स्वास्थ्य शिविर, योग शिविर सञ्चालन जनप्रतिनिधि तथा कर्मचारीहरु लक्षित, साल्टर स्केल, तौल मेसिन, सर्वोत्तम पिठो उत्पादन उद्योग स्थापना अनुदान, कुपोषणका लागि वाल स्वास्थ्य पुरस्कार, परिवार नियोजन स्थायी बनध्याकरण तथ्याङ्क संकलन, कर्मचारीलाई खोप सम्बन्धी आधारभुत तालिम, कार्यलय सहयोगीहरुलाई फोहरमैला तथा संक्रकण व्यवस्थापन सम्वन्धी तालिम, स्वास्थ्य विमामा विपन्न नागरिकलाई वार्षिक शुल्क अनुदान, सामाजिक परिक्षण नयाँ स्वास्थ्य संस्थाहरुमा, पालिका स्तरिय अर्ध वार्षिक तथा वार्षिक समिक्षा कार्यक्रम, स्वास्थ्य संस्थाको सार्वजानिक सुनुवाई, अनुगमन तथा सुपरिवेक्षण भ्रमण खर्च, उत्कृष्ट काम गर्ने स्वास्थ्य चौकी/स्वास्थ्यकर्मीलाई पुरस्कार, महिला स्वास्थ्य स्वयंम सेविका प्रोत्साहान यातायात खर्च सहित **यसक्षेत्रमा समग्र बजेट रु. ६६ लाख ४८ हजार  २ सय विनियोजन गरेकोछु।**

स्वास्थ्य तर्फको सशर्त बजेटः प्राथमिक स्वास्थ्य सेवा कार्याक्रम,  राष्टिय स्वस्थ्य शिक्षा, सूचना तथा संचार सेवा, एकीकृत स्वास्थ्य कार्यक्रम र क्षयरोग नित्रन्त्रण, एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम, अस्पत्ताल निर्मान सुधार तथा व्यवस्थापन सूचना प्रणाली, महामारी तथा रोग नियन्त्रण कार्यक्रम, अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम लगायत ३४ वटा कृयाकलापहरुको लागि रु. १ करोड ४६ लाख ३४ हजार सहित **यसक्षेत्रमा समग्र बजेट रु. २ करोड ३७ लाख ६४ हजार विनियोजन गरेकोछु।**

१७. **खानेपानी तथा सरसफाईः** गाँउपालिकामा खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ। खानेपानीमा महसुल निर्धारण, सेवा व्यवस्थापन, आवस्यक्तालाई पुरागर्न पुनः श्रोतको नकसाङ्कण गरी नभएको ठॉउमा पहिलो प्राथमिक्ता र निर्माणधिन योजनालाई पुरा गरिनेछ।सञ्चालनमा आएका योजनाहरुलाई अवस्था अनुसार मर्मत संभार संरक्षण गरी खानेपानी १ घर १ धारा गाँपालिकाले प्रदेश र संघीय सरकार संग समन्वयगरी दीर्घकालिन लक्ष्य सहित उपभोक्ताको अपनत्व कायम हुनेगरी खानेपानी योजना निर्माण, मर्मत, संभार, विस्तार गरिनेछ। बिप्पे लिप्ट खानेपनी योजना निर्माणको अन्तिम चरणमाछ, देउराली खोला सिम्ली वजार खानेपानी योजना र स्याँला बाव्वे टाकुरा पक्रैया खानेपानी योजना निर्माणको प्रकृयामा DPR सहित प्रदेश सरकारले क्रमागत रुपमा अगाडी वढाएकोछ।खानेपानी सम्वन्धी सवै ठुला योजनाहरु  गोबान खोला गोलचौर, तुसारे गरायला अध्याचौर लिप्ट खानेपानी र गुदम छहरा भलाचौर खानेपानी, खोलामुर सरेनी पोखरी लिप्ट खानेपानी, तुसारे खोला कोटगाँउ खानेपानी, सहरे फुक्रु खानेपानी, ओखरेनी फुक्रु भइटाकुरा खानेपानी, किचकिचे खोला बुकेरी लिप्ट खानेपानी र नाले बागखोर सानोलेख काँडा खानेपानी योजनाहरु प्रदेश र संघीय सरकारलाइ मागको लागि गाउँपालिका वाट सिफारिस  गरिएकोछ । साना तथा मर्मत सम्भार गर्न पर्ने खानेपानी योनाहरु सम्वन्धित वडाहरु

वाट विनियोजन गरिने बजेटवाट निर्माण गर्नेगरी यसको लागि **समग्र बजेट रु. ६३ लाख ९० हजार विनियोजन गरेकोछु।**

१८. **सरसफाई तथा फोरमैला व्यवस्थापनः** फोरमैला व्यवस्थापनका लागी चाइनावगर वजार, गिठाकोट जिउला वजार, वलिवाङ्ग वजार, पेदी वजार (वारी-पारी), सिम्ली वजार (वारी-पारी) वजार सरसफाइ समिति गठनगरी गत वर्षकै योजना वडागत विनियोजन वजेटवाट निरन्तरता दिएकोछु । पुर्ण सरसफाइ उन्मुख टोल हाँसिवाङ्ग र फुक्रुटाकुरा अगाडी वढेकोले वडा नं ७, ८ र ९ लाइ पुर्ण सरसफाइ उन्मुख वडा घोषणाको तयारी गर्ने र वाँकी सवै वडाहरुमा रुकुमेली समाज विकास केन्द्र र सुआहारा कार्याक्रमको वजेट रु. १२ लाख ३७ हजार संग सहकार्य र साझेदारी गरी पुर्ण सरसफाइ उन्मुख रणनीतिक योजना सञ्चालन गरी सफासुन्दर गाँउपालिकाको विकास गरी सुसभ्य संस्कृतिक वातावरण मैत्रि स्थानीय तहको पहिचान दिन सरसफाइ सम्बन्धी कार्यक्रम संचालन गर्ने नीति अनुसार यसको लागि **गा.प. वाट बजेट रु. ५ लाख विनियोजन गरेकोछु।**

१९. **संस्कृति प्रर्वद्धनः** संस्कृति, भाषा र ललितकलाको संरक्षण. प्रवर्द्धन र विकास सम्बन्धी गाँउपालिकाले नीति, कानून, मापदण्ड निर्माण गरी योजना कार्यान्वयन र नियमन गर्नेछ। पुरातत्व, प्राचीन स्मारक र संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास, परम्परागत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन, जनजाति आदिवासिको संस्कृतिको रक्षा एवं विकास गर्ने, छुवाछूत, भेदभावपूर्ण संस्कार विरुद्ध साँस्कृतिक रुपान्तरण अभियान सञ्चालन गरिनेछ। लोक सस्कृतिको रक्षा र विकास गर्नेगरी यसक्षेत्रमा- स्थानीय कला संस्कृति प्रर्दशन तथा प्रर्वद्धन, हुसुखोला शहिद गेट निर्माण, छोटे वगरमा युद्ध संग्रालय निर्माण प्रदेश सरकार संग माग, मगरराङ्जा जनजातीको पापिनीमेला प्रर्वद्धन, वडा नं. २ र ३ मा पंचेबाजा नाच संरक्षण, फागुन १ मा जनयुद्धको वार्षिक उतसवको सन्दर्भमा सानिभरी मौराखारा गोरिल्ला म्याराथन कार्याक्रम गर्नेगरी गाउँपालिका २० लाख र वडागत विनियोजन ५ लाख १० हजार सहित **यसक्षेत्रमा समग्र बजेट रु. २५ लाख १० हजार विनियोजन गरेकोछु।**

**गाँउसभाका अध्यक्ष महोदय,**

२०. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः** "बालबालिका, महिला,दलित, आदीवासी जनजाती, युवा, जेष्ठ नागरिक, अपाङ्गता, अल्पसंख्यक" वर्ग र क्षेत्रलाई राज्यको मुल प्रवहामा शसक्त प्रतिस्पर्दाको लागी विकास गर्न प्रवर्द्धन, क्ष्यमताको विकास, आय-आर्जन सिपमुलक तालिम गर्नेगरी यसक्षेत्रमा कृयाकलापहरुः

क. **बाल मैत्रि स्थानिय शासन** निर्माणकोलागी सानीभेरी गाउँपालिकाले निम्न कार्या गर्नेछः वालमैत्री स्थानीय शासन अवलम्वन गर्ने, गाउँपालिकामा विभिन्न जोखिममा रहेका बालबालिकाहरूको तथ्याङ्क संकलन, विश्लेषण र अध्यावधिक गर्ने, गाउँपालिकाको योजना, नीति तथा निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण वाल सहभागिता सुनिश्चित गर्ने, अपाङ्गतामा भएका सबै बालबालिका हरूलाई अपाङ्गता परिचय पत्र, आवश्यक सहायता

सामग्री र जीवनोपयोगी सीप दिई अनिबार्य विद्यालय भर्ना गर्ने, आमाबुवा विहिन, अपागंता भएका बालबालिका हरुलाई विशेष संरक्षण स्याहार र शिक्षाको अवसर सुनिश्चित गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेगरी यसको लागि बजेट रु. १५ लाख ५० हजार विनियोजन गरेकोछु।

ख. **महिला विपन्न र पिछडिएका समुदायलाई प्रवर्द्धन,** सिपमुलक तालिम तथा उद्यमशीलता विकासमार्फत काम र रोजगारी अवसको पहुँच पुऱ्याई स्वआय-आर्जनमार्फत आत्मनिर्भर बनाउने, महिला श्रमीक दिवस लगायत विभिन्न महिला सम्बन्धि कर्याक्रम र महिला सामाजिक र लैङ्गीक हिंसा विरुद्ध शसक्त कार्यक्रम सहित यसक्षेत्रमा रु. ११ लाख बजेट विनियोजन गरेकोछु।

ग) **युवा तथा खेलकुद विकासः** युवा विकास र संवृद्धीकोलागी गुणस्तरीय र व्यवसायिक शिक्षा र तालिम गॉउविकास र रोजगार, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षामा परिचालन, सहभागिता र नेतृत्व विकास, बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि युवा हरुलाई प्राविधिक तालिम, युवाहरुलाई नेतृत्व विकास तालिम, युवा खेलकुद विकासको लागि यसक्षेत्रमा रु.  ५ लाख बजेट विनियोजन गरेकोछु।

घ) **आदीवासी जनजाति** विकस, प्रवर्द्धन, आय-आर्जन गर्न सिपमुलक तालिम, दैनिक जिवनमा मदत र लाभहुने गरी गाँउपालिका अन्तरगत सवै जनजातिहरु १०४३ घरघुरी परिवारमा धुवारहित चुलो साजेदारी कार्यक्रम सञ्चालनलाइ निरन्तरता दिने गरी यस कार्यक्रम तर्फ रु. ८ लाख विनियोजन गरेकोछु।

ङ) दलितका संवैधानिक हक तथा कानूनि व्यवस्थाले निर्धारण गरेका सेवा सुविधाहरु र जातिय छुवाछुत अवराध कसुर सजाय ऐन, २०६८ लाई पुर्ण रुपले लागु गर्न गाउँपालि सरकार प्रतिवद्ध छ। सामन्ती अर्थप्रणाली अन्तरगत दलित समुदायमा रहेको बालिघरे विष्ट प्रथाको अन्त्य गरि विकल्प स्वरुप ज्यालादर निर्धारण गरेर दलितका मौलिक सीप, कलाहरुलाई आधुनिकिकरण र व्यवसायीकरण गरिनेछ। दलित र गैर दलित समुदाय विचमा सामाजिक सदभाव कायम गर्न सामाजिक साँस्कृतिक रुपान्तरण र अन्तरघुलनका कार्यक्रमहरु वनाएर प्रभावकारी ढंगले संचालन गरिने **छ।सानीभेरी गाउँपालिका भित्र प्रगतिशिल अन्तर जातिय विवाह गर्ने जोडि(दम्पति)लाई जिल्ला प्रशासनको मापदण्डमा रु. १ लाखको जीवन विमा गर्न सिफारिस गर्ने र अन्तरजातिय प्रेमलाई मान्यता दिएर विवाह गरिदिने गैर दलित अविभावकलाई सम्मान स्वरुप दोसल्ला ओडाई पुस्तकृत गर्ने नीति तथा कार्यक्रम बनाई लागु गरिनेछ।** राज्यको समानुपातिक तथा समावेशी नीतिलाई अवलम्बन गरेर स्थानिय तहबाट प्रभावकारी ढंगले लागु गर्न हरेक क्षेत्रमा दलित समुदायको नेतृत्व विकास सहितको अर्थपुर्ण प्रतिनिधित्व सुनिश्चित गर्न नेतृत्त्व, क्षामता विकास सम्बन्धि कार्यक्रमहरु लागु गरिनेछ। दलित नमुना वस्ति विकासको लागि एकिकृत वस्ति विकास कार्यक्रमको गुरुयोजना बनाएर आवश्यक बजेटको व्यवस्था गरी प्रभावकारी ढंगले लागु गर्न संघ र प्रदेश सरकार संग माग

गरिनेछ। स्थानीय सरकारले दलित छुवाछूत मुक्त गाँउपालिका घोषणा गरिएकोले विपन्न दलितहरुलाइ आय-आर्जन गर्न सिपमुलक तालिम, विपन्न दलित वालवालिकाहरु लाइ आर्थिक सहयोग, सुधारिएको आरन र पञ्चेवाजा पर्वर्द्धन गर्नेगरी **यसक्षेत्रमा बजेट रु. १० लाख बजेट** विनियोजन गरेकोछु।

**च)** गाउँपालिकामा जेष्ठ नागरिकहरुको सम्मान र सहयोग गर्ने, फरक क्षमता भएका अशक्त र अपाङ्ग व्यक्तिहरुको समस्याहरु समाधान गर्न प्राथमित्त्काको पहिचानगरी प्रवर्द्धन सिपमुलक कार्याक्रम कार्यान्वयण गर्न जेष्ठनागरिक र अपाङ्ग व्याक्तिहरुको रु. ३ लाख बजेट विनियोजन गरेकोछु।

**छ)** शहिद परिवारहरुलाइ सम्मान र सहयोग तथा घाईतेहरुलाइ सम्मान, संरक्षण र प्रवर्द्धन, सिपमुलक तालिम, कृषि जन्य आयआर्जन कार्याक्रम र जनयुद्ध र जनआन्दोलनका शहिदहरुको संझनामा शहिद गेट निर्मानको लागि रु १६ लाख सहित लैङ्गिक समानता तथा सामाजिक समावेशीक (बालबालिका, महिला,दलित, आदीवासी जनजाती, युवा, शहिद परिवार, जेष्ठ नागरिक, घाइते र अपाङ्गता, अल्पसंख्यक) **यसक्षेत्रमा समग्र बजेट रु. ९३ लाख ८४ हजार विनियोजन गरेकोछु।**

**गाउँसभाका अध्यक्ष महोदय,**

## आर्थिक विकास क्षेत्र तर्फः

२१. **कृषि र पसुपन्छी विकासः "कृषि नै सम्वृद्धिको आधार - गाउपालिकामा कृषकलाई रोजगार"** भन्ने मूल नाराका साथ कृषिलाई गरिबी निवारण, रोजगार सिर्जना र बेरोजगारीको अन्त्य गरी खाद्य सुरक्षाको आधारको रूपमा विकास गरिनेछ। कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन कृषिमा बेरोजगारको तथ्यांक संकलन, कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, सीप विकास र सशक्तीकरण गरिनेछ।

**परिकल्पनाः** सानेभेरी गाउँपालीको कृषि क्षेत्र अन्तर्गत अन्नवाली, तरकारी, फलफूल र पशुपालनको समुचित विकासबाट आत्मनिर्भर भइ यसको व्यवसायिकरणबाट स्थानीय समुदायको जीवनस्तरमा सुधार ल्याउन े लक्षहरुः उन्नत विउविजनको प्रयोगबाट तरकारी उत्पादनमा वृद्धि गनु, नश्लसुधार गरि पशुपालनलाइ व्यवसायिकरण गर्नु, फलफूलहरुको पकेट क्षेत्र तोकी विस्तार गर्नु, अन्नवाली उत्पादनमा वृद्धि गर्न आवश्यक सिचाइ, मलखाद र कृषि औजारको व्यवस्थापन गर्नु, कृषकहरुलाइ क्षमता विकासको क्रियाकलापहरु संचालन गर्नु, कृषि उत्पादनलाइ प्रतिस्पर्धात्मक बनाउन कृषिमा यान्त्रीकरण गर्नु, कृषिको बजारिकरण गर्नको लागि पूर्वाधारहरुको विकास गर्नु।

**लक्ष्य प्राप्त गर्नेको लागि निम्न लिखित उद्देश्यहरु तय गरिएकोछः** तरकारी वालीको विउ तथा उत्पादनमा वृद्धि गरी कृषक आम्दानीमा सुधार ल्याउनु, उन्नतजातको पशुपालनको नश्ल सुधार गरि दुध तथा मासुको उत्पादमा वृद्धि गर्नु, फलफूलखेतीको सम्भावित क्षेत्रहरु पहिचान गरि व्यवसायिक

रुपमा उत्पादन बढाइ निकास प्रवर्द्धन गर्नु, अन्नवालीको उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षाको प्रत्याभूति गर्नु, कृषिलाइ आधुनिकरण मार्फत उत्पादनको लागत कम गरि यसको बजार विस्तार गर्नु, कृषि उत्पादनको मूल्यश्रृगला वृद्धिको लागि कृषिजन्य उद्योगको प्रवर्द्धन गर्नु।

**उद्देश्य प्राप्त गर्नेको लागि निम्न मुख्य रणनितिहरुः** तरकारीवालीको विउ तथा उत्पादनमा वृद्धि गरी कृषकहरुको आम्दानीमा सुधार ल्याउन, तरकारीको विउ उत्पादन गर्न चाहने वा विउ उत्पादन गरिरहेका कृषकहरुको समुह गठन कृषकहरुलाइ उत्प्रेणा जगाउन गाउपालीकाले अनुदानको व्यवस्था गर्नु, कृषकबाट उत्पादित विउको विक्रि वितरणको व्यवस्थापनको जिम्मेवारी सहकारीलाइ प्रदान गर्नु, तरकारीको उत्पादन वृद्धिको लागि टेन्टलको व्यवस्थापन, मल तथा सिचाइको व्यवस्थापन गरि उत्पादित तरकारीहरु हाटबजार मार्फत विक्रि वितरण वा सहकारी मार्फत अन्य ठाउहरुमा विक्रि वितरणको व्यवस्थापन गर्नु, उत्पादित तरकारीको प्रतिस्पर्धाको आधारमा बजारमूल्य निर्धारण गर्ने कार्यमा गाउँपालिकाले सहजीकरण गरि सम्भावित वजार क्षेत्र पहिचान गर्न कार्यमा सहकारीसँग समन्वयत्मक भूमिका खेली आवश्यक सहयोग गर्ने, मूल्य श्रृगला बढाइदिने खालको उद्यम सञ्चालन गर्न चाहानेलाइ गाउँपालिकाले विशेष अनुदान प्रदान गर्ने वा त्यस्ता उद्यमको विकासको लागि केन्द्रिय सरकार वा प्रादेशीक सरकारले दिने सहयोग दिलाउन समन्वयत्मक भूमिका खेल्ने, सन्तुलीत आहारको लागि तरकारी आवश्यक भएको हुदा प्रत्येक घरधुरीमा करेसावारी व्यवस्थापन अनिवार्य गर्ने, विउ उत्पादन तथा तरकारी उत्पादनलाइ प्रोत्साहन गर्न आवश्यक नितिहरु तर्जुमा गरि कार्यान्वयन गरिनेछ।

**पशुपन्छी तर्फः** उन्नतजातको पशुपालनको नश्ल सुधार गरि दुध तथा मासुको उत्पादमा वृद्धि गर्नु, गाउँपालिकाले सम्भावित पशुपालन क्षेत्रहरुमा डाले घाँस तथा विकसित घाँस विस्तार कार्यक्रम सञ्चालन गरि पशु आहार व्यवस्थापन गर्ने, कृषकबाट उत्पादीत दुध संकलन केन्द्र र चिस्यान केन्द्र स्थापना गर्नको लागि सहुलियत दरमा ऋणको व्यवस्थापन गर्न स्थानीयस्तरमा कार्यरत वैकहरु र सहयोगको लागि केन्द्र सरकार तथा प्रादेशीक सरकारसंग समन्वयत्मक भूमिका खेल्ने, उन्नत जातका पशुपालन गर्न चाहाने कृषकहरुलाइ सहुलियत दरको ऋणको व्यवस्थापन गराउन विभिन्न निकायसँग समन्वयत्मक भूमिका खेल्ने, गाउँपालिकाका पशु प्राविधिक मार्फत व्यवसायिक पशुपालन गर्न किसानहरुलाइ प्राविधिक सहयोग प्रदान गर्ने, उन्नत जातको गाई, भैसी बाख्रा, भेडा पालन गर्न किसानहरुलाइ हावापानी सुहाउदा बाख्रा तथा भेडाको जात र पाइने सम्भावित ठाउँको वारेमा प्राविधिकले सिपारिस गरि गाउँपालिकाले पशु विमाको लागि आवश्यक व्यवस्था मिलाउने, गाउँपालिका बाट गोठ तथा खोर सुधार कार्यक्रमहरु सञ्चालन गर्ने, उत्पादित दुध तथा मासुको बजारको लागि सहकारी मार्फत बजार विस्तारका रणनितिहरु कार्यान्यनमा ल्याइने, पशुपालनमा संलग्न कृषकहरुको समुह गठन गरि आवश्यक क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने, व्यवसायि रुपमा पशुपालनमा सलग्न किसानहरुलाइ पशु विमाको लागि अनुदान प्रदान गरिनेछ।

**फलफूलखेती तर्फः** सम्भावित क्षेत्रहरु पहिचान गरि व्यवसायिक रुपमा उत्पादन बढाइ निकास प्रवर्दन गर्न, व्यवसायिक रुपमा फलफूल खेती गर्न चाहाने किसानहरुको पहिचान गरि फलफूलको वेर्नामा अनुदान प्रदान गर्ने, गाउँपालिका हुने सम्भावित फलफूलमा सुन्तला, आप, स्याउ र लिचिलाइ व्यवसायिक रुपमा उत्पादन गर्नको लागि नमुना पकेट क्षेत्र घोषणा गरि त्यस क्षेत्रलाइ आवश्यक प्राविधिक ज्ञान प्रदान गर्ने, व्यवसायिक रुपमा फलफूल खेती गरेको जग्गाहरुमा छोटो समयमा उत्पादन हुने खेती गराउन प्राविधिक सहयोग प्रदान गर्ने, व्यवसायिक रुपमा फलफूल खेती गरिएका किसानहरुलाइ गाउँपालिकाबाट यसको विस्तारको लागि अनुदानको व्यवस्था गर्ने, फलफूल खेती गर्ने खालको आवश्यक जग्गा भाडामा दिलाउन गाउँपालिकाबाट आवश्यक पहल गर्ने, फलफूलको उचित मूल्य व्यवस्थापनको लागि सितभण्डार निर्माणको लागि निजीक्षेत्रसँग साझेदारी गर्ने, फलफूलको उत्पादनको किसानलाइ उचित मूल्य दिनको लागि फलफूल सहकारी मार्फत बजारीकरण गर्ने, जुस उत्पादन गर्न उद्योग स्थापना गर्न घरेलु तथा साना उद्योगसंग समन्वय गरि गाउँपालिकाबाट आवश्यक अनुदानको व्यवस्था गर्ने।

**अन्नवालीको उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षाको प्रत्याभूति गर्नः** सिचाइको आयोजनाहरु सञ्चालन गर्दा बढी भन्दा बढी अन्नवाली उत्पादन हुने क्षेत्रलाइ समेट्न गरि तयार गर्ने, भइरहेका सिचाइका आयोजनाहरुलाइ मर्मत सुधार गरि बढी भन्दा बढी सिचाइ क्षेत्र विस्तार गर्ने, गाउँपालीकाको सम्पूण अन्नवाली उत्पादन हुने क्षेत्रहरुमा उन्नत जातको विउ लगाउन किसानहरुलाइ विउमा अनुदान प्रदान गर्ने, गोठे मल तथा कम्पोष्ट मलको व्यवस्थापन गर्नको लागि गोठ सुधार कार्यक्रमहरु सञ्चालन गर्ने, कृषि यान्त्रीकरणलाइ आवश्यक कृषि औजार खरिदमा अनुदानको व्यवस्था गरिने, खेतीयोग्य जमिन बाँझो नराख्ने निति गाउँपालीकाले अपनाएकोले बाँझो रहेका जग्गाहरु लिज वा भाडामा उपलब्ध गराइ विपन्नवर्गको लागि सामूहिक खेतीप्रणाली अपनाउन आवश्यक सहयोग प्रदान गर्ने, लेक साइडमा वर्षको दुइ खेती र वेसीसाइडमा वर्षको ३ खेती लगाउने नीति अपनाउने र यसको लागि कृषकलाइ प्राविधिक सहयोग प्रदान गरिनेछ।

**पशुपालन र पशु सम्बन्धी कार्याक्रमः** पशुपन्छी बजार सूचना, बजार तथा हाटबजार पूर्वाधार निर्माण, पशुपंछीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण, पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन, पशुआहार गुणस्तर नियमन, स्थानीय स्तरमा तथ्याङ्क व्यवस्थापन र सूचना प्रणाली, बधशाला र शीत भण्डारणको ब्यवस्थापन र नियमन, कृषि तथा पशुपन्छी सम्वन्धी बीमा र कर्जा सहजीकरण गरिनेछ। पुर्तिमकाँडा वडा नं. १ र २ डाले घाँसको खेतिगरी वाख्रा तथा भैंसी पालन, गरायला वडा नं. ३ र ४ चिउरी वृक्ष रोपन र मौरि पालन तथा डाले घाँसको खेतिगरी भैंसि पालन, दुली वडा नं. ५ र ६ डाले घाँसको खेतिगरी वाख्रा र भैंसी पालन, सिम्ली वडा नं. ७, ८ र ९ डाले घाँसको खेतिगरी भैंसी पालन तथा दाना उत्पादन गरी लोकल कुखुरा पालन, अर्मा वडा नं. १० र ११ डाले घाँसको खेतिगरी भैंसी पालन क्षेत्र निर्धारन गरी पसुपालन , औषधि, पशुनश्ल सुधार, आहाराको व्यवस्था, पशुपंक्षी स्वास्थ्य सेवा एवं उत्पादित पशुजन्य पदार्थको निर्यातको लागी वजारीकरण को व्यवस्था गर्नेगरी गाउँपालिका विनियोजन १६ लाख र वडागत विनियोजन ६१

लाख र कृषि तथा पशु तर्फको सशर्त कार्याक्रम ६ लाख ४५ हजार गरी **यसक्षेत्रमा ८३ लाख ४५ हजार बजेट विनियोजन गरेकोछु।**

**संघीय सरकारवाट प्राप्त सशर्त कृषि र पशु अनुदानः** माटो परिक्षण गरी माटो सुधारको लागि सामग्री/ प्रविधि वितरण/ हस्तान्तरण, भकारो सुधार कार्यक्रम, विभिन्न खोपहरु लगाए वापत भ्याक्सिनेटरलाई पारिश्रमिक, पशु स्वास्थ व्यवस्थापनको लागि ओषधि वितरण, वर्डफ्लु रोग लगायत अन्यरोगहरुको यन्त्रणको लागि वैठक तथा नमुना संकलन गरी पठाउने तथा प्रदेश तथा संघमा रिपोर्टिङ्ग गर्ने, पशुपन्छी तथा मत्स्य उपचार सेवा र तरल नाईट्रोजन ढुवानी भण्डारण तथा वितरण तथा व्यवस्थापन गर्नेगरी कृषि र पशु तर्फ रु. ११ लाख ४५ हजार सहित यसतर्फ सवै कार्याक्रम्मा रु. १ करोड २७ लाख ४५ हजार बजेट विनियोजन गरेकोछु।

२२. **पर्यट क्षेत्रको विकास र प्रवर्द्धनः** परिकल्पनाः "प्राकृतिक, धार्मिक, ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धन - पर्यटन गन्तव्यको विकासबाट सानीभेरी गाउँपालीकाको शान्ति र सम्वृद्धिमा योगदान।" यसको लक्ष्यहरुः पर्यटन विकासका लागि दिगोरुपमा ऐतिहासिक, धार्मिक तथा अन्य प्राकृतिक सौन्दर्य भएका स्थलसम्म पहुँचमार्ग, पदमार्ग आधारभूत भौतिक पूर्वाधार निर्माण गर्ने। पर्यटन क्षेत्रका लागि अवश्यक पथ प्रदर्शक, सञ्चारकर्ता, होटल रेस्टुरेण्ट सञ्चालन गर्ने दक्ष तथा अर्धदक्ष मानव श्रोत तयार गर्ने । सानीभेरी पर्यटन क्षेत्रको प्रचार प्रसार मार्फत नेपाल, भारत लगाएत अन्तर्राट्रिय मुलुकहरु समेतमा परिचित गराउने । आन्तरिक तथा बाह्य पर्यटक मार्फत स्थानीय रोजगारी अभिवृद्धि र राजश्व संकलनमा योगदान पु¥याउने।

**उद्देश्यहरुः** एकिकृत पर्यटन पूर्वाधारको विकास गरी गाउँपालीका जनताको जीविकोपार्जनमा सुधार ल्याउने, पर्यटकिय गतिविधिमा वृद्धिबाट ग्रामीण रोजगारीका अवसरहरु सिर्जना गर्ने र यसको लाभ गाउँपालीकाको तल्लो तहसम्म पु¥याउने, नयाँ तथा सम्भावना देखिएका स्थानहरुमा पर्यटन सम्बन्धी सेवा तथा वस्तुको उत्पादन गर्न स्थानीय समुदायको क्षमता तथा सहभागिता अभिवृद्धि गर्ने, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गाउँपालीका पर्यटक आकर्षण गर्ने स्थानहरुको फोटो तथा अन्य जानकारीहरु प्रचार प्रसार गर्ने, पर्यटकीय आकर्षक स्थलहरु सम्म आवतजावत गर्न सडक सञ्जाल र पदमार्गको विकासबाट सुविधा प्रदान गर्ने, पर्यटकका लागि गुणस्तरिय होटल, रेस्टुरेण्ट तथा लज स्थापना गर्न विभिन्न सुविधा सहित नीजि क्षेत्रलाई आकर्षित गरिनेछ ।

**गाउँपालीकाका पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य हाशिल गर्न अपनाइने रणनीतिहरुः** एकिकृत पर्यटन पूर्वाधारको विकास गरी गाउँपालीकाभरका जनताको जीविकोपार्जनमा सुधार ल्याउने, पर्यटकिय स्थल भएका वडाहरुमा ग्रामीण सडक तथा पुलपुलेसा निर्माण गर्दा सकेसम्म पर्यटकिय स्थललाई समेट्ने गरी कार्यन्वयन गर्ने, सडक पहुँच पुगेका स्थानबाट नजिक पर्नेगरी पदमार्ग वा अन्य वैकल्पीक मार्गलाई प्राथमिकता दिंदा यसबाट कम लगानी र छिटो प्रतिफल सुनिश्चित गर्ने। एउटा पर्यटकिय विशेषता भएका स्थानमा अन्य पर्यटकिय सम्भाव्यताको समेत अध्ययन गरी एकिकृत रुपमा पूर्वाधार विकास गरिदा जस्तैः धार्मिक स्थल रिम्ना दोभानमा जलक्रिडा, तथा

प्याराग्लाइडिङ्ग वस्ने स्थानको समेत पूर्वाधार विकास गरिने रणनीति अख्तियार गरिनेछ। पर्यटकिय पूर्वाधार निर्माणमा सरकारी लगानी वृद्धि गर्दै सरकारी नीजिक्षेत्र तथा सहकारी त्रिपक्षिय साझेदारी लाई प्रवर्द्धन गर्ने, पर्यटन दीर्घकालीन विकासका हिसाबले निर्माण गरिने पर्यटकीय सर्किटहरूमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन क्रियाकलापहरू विकास गरी पर्यटकहरूको क्षेत्रगत विस्तारमा जोड दिइनेछ, पालीका केन्द्रबाट टाढाका स्थानहरुमा पर्यटकिय गतिविधिहरु सञ्चालन गरि स्थानीय उत्पादन र सहभागिता अभिवृद्धि गरिनेछ, आदिवासी, विपन्न र जातिय सांस्कृतिक पहिचान वोकेका समुदायलाई प्रत्यक्ष फाइदा पुग्नेगरि होमस्टे, नमूना वस्ती वा पर्यटन सेवा सिर्जनामा सहयोग गरी आर्थिक उन्नतिमा संलग्न गराइनेछ।

गाउँपालिकाले तत्कालिन अगाडी वढाउने क्रियाकलापहरुः गाउँपालिकाले पर्यटन प्रवर्द्धन सम्बन्धमा नीतिगत तथा कार्यक्रममा समावेश गर्नेछ, धार्मिक, ऐतिहासिक महत्वका र जनयुद्ध सम्बन्धी लोपउन्मुख तहमा पुगेका सम्पदाहरुको संरक्षण तथा सम्बदर्द्धनको थालनी गर्ने, मालिका कालिका पदमार्ग र मन्दिर निर्माण, जंगलगाउँ होमस्टे सम्भाव्यता अध्ययन तथा रिम्ना क्षेत्र तटबन्ध निमार्णकार्य शुरु गरिने, विभिन्न वडाहरुमा निर्माण भइरहेका सडक पुर्वाधार निर्माणलाई प्राथमिकता साथ निरन्तरता दिने, यस आर्थिक वर्षको अन्त्य देखि नयाँ आ.व. २०७६।७७ को पहिलो त्रैमासिक अवधी सम्म गाउँपालीकाको नेतृत्वमा पर्यटन, खेलकुद, व्यापार वा साँस्कृतिक महोत्सवको आयोजना गर्ने, मध्यपहाडि लोकमार्गको नजिक पर्ने स्थानमा कम्तिमा १०० जना अतिथि राख्न सकिने लज तथ गुणस्तरीय खाना खाने रेस्टुराँ सञ्चालन गर्न नीजि व्यवसायिलाई उत्प्रेरणा गरिनेछ । सानीभेरी नदमिा र्‍याफ्टिङ्ग सञ्चालन ( सरकारी तथा नीजि साझेदारी लगानिमा आधारित ) गर्ने, मौराखारालाई पर्या पर्यटकीय गन्तब्य स्थलका रुपमा घोषणा गर्ने, जनयुद्ध तयारीको ऐतिहासिक साँरदुला घरलाई युद्ध संग्रहालयका रुपमा संरक्षण गर्ने, चाईनावगर मालिका लेक पर्यटन पदयात्रा मार्ग निर्माण तथा मालिका कालिका मन्दिर निर्माण, जङ्गल गाउँलाई होमस्टे गाउँका रुपमा विकास गर्ने, हाँसु मौराखारा पर्यटकयि पदमार्ग मर्मत, कमैदे तिमिले मौराखारा पर्यटकयि पदमार्ग निर्माण गर्ने र गाउँपालीका भित्र सहरउन्मुख बाजार क्षेत्रमा सरसफाई अभियान मार्फत प्लास्टीक झोला र वोतल र फोहोर व्यवस्थापन गर्नेगरी यसतर्फ सवै कार्यक्रमा रु. २७ लाख बजेट विनियोजन गरेकोछु।

२३. **उद्योग तथा वाणिज्य क्षेत्र : परिकल्पनाः** सानीभेरी गाउँपालिकामा लघु उद्यम प्रबर्द्धका समस्यालाई रणनैतिक हिसाबले सम्बोधन गरी लक्षित वर्गमा गरिबीको रेखामुनि रहेका सामाजिक रूपले बहिष्कृत र आर्थिक रूपले विपन्न र सीमान्तकृत समुहलाइ लघु उद्यम विकासको माध्यमबाट रोजगारी अवसरको सिर्जना र आयस्तर वृद्धि गर्ने। स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी मागमा आधारित उत्पादन तथा सेवाहरूको विकासद्वारा गरिबी न्यूनिकरण गर्ने, स्थानीय सीप र स्रोतको उपयोग गर्ने, युवा रोजगार सिर्जना गर्न उपलब्ध स्रोत साधन, जनशक्ति, सीप र पर्यटकीय संभावनाका अवसरहरु, प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरु र बढ्दो बजारीकरणको अवसरबाट लक्षित बर्गले प्रतिपर्धात्मक लाभ प्राप्त गरी जिवीकोपार्जन तथा आर्थिक समृद्धिमा गुणात्मक सुधार ल्याउन सानीभेरी गाँउपालिकाले “स्थानिय श्रोत साधन र सीपको उपयोग

बाट उद्यम र रोजगारीमा बृद्धि, सानीभेरी गाँउपालिकाका लक्षित बर्गका जनताको समृद्धि" गर्ने दीर्घकालीन सोंच रहेकोछ।

**दीर्घकालीन सोच पुरा गर्ने रणनीतिः** सामाजिक सामावेशी करणलाई केन्द्रित गरी लघु, घरेलु तथा साना उद्योग मार्फत् गरिबी न्यूनीकरण गर्ने, गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको सफल र बलियो अवधारणालाई सबै वडाहरुमा अवलम्वन गर्ने, गाँउपालिका तहमा उद्यम विकासका लागी विभिन्न निकायबाट लगानी गरिने श्रोत तथा प्रदान गरिने सेवालाई एकीकृत ढङ्गले परिचालन गर्न बार्षिक संयुक्त कार्ययोजना बनाई कार्यान्वयन गर्ने, लघु वित्त र अन्य आर्थिक सेवा सर्बसुलभ ब्याजदरमा साना तथा लघु उद्यमीको पहुचमा पुऱ्याउने, सरकारी तथा संगठित संस्थाहरुले १० प्रतिशतसम्म महँगो भएतापनि स्थानीय उत्पादनको उपयोगलाई प्राथमिकता दिन पैरवि गर्ने, सीप विकास तालिम दिदा सहभागीहरुलाई प्रतिस्पर्धी बन्न सक्नेगरी सीप दिइने, गाँउको पहिचान बोकेका तथा हाल लोपोन्मुख अवस्थामा रहेका बिशेष सीपमा आधारित उद्यमहरु (फलामे खुकुरी चुलुसी जस्ता बस्तुहरु) को पुनस्थापना गरि सम्मानित पेशाको रुपमा स्थापित गर्न जोड दिने, मेड्पा मोडेललाई लक्षित समूह अनुकुलन गर्ने,**"लक्षित वर्गका सबै उद्यममा सरिक, कोही पनि नरहुन गरिव"** भन्ने नाराका साथ उद्यम विकासका कृयाकलापहरुलाई केन्द्रित गर्ने, वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको उपयोगद्वारा आयातलाई प्रतिस्थापन हुने गरि उद्यम व्यवसाय परिचालन गर्न उत्प्रेरित गर्ने, लक्षित वर्गको एक घर एक उद्यम सहितको व्यवसायिक रोजगारमूलक अवस्थाको सिर्जना गर्ने,

**मध्यम गरीबकालागि पूर्ण उद्यमशीलता विकासको प्याकेजः** उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता क्षमता विकास, प्राविधिक सीप विकास विभिन्न किसिमका सीप प्रदान गर्ने, लघु वित्त सुविधामा पहुँच बृद्धि गर्ने, उपयुक्त प्रविधिको पहुँचमा बृद्धि र व्यवसाय विकास परामर्श सेवा प्रदान गर्ने।

**अति गरीबकालागि माथिका सबै सेवाका अलावा तपशीलका सबैः** समुहमा सञ्चालित हुने उद्यमका लागि साझा सुविधा केन्द्रमार्फत् लगानी हुने, ऋण पाउन नसक्नेलाई ऋण पाउन योग्य वनाउने, समूह गठन भैसकेपछि सहकारी अथवा निजी साझेदारी संस्था दर्ता गर्ने, साझा सुविधा केन्द्रमा लगानी भएको रकम सदस्यहरुलाई शेयरमा परिणत गर्ने, साझा सुविधा केन्द्र सहकारी वा निजी संस्थालाई हस्तान्तरण गर्ने।

**युवा रोजगार एवं साना व्यावसाय विकास** र संवृद्धीकोलागी गुणस्तरीय र व्यवसायिक शिक्षा, उद्यमशिलता र सिप विकास तथा तालिमको माध्यमबाट महिला उद्यमशिलता विकास गरी सामुहिक उत्पादन र खेति गर्न श्रम सहकारिहरुको स्थापना गर्न प्रोसाहित गरिनेछ। अर्ध वेरोजगार भएका कृषकलाइ व्यावसायीककरण तिनलाई पूर्ण रोजगार उन्मुख बनाउने लक्ष्यराखी सरकारी, सहकारी र नीजि क्षेत्रको साजेदारी लगानिलाइ प्रोत्सहान गर्नुपर्दछ।प्रदेश सरकार संग माग, समन्वय र साझेदारी गरि गाउपालिकामा १ नमुना गावरमेन्ट उधोग लगायत संभावित साना उध्योगहरुमा काम गर्नेगरि गाउँपालिकाबाट विनियोजन १० लाख र वडागत विनियोजन २ लाख ४० हजार सहित यसक्षेत्रमा रु १२ लाख ४० हजार विनियोजन गरेकोछु।

२४. **सहकारी र वित्तिय क्षेत्रको विकासः** गाँउपालिकामा सहकारी संस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, निर्मान कार्यान्वयन र नियमन गर्ने, सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी

बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड, नियमन, सहकारी सम्वन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, क्षमता अभिवृद्धि, गरिनेछ। सहकारी संस्थाहरुले कृषिजन्य उत्पादन र सेवामुलक कामलाइ पहिलो प्राथमिक्ता दिएर काम गर्नुपर्दछ र गाउँपालिका स्तरमा कृषि उत्पादन क्षेत्रमा राम्रो काम गरेको सहकारीलाइ अनुदान वाट पुरिष्कृत गरिनेछ। श्रम सहकारी हरुलाइ विकास निर्माण उत्पादन सामाजिक तथा सेवा मुलक काम जसले राम्रो गर्दछ मापदण्डको आधारमा छनौटगरी पुरिष्कृत स्वरुप अनुदान प्रदान गरिनेछ। सहकारी सम्बन्धि तालिम र भ्रमण कार्याक्रम सहित गाउँपालिकाबाट २ लाख ५० हजार र वडागत विनियोजन ५० हजार **गरी यसक्षेत्रमा समग्र बजेट रु. ३ लाख विनियोजन गरेकोछु।**

**गाउँसभाका अध्यक्ष महोदय,**

## पुर्वाधार विकास क्षेत्र तर्फः

२५. **सडक तर्फको विकस निर्माण :** गाँउपालिकाले आर्थिक वर्ष ०७५।७६ मा यातायाता विष्तृत गुरु योजना निर्माण गरी सडकहरुको वर्गिकरण, मापदण्ड र अनुमान लागत समेत प्रस्तुत गरेकोछ भने अर्को तिर गाउँपालिका भित्रका सम्पुर्ण सडकहरु डि.पि.आर. गरिएकोछ। शहरी तथा वस्ति विकास मापदण्ड २०७५ गाउँपालिकाले जारी गरिसकेको हुनाले घडेरी भवन सडकहरु निर्माणको माप दण्ड निर्धारन भैसकेको हुनाले सोही बमोजिम स्थानीय कृषि सडक र घोडेटो वाटो सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ। गाँउपालिकामा मध्यपहाडी लोकमार्ग क्षेत्रिय सडक र कृर्षि सडक गरी ३ प्रकारका सडक सञ्जाल विध्यमान रहिआएकोछ।गाँउपालिकाको केन्द्र देखी प्रत्यक वडा कार्यालय सम्म, वडा कार्यालयको केन्द्र देखी टोल (साविक वडा) सम्म एक वडा एक हरित कृषि सडक निर्माण गर्ने लक्ष्य राखी मध्यपहाडी पुष्पलाल लोक मार्ग आगामी २ वर्षभित्र कालोपत्रे गर्ने कार्यलाई सम्पन्न गर्न संघीय सरकारलाइ ध्यान आकर्षण गराउने र चौरजहारी हाँसीवाङ खण्डमा काम गर्ने चन्द्रा एण्ड वसन्त कन्ट्रक्शन प्रा लि कम्पनिका प्रतिनिधि संग समन्वय र सहकार्य गरी सडक निर्माण आयोजना कार्यान्वयणलाइ प्रभावकारी वनाउन अनुरोध गरिनेछ। अर्मा पाथिहाल्न काफलवोट गरायलापेदी सल्लीचौर खेत घापागार पोखरी क्षेत्रिय सडक र रिम्नादोभान पेदी ज्यमिरे गाँराघाट क्षेत्रिय सडक र हासिवाङ- स्यालीवोट- काफलवोट- डाडाअर्मा-माथिल्लो आमडाँडा-सहरे-पुर्तिमकाँडा गाँउ-जंगालगाँउ-वाहुनिखेत-जाजरकोट क्षेत्रिय सडक र मेगा सर्वाचौर चाखलिमेला कृषि सडकको निर्माण गर्ने जिम्मेवारी संघीय र कर्णाली प्रदेश सरकार लाइ अनुरोध गरिएकोछ।

**सहायक सडकः** चाईनाबगर पक्रैया बुकिचौर कृषिसडक, बाहुनीखेत मलामे डाँडा कृषी सडक, गिठाकोट जिउला घर्तिगाउँ पुर्तिमकाँडागाउँ बसनडाडाँ चाईनाबगर कृषिसडक, झिनचौर भलाचौर कृषिसडक र बल्याखर्क खन्नेबोट गोलडाँडा खाराखाली अदयाचौर कृषिसडक, नायखोला खालचौर पुरानागाउँ इजर गाउँबारी टुरा कृषिसडक, मेलचौर घापागार हाँसु कृषिसडक, मेलचौर बल्लेबास रिटनाखोला खेत मुडीगार कोटगाउँ कृषिसडक, सहरेजिउला राउतगाउँ बोहरागाउँ जनचाहाना आवि झ्यामबारी भेरीदह लीगा फुक्रु जिउला बागमारे हुसुखोला सिम्ली कृषि सडक, सहरेखोला जनचाहाना भेरीदह कृषि सडक, सिम्ली तल्लोआमडाँडा आवि कालिका डलसिङ्गे, पाखेरोल कृषिसडक, तल्लोआमडाँडा माथिल्लो आमडाँडा विप्पे चिन्तु कृषिसडक, सिम्ली स्यालीबोट

खामोहाल्ने मगरराङ्जा धैरेनी छेलोहान्ने टोट्के बागखोर कृषि सडक, ओलीडेरा खामोहाले तितेखोला चौर कृषि सडक, स्याँलिवोट उदिन ढुङ्गा काँडा वागखोर कृषिसडक, घडेरी टुनीबोट घण्ठाना तिमिले चिन्तु विप्प्य कृषिसडक, घण्ठाना अर्मा डाँडा काफलवोट कृषिसडक, सिम्ली घडेरी काफलवोट क्षेत्रिय कृषि सडक, बाघखोर, गातिना, सानोलेख, जुम्लेपोखरी कृषिसडक, काफलबोट टिमुरबोट खालीखोला सिलीपाँखा बाघखोर कृषिसडक, काफलबोट टिमुरबोट, अम्रेडाडा, पोखरा कृषिसडक, लक्कुडाडा, लगनचौर, ठुलालेख, सतिपोले कृषि सडकहरु आर्थिक वर्ष ०७५ र ७६ मा सम्पन्न भएका योजनाहरुलाई मर्मत संभार र स्तरवृद्धि गर्ने र निर्माणधिन सडकहरुलाइ क्रमागत निरनतरता दिनेगरी १ वडा १ कृषि सडक प्रदेश भुमिव्यवस्था कृषि तथा सहकारी मंत्रालय संग गाउँपालिका साझेदारी गरि आएकोले यसको निरन्तरताको लागि प्रदेश सरकार संग माग गरिएकोछ। एक वडा एक मुख्य हरित कृषि सडकको नीति अनुसार कृषि सडक, टोलपदमर्ग, पर्यटकीय पदमार्ग घोडेटो वाटो र आवश्यक काठेपुल तर्फ आवश्यक बजेट १ करोड ७९ लाख ३८ हजार विनियोजन गरेकोछु।

२६. **सिंचाई तर्फको विकास र योजनाः** सानीभेरी गाँपालिकामा सिचाइ सम्वन्धि गुरुयोजना तर्जुमा, स्तरोन्नतिका आयोजनाको पहिचान, कार्यान्वयन, मर्मत, सम्भार र नियमन गरिनेछ। साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार र व्यबस्थापन, नदि र खोलाहरुबाट ठूला र साना सिंचाइ योजना सञ्चालन, पोखरी सिंचाइ योजना र विद्युत उपलव्ध भएसम्म लिफ्ट सिंचाइ योजनाद्वारा बढी भन्दा बढी जमिनमा सिंचाइ पु¥याइनेछ। संचालनमा आएका योजनाहरु लाई संरक्षण, मर्मत संभार र आर्थिक वर्ष २०७५।७६ मा सम्पन्न नभएका चालु योजनाहरुलाई निरन्तरता दिएर क्रमागत रुपमा कार्यान्वयण गर्नेगरी **यसक्षेत्रमा समग्र बजेट रु. २४ लाख ३१ हजार विनियोजन गरेकोछु।**

२७. **भवन तथा सहरी विकासः** सहरी तथा बस्ती विकास भवन संहिता मापदण्ड २०७५ गाउपालिकाले जारी गरेकोछ भने अर्को तिर गाउँपालिकाले शहरी तथा वस्ती विकासको विष्तृत परियोजना निर्माण गरेको हुनाले सोहि बमोजिम भवन र सडक निर्माण अनुमति र नियमन गरिनेछ।संघीय मामिला तथा प्रशासन मन्त्रालयको पछिल्लो निर्देशन अनुसार जग्गा प्राप्ति सम्वन्धि जनतावाट दानगरिएको जग्गालिने पहिलो र सहज प्राथमिक्ता भएकोले मध्यपहाडि लोकमार्ग संग जोडिएको सुरक्षित र पुक्दो जग्गा सिम्लि वजार देखी द्ववारे सम्मको क्षेत्रमा जहाँ दानजग्गा पाइन्छ स्वहि स्थानमा गाँउपालिका कार्यालय भवन निर्माण गर्नेगरी नेपाल सरकार र प्रदेश सरकार संग मागगरी योजनामा साझेदारिको लागि समपुरक बजेट व्यस्था गरिएकोछ।नेपाल सरकार को विध्यालय भौतिक पुर्वाधार र नमुना विधेयलयमा सशर्त बजेट खर्चगर्ने कार्यविधि अनुसार खर्च गरिनेछ। विशेष अनुदानको लागि संघ र प्रदेश सरकार संग शिक्षा, स्वस्थ्य र खानेपानी योजनाको माग गरिनेछ। यस अन्तरगत भू-उपयोग रणनीति योजन निर्माण र खोपकेन्द्र सहित गाउँपालिकाबाट ४५ लाख र वडागत विनियोजन १० लाख र **सशर्त तर्फ विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान २ करोड ७६ लाख सहित यसक्षेत्रमा समग्र बजेट रु. ३ करोड ३१ लाख विनियोजन गरेकोछु।**

२८. **उर्जा, लघु तथा साना जलविद्युतः** गाउँपालिकामा साना जलविद्युत आयोजना र वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन गरिनेछ। उज्यालोमा वस्नपाउनु जनताको अधिकार लाई स्वीकार गर्दै गाँउपालिकालाई पूर्ण रुपले उज्यालो पार्ने लक्ष सहित  संघीय र प्रदेश सरकार संग समन्वय गरी यसलाइ अगाडी वढाइनेछ। साना जलविद्युत आयोजना र वैकल्पिक ऊर्जा सम्बन्धी गाँउपालिका उज्यालो कार्यक्रम अन्तरगत विधुतीकरण गर्ने सनदर्भमा लगभग १२० किलो वाट विधुत राज्य, सहकारी र जनताको लगानिमा सम्पन्न भएतापनी अझैधेरै अपुक भएकोले २५० वाट विधुत उत्पादन गर्न सकिने योजना संभाव्यता अध्यन गरी गाउँपालिका सरकारको लगानिमा कार्यन्वयन गरिनेछ। निमार्ण भइ मापदण्डको आधारमा गाउँपालिकामा सूचीकृत भएका साना लघु जलविधुतहरुलाई संरक्षण, मर्मत संभारमा सहयोग गर्ने र निर्माणाधिन योजनाहरुलाई सम्पन्न गर्न अनुदानको रकम व्यवस्था र सशर्त अनुदान राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम तर्फ १७ लाख ७५ हजार सहित **गाउँपालिकाबाट रु.  १६ लाख र वडा गत विनियोजन २८ लाख सहित समग्र बजेट रु. ६० लाख ७५ हजार विनियोजन गरेकोछु।**

२९. **सुचना सञ्चार तर्फः** गाँउपालिका भर टेलिफोन सेवा उपलव्ध गराउने क्रम्मा नेपाल टेलिकम दुरसञ्चार र एनसेल का निर्माण भएका टावर प्रभावकारी सेवा सञ्चालन गर्न र टावर विस्तार गर्न गरायलाको टुरामा टावर सम्पन्न भै संचालनमा आएकोछ तथा अध्यचौर सर्व्य भएको र अर्मा सानो लेकमा काम अगाडी वढेकोले संघिय सरकारको ध्यान आकर्षण गराइनेछ। सबै वडा कार्यालयहरु र गाउँपालिका कार्यालमा वाइफाइ जडानगरी संचालनमा आएकोले कार्यालय क्षेत्रमा निशुल्क वाइफाइ सुविधा प्रदान गरिएकोछ र यसलाइ विषयगत कार्यालयहरु तथ प्रतिनिधि मुलक शिक्षा र स्वस्थ्य संस्थाहरुमा विसतार गरिएको छ। गाउँपालिका राजपत्रको रुपमा वेबसाइटको माध्यमवाट गाउँपालिका सरकारको सवै सूचना प्रभाह गरिएकोछ। एफ एम सञ्चालन गर्न संभाव्यता अध्यान प्रतिवेदन कार्यापालिकामा पेशभइ नीतिगत रुपमा छलफल भएकोले अनुदान दिइनेछ। गाउँपालिका एक वडा एक पत्रकार को अवधारना अनुसार  वडाहरुको सहभागितामा पत्रकारीता तालिम व्यवस्थापन गरिनेछ। संचार एफएम, वाइफाइ महसुल, सञ्चार कर्मचारी, सुचना प्रणाली सफ्टवयर, पत्रपत्रिका छपाइ र सुचना प्रकासन  सहित यस कार्यक्रमहरुतर्फ रु. २९ लाख ५० हजार बजेट **विनियोजन गरेकोछु।**

**गाँउसभाका अध्यक्ष महोदय,**

## वन, वातावरण तथा  विपद् व्यवस्थापन क्षेत्र तर्फः

३०. **वन तथा भु-संरक्षण :** गाँउपालिका सामुदायिक वनमा पर्यापर्यटन/उद्यम प्रवर्धन वन व्यवस्थापनलाई दिगो बनाउँदै यस क्षेत्रको उपयोग र संरक्षण दुवैलाई प्राथमिकता दिइने नीति अनुसार वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी साझा अधिकारहरुमा संघ र प्रदेश सरकार संग समन्वय र सहकार्यागरी स्थानीय नीति, कानून, मापदण्ड,

योजना निर्माणगरी कार्यान्वयन र नियमन गरिनेछ। मौराखारालाई वातावरणीय, पर्यावरणीय र पर्या-पर्यटन विकासका लागि CCA Community Conserved Area (समुदायद्धारा संरक्षित क्षेत्र) को अवधारणा र अध्ययन कार्यक्रम लागि पहल गरनिछ । सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा जडिबुटीलगायत वन पैदावारमा आधारित १ वडा १ उद्योग स्थापना गरिनेछ। स्थानीयस्तरमा सामुदायिक, कवुलियती र राष्ट्रिय वनको संरक्षण सम्वर्द्धन, उपयोग र नियमन गरिनेछ। वन उपभोक्ता समूहलाइ व्यवस्थित र सक्रिय वनाएर लेखा तथा अभिलेख व्यवस्थित गरि वन संरक्षन र उपयोगमा जिम्मेवारी र जवाफदेही वनाइनेछ। सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रहरुमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गरिनेछ। जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन गरिनेछ। वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन, नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन गर्नेगरी ८ लाख ७० हजार **विनियोजन गरेकोछु।**

३१. **जलाधार संरक्षणः** गाउँपालिकामा जलाधार, पानी मुहान संरक्षण, भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन, खानी तथा खनिज पदार्थको संरक्षण, ढुंगा, गिट्टी, बालुवा, माटो, आदि खानीजन्य वस्तु सम्वन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन, खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग, व्यवस्थापन र स्थानीय खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन गरिनेछ। कानूनी मापदण्डमा खानी तथा नदीजन्य पदार्थको प्रयोग र विक्रि वितरन गर्न वातावरण प्रभाव मुल्याङ्कण गरि सोहि मापदण्ड अनुसार उत्खनन्न विक्रि वितरण अनुगमण र नियमन गरिनेछ। गाउँपालिकाबाट ५ लाख र वडागत विनियोजन १ लाग सहित **यसक्षेत्रकोलागी बजेट रु. ५ लाख विनियोजन गरेकोछु।**

३२. **जलवायु परिवर्तनः** जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। स्वच्छ, हराभर र प्रदूषणमुक्त गाँउपालिका अभियान सञ्चालन गरी जैविक विविधता तथा जलवायु परिवर्तन अनुकलनमा सरकार, निजी क्षेत्र, सहकारी तथा सामुदायिक र गैरसरकारी क्षेत्रबीच सहकार्य **सहित यसक्षेत्रमा बजेट रु. १ लाख २० हजार विनियोजन गरेकिछु।**

३३. **सरसफाई तथा फोहोर मैला व्यवस्थापनः** गाउँपालिकाले फोहरमैला ब्यवस्थापन कार्याविधि २०७५ निर्माण गरेकोले सोही बमोजिम कार्यन्वयन अनुगमन र नियमन गर्दै सरकारी, सहकारी र निजि क्षेत्र, नागरिक समाजको संलग्नता गरिनेछ। फोहोर व्यवस्थापन सम्बन्धी रणनीतिक योजना निर्माण कार्यक्रम र आमनागरिक तथा समुदायको चासो र संलग्नतामा अभिबृदि गरी फोहर संकलन दिखि व्यवस्थापन सम्मका सबै फोहर र प्लाष्टिक जन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन, वातावरणीय जोखिम न्यूनीकरण, प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन गर्ने नीतिभित्र रही फोहरमैला व्यवस्थापन गरिनेछ। गाउँपालिकामा रुकुमेली समाज विकास केन्द्र र सुआहारा गैरसरकारी संस्था संग साजेदारी गरि सरसफाइ तथा पुर्ण सरसफाइ उन्मुख वडा कार्याक्रम संचालन सहित **यस क्षेत्रको समग्र बजेट रु. १ लाख ६० हजार विनियोजन गरेकोछु।**

३४. **जल उत्पन्न प्रकोप नियन्त्रणः** गाँउपालिकामा तटबन्ध नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र जल उत्पन्न प्रकोप व्यवस्थापनलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। नदीजन्य पदार्थहरुको उत्खनन् गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलतालाई आधार मानी अध्यन, अनुसन्धान गरी बातावरण प्रभाव मुल्याङ्कण कार्ययोजना बनाएर मात्र नदीजन्य पदार्थको उपयोग गरिनेछ। गाँउपालिकामा तटबन्ध नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र जल उत्पन्न प्रकोप व्यवस्थापनलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। नदी नियन्त्रण र मानव वस्ति संरक्षनको लागी वढी जोखिम तथा धनजनको क्षेति हुनसक्ने संभाव्यताको अध्यानगरी तट्वन्धन र नदी नियन्त्रण गर्न चाईनाबगर वाहुनि खेत, रिम्ना दुइभेरी छोटेवगर, बेलटापु पिरेतहरा, गिठाकोट फल्लेवगर सिस्नेखोला, हाँसीवाङ सुलिहाले फुक्रुजिउला तट्वन्धन तथा नदिनियन्त्रण लगायत अन्य सम्भावित ठाँउहरुमा योजनावद्ध कार्यक्रम सञ्चालन गर्न संघीय र प्रदेश सरकार संग योजना माग गरी साझेदारी र समन्वयमा **यस क्षेत्रको बजेट रु. २ लाख विनियोजन गरेकोछु।**

३५. **विपद् व्यवस्थापनः** गाउँपालिकाले विपद् व्यवस्थापन सम्वन्धि ऐन र कार्याविधि निर्माण गरिसकेको हुनाले सोहि बमोजिम नीति र मापदण्ड योजना निर्मानगरी कार्यान्वयन र नियमन गरिनेछ। विपद् पूर्व प्रतिकार्य योजना खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारणको तयारी वितरण र समन्वय गरिनेछ। विपद् व्यवस्थापन सम्वन्धी गाँउपालिकाले स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको विकास गर्न गाँपालिकामा विपद व्यवस्थापन समिति गठन गरीएकोले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा सरकारी तथा गैरसरकारी, सामाजिक संघ संस्थाहरु र स्वयम सेवक भावना द्ववारा प्रेरित युवा जनशक्तिलाई परिचालन गरिनेछ। यसकोलागी गाँउपालिका अन्तरगत सवै वडाहरुको लागी विपद व्यवस्थापन सहयोग अनुदान रु. ८ लाख ५० हजार **विनियोजन गरेकोछु।**

३६. **वारुणयन्त्र (आगलागी नियन्त्रण) :** मानव जन्य कृयाकलापले जान-अनजान, अचेत र लापरवाही वाट विधुत सट्भइहुने आगजनिले प्राकृतिक श्रोत साधन र मानविय भौतिक संरचना र धनजनको ठुलो क्षेति भएकाछन्। शहरी विकस उन्मुख वस्ति विकासको भौतिक संरचनाले घनवजार, विभिन्न व्यवसायहरु, सरकारी कार्यालयहरु, विभिन्न सेवाप्रदायिक संघ-संस्थाका कार्यालयहरु, शैक्षिक र स्वस्थ्य संघ-संस्थाहरुको वृद्धी विकास संगै सानिभेरीमा उर्जाको क्षेत्रमा क्रमस विकासहुदैछ।गाँउघर र वजारक्षेत्रमा लापरवाही र विधुत सटभइ हुने आकस्मिक आगजनि तथ व्याक्तिगत गलत निहेतले जंगलमा हुने आगजनिलाई नियन्त्रन गर्नुपर्दछ। बन, गाँउ घर वजारमा हुने आगजनिप्रति पूर्ण सावाधान रहन सचेतना मुलक कार्याक्रम सञ्चालन गर्ने र केही मुख्य कार्यालयहरुमा आगो नियन्त्रन साधनहरुको व्यवस्थापन र वनमा आगजनि गर्नेलाइ नियन्त्रन गरि विध्यमान कानून बमोजिम कारवाही गर्नेगरी **यसको लागी बजेट रु. ५ लाख ३ हजार विनियोजन गरेकोछु।**

**गाउँसभाका अध्यक्ष महोदय,**

## सुशासन तथा संस्थागत विकासको क्षेत्र तर्फः

३७. **मानव संसाधन व्यवस्थापन :** गाँउपालिका सेवाको व्यवस्थापन सम्वन्धी नीति र कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण गरिएको छ। स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन गरिनेछ। जनताका जनप्रतिनिधि र कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउनु पर्दछ। आर्थिक वर्ष ०७६।७७ को लागि नेपल सरकारको नीति कार्याक्रम र बजेटमा नेपल सरकार प्रदेश र स्थानीय सरकारको सम्पुर्ण कर्मचारीहरुलाई तलव वृद्धि गरेको नीति लाइ कार्यान्वयन गरिनेछ।

**गाउँपालिकमा समग्रक्षेत्रको** कामलाइ छिटो छरितो र प्रभावकारी सेवा प्रदान गर्न स्थानीय सरकार मातहत्का प्रशासन समुहका कर्मचारीहरुले थप समय काम गरेवापत कार्यपालिकाले निर्माण गरे बमोजिम कर्मचारी प्रोत्सहान भत्ता कार्याविधि २०७५ अनुसार थप सुविधा उपलव्ध गराइनेछ। हाललाई प्रशासन समुहका स्थायी कर्मचारी तलव भत्ता रु २ करोड ३५ लाख, गाउँपालिका र वडा कार्यालय अन्तर्गत करार कर्मचारी **को तलव भत्ता ३७ लाख ७७ हजार, सशर्त बजेट अन्तर्गत शिक्षक, बालविकास, कार्यालय सहयोगिहरुको तलब भत्ता ६ करोड ४९ लाख, गाउँपालिका करार शिक्षक, विद्यालय सहायक र बालविकासहरुको तलब भत्ता २ करोड ७५ लाख, सशर्त स्वास्थ्य स्थायी कर्मचारीहरुको तलब भत्ता १ करोड ४७ लाख ३९ हजार, गाउँपालिका स्वास्थ्य करार मेडिकल अधिकृत सहित स्वास्थ्य कर्मचारीहरुको तलब भत्ता ५९ लाख ९९ हजार, कृषि तथा पशु सेवाका स्थायी कर्मचारी तलब भत्ता ५२ लाख ३४ हजार, गा.पा. करार पशु तथा कृषि कर्मचारीहरुको तलब भत्ता १२ लाख ४९ हजार र कर्णाली प्रदेश कानून बमोजिम जनप्रतिनिधिहरुको तलब तथा सेवा सुविधा तर्फ ६८ लाख ५० हजार सहित समग्र तलब भत्ता रु. १६ करोड ३७ लाख ४८ हजार विनियोजन गरेकोछु।**

**गाउँसभाका अध्यक्ष महोदय,**

३८. **सुशासन तथा संस्थागत क्षमता विकासः** सानीभेरीगाँउपालिकामा सुशासन तथा संस्थागत विकासको क्रम्मा सबै जनताको हित र सन्तुष्टि सर्वोपरी ठानी कार्य सम्पादन गर्नुपर्ने, जहाँ काम त्यहा प्रशन, जसलाई प्रशन उसकै जवाफ भन्ने मान्यतामा आधारित प्रतक्ष्य उत्तरदायित्व सुनिश्चित गर्न दक्ष्य जनशक्ति परिचालन र व्यवस्थापन गरिनेछ। आर्थिक वर्ष ०७६/०७७ मा संस्थागत कामलाइ आवश्यक्तामा आधारित व्यवस्थित गर्न कार्यपालिका बैठक ३६ वटा, गाँउ सभा बैठक ६ वटा, ११ वडा कार्यालय बैठक १९८ वटा वैठकहरु सुविधामा गणनाहुनेछ। पानी तथा विजुली, संचार महसुल (इन्टरनेट र फोन सुल्क गा.पा. र वडा कार्यालय), इन्धन (पदाधिकारी), इन्धन गा.पा. कार्यालय, ११ वडा कार्यालयहरु, सवारी साधन मर्मत खर्च गा.पा. कार्यालय र ११ वडा कार्यालयहरु, विमा तथा नवीकरण खर्च (वाईक, गाडी), मेसिनरी तथा औजार मर्मत सम्भार तथा

सञ्चालन खर्च, मसलन्द तथा कार्यालय सामाग्री गा.पा. कार्यालय र ११ वडा कार्यालय, पुस्तक तथा सामाग्री खर्च, इन्धन-अन्य प्रयोजन (ग्यास, मट्टी तेल), पत्रपत्रिका,छपाई तथा सूचना प्रकाशन खर्च, अन्य कार्यलय संचालन खर्च, कर्मचारी तालिम खर्च (प्रशासनीक,प्राविधिक, लेखा, जिन्सी), सीप विकास तथा जनचेतना तालिम र गोष्ठी सम्बन्धि खर्च, विविध कार्यक्रम खर्च(विभिन्न दिवसहरु), अनुगमन, मुल्यांकन खर्च( जनप्रतिनिधि र कर्मचारी), भ्रमण खर्च(जनप्रतिनिधि र कर्मचारी), विविध खर्च (खाना चिया नास्ता) वडा कार्यालय समेत, सभा सञ्चालन खर्च, मेशिनरी सामान मर्मत तथा संम्भार र गाउँपालिका र वडा कार्यालय तथा विषयगत कार्यालयहरुको घरभाडा सहित **यसक्षेत्रको समग्र खर्च रु. २ करोड ५९ लाख १९ हजार विनियोजन गरेकोछु।**

३९. **राजस्व परिचालनः** गाँउपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी सबै आर्थिक कृयापकलापलाई करको दायरमा ल्याई राजस्वको दायरा फराकिलो गरी राजस्व परिचालन समिति वनएर व्यवस्थित गरिनेछ। आर्थिक कृयापकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाइ लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन गर्ने, करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणानीलाई थप प्रगतिशील वनाइनेछ। यसकोलागी अन्तरकृया, विभिन्न छलफल र परामर्श गोष्ठी लगाएत चेतना मुलक कार्याक्रम गर्ने र लक्ष अनुसारको समयसिमा भित्र वढी राजस्व संकलन गर्ने वडा र साखा लाइ पुरस्कार स्वरुप थप योजना गाउँपालिकाले प्रदान गर्नेछ। राज्यको सार्वजनिक सम्पत्ति (ऐलानि) जग्गालाइ संघ र प्रदेश सरकारको कानून संग नवाझिने गरि व्यवस्थित गरि करको दायराना ल्याउनु पर्दछ । स्थानीय सरकारवाट जनताले सेवा सुविधा लिनु र राज्यलाइ जनताले कर वुझाउनु कर्तव्य भएकोले सेवा लिने अधिकार र कर वुझाउने कर्तव्यलाई समान कार्यान्वन गर्नेगरी छलफल परामर्श गर्न **यसक्षेत्रको लागी बजेट रु. १ लाख विनियोजन गरेकोछु।**

४०. **वित्तिय व्यवस्थापन र जोखिम न्युनीकरणः** गाउँसभा वाट लेखा समिति गठन भइसकेको हुनाले कानून बमोजिम आफनो क्षेत्रधिकार भित्ररही समग्र आय व्ययलाइ व्यवस्थित पारदर्शि गरिनेछ। संविधान, स्थानीय सरकार सञ्चालन ऐन, सार्वजनिक खरिद ऐन, गापाको आर्थिक र विनियोजन ऐन तथा वित्तीय व्यसथापनका सवै कानूनहरु जानकारी लिएरमात्र सही कार्यान्वयन गर्न राजनिितिक इच्छाशक्ति र प्रतिबद्धता तथा प्रशासन संयन्त्रको सकारात्मक सक्रिय प्रभावको लागि कर्मचारी र जनप्रतिनिधिहरुलाइ विषयविज्ञवाट अभिमुखी करण र वित्तीय जोखिम न्युनिकरणगर्न अन्तरक्रिया गर्न **यसक्षेत्रको लागी बजेट रु. २ लाख विनियोजन गरेकोछु।**

**गाउँसभाका अध्यक्ष महोदय,**

४१. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणः गाँउपालिक सरकारले समग्र विषयमा सेवा प्रवाहा समयसिमा भित्र प्रदान र प्रभावकारी वनाउदै विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गर्नु पर्दछ। सरकार संचालनको समग्र कार्यप्रणाली सरल पारदर्शी

र उत्तरदायी बनाउदै वडाहरु र गाँउपालिका सरकारबाट निर्माण भएका विकास तथा पूर्वाधार संरचनाहरुको समयमै काम सम्पन्न गर्न र गुणस्तरको सुनिश्चित र प्रभावकारी नियमन गर्न समाजका अगुवाहरु राजनीतिक दल शिक्षक तथा बुद्धिजिवी र नागरिक समाज सञ्चार मिडिया तथा युवा सचेत जुजारु शक्ति र सेवा प्रदायीक तथा सरोकार राख्ने सम्वन्धित पक्षहरुको उपस्थितिमा गापा सरकारले वार्षिक ३ चौमासिक सार्वजनिक सुनुवाइ र सामाजिक परिक्षण गरि सोही कुरा गाउँपालिकाको वेबसाइटमा राखिनेछ।स यसक्षेत्रको लागी बजेट रु. **३ लाख** ५० हजार विनियोजन गरेकोछु।

४२. **आन्तरिक, अन्तिम लेखापरीक्षण तथ बेरुजु फर्छ्यौटः** गाउँ पालिकाले आन्तरिक नियन्त्रण कार्ययोजना लागु गर्दा नेपल सरकार अर्थमन्त्रालय महालेखा नियन्त्रक कार्यालयल र गाउँपालिकाले जारी गरेका आन्तरिक नियन्त्रण प्रणालीको सिद्धान्त, नीति, ढाँचा र कार्यविधिलाई मार्गदर्शनको रुपमा लिनुपर्नेछ।गाउँ कार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको लागि गाउँ पालिकाले आफ्नो र मातहतका कार्यालयहरुको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गर्नेछु। गाउँ कार्यपालिकामा आर्थिक वित्तीय सुशासन प्रभावकारी वनाउन स्थानीय सरकारको लेखा समिति गाउँ सभावाट गठन भइसकेकोछ र आन्त्रिक लेखा परिक्षण लाइ व्यवस्थित प्रभावकारी वनाइ सम्वन्धित पक्ष, कार्मचारी र जनप्रतिनिधिहरुलाइ अभिमुखिकरण र अन्तरकृयात्मक कार्याक्रम **गर्ने गरी यसक्षेत्रको लागी बजेट रु. १ लाख विनियोजन गरेकोछु।**

४३. **सेवा प्रवाहका मापदण्ड निर्धारणः** सेवा प्रवाहको मापदण्ड जानकारीको लागि गाउँपालिका र वडा कार्यालयहरुमा सवैले देख्ने र वुझ्ने गरी बडा नागरिक पत्र राखिएकोछ यसलाइ अझै दिगो र प्रष्कृत गरी समय सपेक्षिक प्रभावकारी वनाइनेछ। सेवा प्रवाह निकायको स्वरुप र प्रकृति, निकायको काम, कर्तव्य र अधिकार, निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणसेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, निर्णय गर्ने प्रकृया र अधिकारी, निर्णय उपर उजुरी सुन्ने अधिकारी सुनिस्चित गरिनेछ। आर्थिक वर्षको कार्यक्रम वा आयोजना सम्वन्धी विवरण वेबसाइट राखी आफ्नो कार्यालयको सूचना नियमित रुपमा प्राप्त गर्ने प्रक्रियालाई व्यवस्थीत **गर्न यसक्षेत्रको लागी बजेट रु. ७ लाख विनियोजन गरेकोछु।**

४४. **सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोगः** सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोगको सन्दर्भमा गँउपालिकाबाट गरिने सबै नीति, ऐन, कानून लगायत सम्मपूर्ण निर्णयहरु नागरिकलाई जानकारी गर्न वेबसाईट, राजपत्र, नागरिक वडापत्र डिजिटल सूचना पार्टीलाई प्रयोगमा ल्याइकोछ यसलाइ अझै प्रभावकारी वनाइनेछ। सूचना प्रविधिको प्रयोगको सन्दर्भमा गाँउपालिका कार्यालय, विषयगत कार्यालय र वडा कार्यालय हुदै क्रमस मा वि हुदै सवै विध्यालय र स्वस्थ्य चौकीहरुमा डिजिटल हाजरी तथा अनलाइन सेवाको प्रयोग र विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्दै डिजिटल उन्मुख गाँउपालिका बनाउने लक्ष लिइएकोछ। तत्काललाइ गाँउपालिका र वडा कार्यालयहरु र मा

वि सहित वडा नमुना विध्यलयहरु स्वस्थ्य चौकीहरुमा पुक्दो ध्यानदिएर **यसक्षेत्रको लागी बजेट रु. २ लाख विनियोजन गरेकोछु।**

४५. **नागरीक सन्तुष्टी सर्वेक्षणः** सानीभेरी गाउँपालिका जनताको स्थानिय सरकारले राज्यको श्रोत साधनलाइ अत्यधिक नागरिक हितमा प्रयोग गर्न र जनशक्ति वाट गरिने सेवाप्रवाहका सम्पुर्ण कामप्रति नागरिकहरुको सन्तुष्टि र असन्तुष्टि केछ यसलाइ संस्थागत वयवस्थापन गर्न आवश्यक संरचना, जनशक्ति र कार्याक्रम तयगरि जनतावाट सुझाप लिएर जनतालाइ प्रभावकारी सेवा दिनेगरी **यसक्षेत्रको लागी बजेट रु. १ लाख विनियोजन गरेकोछु।**

